सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ जेठ २०८१, मंगलबार (14 May 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ३२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सानदार सामुदायिक विद्यालय



नयाँ शैक्षिक सत्रको भर्ना कार्यक्रम सकियो, तर विभिन्न स्थानका उत्कृष्ट सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाको दबाब अझै सकिएन

(विस्तृत पृष्ठ ४)

ट्रम्पलाई अदालतको कठघरामा उभ्याइरहेकी पोर्न स्टार स्टर्मी डेनियल्स



विवाहेतर सम्बन्ध गोप्य राख्न ट्रम्पले डेनियल्सलाई पैसा दिएको आरोपमा अहिले अदालतमा मुद्दा चलिरहेको छ

(विस्तृत पृष्ठ ७)

कर्नर किक

● रवि मिश्र



नीति तथा कार्यक्रममा कांग्रेस लचिलो

संसद्मा आज राष्ट्रपति रामचन्द्र पौडेललाई सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिने, तर सत्तापक्ष सहमतिमा नआए त्यसपछिका प्रक्रियामा कसरी प्रस्तुत हुने भन्नेबारे मंगलबार संसदीय दलको बैठकबाट निर्णय लिने कांग्रेसको तयारी



● **गगन थापा**, महामन्त्री, कांग्रेस

प्रधानमन्त्रीसँगको आइतबारको वार्ताका आधारमा हामी सोमबार साँझसम्ममा केही ठोस निष्कर्षमा पुगिएला भन्नेमा आशावादी थियौं, तर त्यसो भएन । हामी सहमतिकै पक्षमा छौं, उहाँले मंगलबार बिहानसम्म केही पहल गर्नुहोला । भएन भने हामी संसदीय दलको बैठक बसेर कसरी अगाडि बढ्ने भन्ने टुंगोमा पुग्छौं ।

कमलराज भट्ट, केशवप्रसाद पाण्डे

राष्ट्रपति रामचन्द्र पौडेलले आगामी आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम मंगलबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्दै छन् । कार्यक्रम प्रस्तुत गर्न दिन प्रमुख प्रतिपक्षी कांग्रेसले लचकता देखाए पनि त्यसपछिका प्रक्रिया सहज बनाउन सरकारमाथि दबाब कायमै छ । मध्यमार्गी सहमति जुटाएर सदन चलाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पहल थाले पनि सोमबार रातिसम्म ठोस प्रगति भएको छैन ।

संविधानको धारा ९५ बमोजिम राष्ट्रपति पौडेलले सदनमा सरकारको नीति तथा कार्यक्रम पढ्नेछन् । राष्ट्रपतिको बिदाइपछि अर्को बैठकमा प्रधानमन्त्रीले संयुक्त बैठकमा नीति तथा कार्यक्रमको प्रति टेबल गर्ने कार्यसूची छ । दिउँसो ३ बजे संसद् बस्दै छ । सभामा प्रधानमन्त्रीले नीति तथा कार्यक्रम राष्ट्रपतिलाई बुझाउनेछन् । नीति तथा कार्यक्रम वाचन गरिसकेपछि राष्ट्रपतिलाई बिदाइ गरिनेछ । राष्ट्रपतिलाई धन्यवाद प्रतिनिधिसभाको साँझ ६ बजे र राष्ट्रिय सभाको साढे ५ बजे दोस्रो बैठक राखिएको छ ।

राष्ट्रपति पौडेललाई नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिने, तर सत्तापक्ष सहमतिमा नआए त्यसपछिका प्रक्रियाका विषयमा मंगलबार संसदीय दलको बैठकबाट निर्णय लिने कांग्रेसको तयारी छ । संसद् खुलाउन सहमतिको अधिकतम प्रयास गर्ने, धेरै आक्रामक पनि नबन्ने र आफ्नो अडान पनि नछाड्ने कांग्रेसको रणनीति छ । सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति बनाउनुपर्ने माग राख्दै कांग्रेसले सदन अवरुद्ध गर्दै आएको छ ।

महामन्त्री गगन थापाले प्रधानमन्त्री प्रचण्डसँगको आइतबारको छलफल सकारात्मक रहेकाले आफूहरू सहमतिकै नजिक रहेको बताए । यद्यपि, सोमबार सत्तापक्षले थप चासो नदेखाएका कारण शंका यथावत् रहेको उनको

» पृष्ठ ११ मा क्रमशः

■ प्रधानमन्त्री प्रचण्डलाई राष्ट्रपति रामचन्द्र पौडेलको आग्रह



राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग आफूलाई विवादमा नपार्न आग्रह गरेका छन् । 'म कुनै पार्टीको होइन । मैले भन्ने सरकारलाई हो । अरू दलहरूसँग पनि छलफल गर्नुस् र सदन चलाउने वातावरण बनाउनुस्,' स्रोतका अनुसार प्रधानमन्त्रीसँगको टेलिफोन संवादमा पौडेलले भनेका थिए । प्रधानमन्त्री प्रचण्डले वातावरण बनाउन आफू लागिपरेको बताएका थिए । नीति तथा कार्यक्रमको तयारीलगायतका विषयवस्तुबारे जानकारी गराउन प्रधानमन्त्री प्रचण्ड मंगलबार बिहान राष्ट्रपतिलाई भेट्न जाँदै छन् ।

■ सदन चलाउन सहमतिका लागि प्रचण्ड, देउवा र ओलीलाई सभामुखको टेलिफोन





सहमतिमार्फत सदनको गतिरोध हटाउन सभामुख देवराज घिमिरेले प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीसँग टेलिफोन संवाद गरेका छन् । सोमबार बिहान प्रधानमन्त्री, अपराह्न एमाले अध्यक्ष ओली र देउवालाई टेलिफोन गर्दै उनले सरकारको नीति तथा कार्यक्रम, संसद्को तयारी र गतिरोध अन्त्यबारे छलफल गरे । प्रधानमन्त्रीले राजनीतिक सहमतिका लागि प्रमुख प्रतिपक्षी र सत्ताघटक दलहरूसँग छलफल भएको जानकारी गराउँदै निष्कर्षमा पुग्ने प्रयास भइरहेको बताएका थिए । एमाले अध्यक्ष ओलीले यस विषयमा सत्तापक्ष एउटा निष्कर्षमा पुग्ने बताएका थिए ।

■ अर्थतन्त्र सुधारलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम : प्रधानमन्त्री

प्रधानमन्त्री प्रचण्डले सुशासन, समृद्धि, सामाजिक न्याय, रोजगारी र अर्थतन्त्र सुधारलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याउन लागेको बताएका छन् । 'आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटबीच सन्तुलन कायम गरिनेछ,' सोमबार उनले चितवनमा भने, 'कृषिलाई आधार र नवप्रवर्तनलाई केन्द्रित गरेर 'पपुलिस्ट' होइन 'पपुलर' बजेट बन्छ ।' सरकारले उत्पीडित, गरिब, विपन्न, विकट क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याउने तयारी गरिरहेको उल्लेख गर्दै उनले कृषिमा आधारित उद्योगको प्रवर्द्धनमा जोड दिइने बताए ।

■ मध्यमार्गी सहमति जुटाउन प्रधानमन्त्रीको पहल



■ छलफलपछि उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले पत्रकारसँग भने–

आरोप लगाएपछि जवाफ त सुन्न पऱ्यो नि, सुन्दै नसुनी छानबिन समिति बनाइदिन्छु भन्ने हुँदैन । कुरा स्पष्ट पारेपछि के हुन्छ डिसाइड गर्दा हुन्छ ।

शुरोजंग पाण्डे / नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार अपराह्न प्रस्तुत गर्ने नीति तथा कार्यक्रमअगावै संसद्को अवरोध खुलाउने विकल्पमा केन्द्रित रहेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले छलफल थालेका छन् । सोमबार उनले एमाले अध्यक्ष केपी ओली र रास्वपाका अध्यक्ष तथा गृहमन्त्री रवि लामिछानेसँग छलफल गरेका छन् । उनले सोमबार नै राष्ट्रपति पौडेल र कांग्रेस उपसभापति पूर्णबहादुर खड्कासँग पनि टेलिफोन संवाद गरेका छन् । तर, सहमतिको ठोस विकल्प भने तयार भइसकेको छैन ।

ओली र लामिछानेसँगको छलफलमा गृहमन्त्रीकेन्द्रित नभई सहकारी क्षेत्रमा भइरहेको अनियमितताको समग्र छानबिनका लागि संसदीय छानबिन बनाउन सकिने विकल्पमा छलफल भएको प्रधानमन्त्रीनिकट स्रोतले जनाएको छ । समिति बनाउनुअघि गृहमन्त्री रवि लामिछानेले आरोपबारे संसद्बाट प्रस्टीकरण दिएपछि कांग्रेस संसद् खुलाउन तयार हुनुपर्ने प्रधानमन्त्रीसहित शीर्ष नेताहरूको निष्कर्ष छ ।

कांग्रेसले सहकारी क्षेत्रमा भएको अनियमितताको प्रसंगमा गृहमन्त्री लामिछानेलाई बदनाम गराएर अहिलेको समीकरण कमजोर बनाउन खोजेको सत्तागठबन्धनका शीर्ष नेताहरूको बुझाइ छ । प्रस्टीकरणपछि मात्र छानबिन समिति बनाउन सकिने उनीहरूको भनाइ छ । राष्ट्रपतिलाई नीति तथा कार्यक्रम प्रस्तुत गर्न नदिए कांग्रेस नै बदनाम हुने भएकाले अहिलेसम्मको अडानबाट पछि हट्नुको औचित्य नभएको उनीहरूको निष्कर्ष छ । छलफलमा प्रधानमन्त्री प्रचण्डले कांग्रेससँग भएको पछिल्लो संवाद, नीति तथा कार्यक्रमको तयारीबारे 'ब्रिफिङ' गरेका थिए ।

छलफलपछि गृहमन्त्री लामिछानेले सार्वभौम संसद्मा आफूमाथि कांग्रेसले लगाउँदै आएको आरोपको प्रस्टीकरणपछि मात्र उसको मागका विषय सम्बोधन गर्न सकिने विषयमै केन्द्रित रहेर छलफल भएको बताए । 'उहाँहरूले निरन्तर आरोप लगाइसकेपछि उठेका प्रश्नबारे सार्वभौम संसद्मा मैले एकपटक जवाफ दिन पाउनुपर्छ । यो मेरो अधिकार भएकाले कसैले खोसेर खोसिने कुरा होइन । त्यसपछि मात्र अरू कुराकानी गर्न सकिन्छ,' लामिछानेले सञ्चारकर्मीहरूसँग भने, 'हात बाँधेर बोल्न पनि नदिने, छिर्न पनि नदिने अनि किन डराएको भन्ने ? हात, खुट्टा, मुख खोलेर हेर्नुस् अनि थाहा हुन्छ । लामो लोकतान्त्रिक अभ्यास गरेको दलले कुरा सुन्न डराउनुपर्छ ?'

आफूमाथि लागेको आरोपको जवाफ दिन नपाएसम्म छानबिन समिति बनाउने कुरा सरकार र सत्तापक्षलाई स्वीकार्य नभएको पनि लामिछानेले प्रस्ट्याए । 'आरोप लगाएपछि जवाफ त सुन्न पऱ्यो नि, सुन्दै नसुनी छानबिन समिति बनाइदिन्छु भन्ने हुँदैन । कुरा स्पष्ट पारेपछि के हुन्छ डिसाइड गर्दा हुन्छ,' उनले भने, 'देशको नीति तथा कार्यक्रम नआउने, राष्ट्रपतिले आह्वान गरेको एक दिनसमेत प्रतीक्षा गर्न नसक्ने यस्तो अलोकतान्त्रिक अभ्यास राम्रो हुन सक्दैन ।'

लामिछानेले आफूले सहकारीको रकम हिनामिना गरेको प्रमाण जहाँ दिए पनि स्वीकार्य हुने भन्दै चुनौती दिँदै आएको पनि बताए । 'मैले, प्रमाण जहाँ दिए नि हुन्छ, बाटोमा राख्दिए नि घरमा राख्दिए नि हुन्छ भनेको छु,' उनले भने ।



■ सरकारमा हेरफेर

उपेन्द्र बाहिरिए, अशोक भित्रिए

नयाँ पत्रिका





नवनियुक्त स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादव र वन तथा वातावरण राज्यमन्त्री हसिना खान ।

सत्तारूढ दल एमाले र माओवादीको दबाबपछि उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल ६५ दिनमै सरकारबाट बाहिरिएको छ भने अशोक राई नेतृत्वको जसपा सरकारमा सहभागी भएको छ । केही दिनअघि यादव नेतृत्वको जसपा नेपालबाट अलग भई राईले आफ्नो नेतृत्वमा पार्टी बनाएका थिए ।

गत २७ फागुनमा उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री नियुक्त भएका यादवले सोमबार पदबाट राजीनामा दिएका छन् । उनीसँगै जसपा नेपालबाट वन तथा वातावरण राज्यमन्त्री बनेका दीपक कार्कीले पनि राजीनामा बुझाएका छन् । पार्टी विभाजनपछि नयाँ पार्टी जसपामा लागेका वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडी भने सरकारमै छन् ।

१२ सांसद रहेको जसपा नेपाल विभाजित भएर सांसद राईको नेतृत्वमा सात सांसदले नयाँ पार्टी गठन गरेका थिए । राई नेतृत्वको जसपा निर्वाचन आयोगमा दर्ता भइसकेको छ । राई संसदीय दलको नेता र सुडी उपनेता चयन भइसकेका छन् ।

यादव सरकारबाट बाहिरिएपछि जसपाका सांसद प्रदीप यादव स्वास्थ्य तथा जनसंख्यामन्त्री बनेका छन् । उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार


» पृष्ठ ११ मा क्रमशः



बर्खामा देशभर धेरै वर्षाको प्रक्षेपण

■ असार-साउनमा औसतभन्दा कम पानी पर्ने, त्यसपछि धेरै पानी पर्ने मौसम विभागको आकलन

यसपटक तापक्रम पनि बढ्ने नै हुने



यम बम / नयाँ पत्रिका

यो बर्खामा देशभर समग्रमा धेरै पानी पर्ने प्रक्षेपण जल तथा मौसम विज्ञान विभागले गरेको छ । अघिल्लो वर्ष बर्खामा औसतभन्दा कम पानी परेको थियो ।

यसपटक भने मध्यनेपालमा कास्की, स्याङ्जा, लमजुङ, मनाङ, मुस्ताङको दक्षिणी भेग, म्याग्दी र बागलुङको पूर्वी क्षेत्र, गुल्मीको पूर्वी-उत्तरी तथा तनहुँ र गोरखाको पश्चिम र उत्तरी भेगमा धेरै पानी पर्ने सम्भावना छ । त्यस्तै, पूर्वी नेपालमा सप्तरी, सिराहाको आधाभन्दा धेरै भाग, सर्लाही, महोत्तरी र धनुषाको दक्षिणी क्षेत्र, सुनसरीको पश्चिमी र उदयपुरको दक्षिणी क्षेत्रमा धेरै वर्षाको आकलन गरिएको छ ।

» पृष्ठ ११ मा क्रमशः



● **सुदर्शन हुमागाईं**
मौसमविद्, जल तथा मौसम विज्ञान विभाग

यसपटक देशभर औसतभन्दा धेरै वर्षा हुने देखिएको छ । सुरुका दुई महिनामा अलि कम पानी पर्ने देखिन्छ । मनसुनको उत्तरार्धमा पानी धेरै पर्छ । यसपटक पनि विषम मौसमी घटनाको सम्भावना छ । छोटो समयमा धेरै पानी पर्ने र धेरै दिनसम्म सुक्खा हुने प्रवृत्ति देखिन सक्छ ।

सेवाग्राहीमाथि हातपात गर्ने चारजना कर संकलक पक्राउ



फाइल तस्बिर

ललितपुर / ललितपुर महानगरपालिकामा भित्रिने र बाहिरिने ढुवानीका सवारीसाधनबाट कर संकलनका क्रममा हातपात गर्ने चारजनालाई ललितपुर प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर जावलाखेलको टोलीले कर संकलनको ठेक्का पाएको इन्द्रेणी हार्डवेयर एन्ड सेनेटरी वेयर प्रालिका चार प्रतिनिधिलाई सोमबार पक्राउ गरेको हो।

पक्राउ गरिएमध्ये चारैजनालाई म्याद थप गरी परिसरको हिरासत कक्षमा राखिएको परिसरले जनाएको छ। पक्राउ पर्नेहरूमा इन्द्रेणी हार्डवेयर एन्ड सेनेटरी वेयर प्रालिमा सञ्चालक रोशन चौधरी, गुमानविक्रम खत्री, श्याम ठकुरी र प्रकाश बस्नेत छन्। उनीहरूले चोटपटक लाग्ने गरी कुटपिट गरेको प्रहरीले जनाएको छ। महानगरपालिकाले गत २ फागुनदेखि लागू हुने गरी इन्द्रेणी हार्डवेयर एन्ड सेनेटरी वेयर प्रालिसँग वार्षिक १० करोड १८ लाखमा ठेक्का सम्झौता गरेको थियो। असार ०८२ सम्मका लागि ललितपुर महानगरपालिकाभित्र छिर्ने र बाहिरिने सवारीसाधनबाट कर उठाउन महानगरले सम्झौता गरेको छ। तर, सेवाग्राहीले सामान्य सामान ढुवानी गर्दा पनि कर तिर्नुपरेको भन्दै विरोध गर्दै आइरहेका छन्।

यसअघि ललितपुर महानगरपालिकाले पनि उक्त कम्पनीले साम्झौताविपरीत कर संकलन गरिरहेको पाएको भन्दै सम्झौता रद्दको तयारी गरेको जनाएको थियो।

उमेर २४ वर्ष, बैंक खाता ५६, अवैध कारोबार दुई अर्ब



● **एसएसपी सानुराम भट्टराई**, प्रमुख, अपराध अनुसन्धान कार्यालय

अनुसन्धानबाट आरोपी युवकले विभिन्न खाता र वालेटमार्फत दुई अर्ब एक करोड १८ लाखबराबरको अवैध आर्थिक कारोबार गरेको देखिन्छ। उनी क्रिप्टोकरेन्सीको अवैध कारोबार गर्ने मुख्य एजेन्ट भएको पनि खुलेको छ।

नयाँ पत्रिका

एक २४ वर्षीय युवकले गरेको आर्थिक अपराधबाट अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी नै चकित भएका छन्। काभ्रेपलाञ्चोक मण्डनदेउपुर नगरपालिका-८ घर भई भक्तपुर सूर्यविनायक बस्ने अनिल ढुंगानाले पछिल्लो दुई वर्षमा दुई अर्बभन्दा धेरै रकम अवैध रूपमा कारोबार गरेका छन्।

त्यसका लागि उनले ५६ वटा बैंक खाता, ११ वटा कनेक्ट आइपिएस तथा १५ वटा इसेवा वालेट अकाउन्ट प्रयोग गरेका थिए। ढुंगानालाई पक्राउ गरी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले विस्तृत अनुसन्धान अघि बढाएको छ। अनलाइन बेटिङको प्रमुख एजेन्टका रूपमा काम गरेका ढुंगानाले यसरी विभिन्न व्यक्तिका नाममा खाता खोलेर कारोबार गरेका हुन्। उनले एक अर्ब ३४ करोड ५२ लाख रुपैयाँको


आरोपी अनिल ढुंगाना

बाइनान्स एपमार्फत क्रिप्टोकरेन्सीको मात्र कारोबार गरेका थिए।

उनले विभिन्न खेलकुदमा बेटिङ पनि लगाउँदै आएका थिए। वानएक्सबेटमार्फत उनले दुई वर्षदेखि सट्टेबाजी धन्दा चलाउँदै आएको अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सानुराम भट्टराईले बताए। 'हालसम्मको अनुसन्धानमा उनले विभिन्न खाता र वालेटमार्फत दुई अर्ब एक करोड १८ लाखबराबरको अवैध आर्थिक कारोबार गरेको देखिन्छ,' उनले भने, 'उनी क्रिप्टोकरेन्सीको पनि अवैध कारोबार गर्ने मुख्य एजेन्ट भएको खुलेको छ।' इसेवा वालेटमा मात्र उनले पाँच करोड रुपैयाँबराबरको कारोबार गरेका छन्। जुन सट्टेबाजीको लेनदेन भएको हुन सक्ने प्रहरी आशंका छ। एउटै खाताबाट धेरै कारोबार गर्दा शंका हुने भएकाले उनले यसरी धेरै बैंक खाता र वालेट प्रयोग गरेको हुन सक्ने प्रहरीले जनाएको छ। अवैध कारोबारमा बैंक खाता खोलेर उनलाई सघाउनेहरूमाथि समेत अनुसन्धान गर्न प्रहरी तयारी छ। साथै, उनीसँग मिलेर अवैध बेटिङ लगाउने गिरोहमाथि समेत छानबिन गरिने अपराध अनुसन्धान कार्यालयले जनाएको छ। अपराध कर्मबाट उनले कमाएको सम्पत्तिका बारेमा समेत प्रहरीले छानबिन अघि बढाएको छ। यसमा गिरोह नै रहेको प्रहरीको आशंका छ।

उनले सामाजिक सञ्जालमा जुवा ३६५ नामक पेजसमेत सञ्चालन गरी अनलाइन बेटिङको प्रचार गरी कारोबार फैलाएका थिए। प्रहरीले सट्टेबाजी गराउन प्रयोग भएका ६ वटा मोबाइल र ३८ वटा सिमकार्ड बरामद गरेको छ। उनीसँग क्रिप्टो वालेटसमेत रहेको एसएसपी भट्टराईले बताए। उनीसँग भारतीय आधार कार्डसमेत भेटिएको छ। भारतीय प्यानकार्डसमेत भेटिएकाले उनको भारतमा समेत कारोबार भएको हुन सक्ने प्रहरीको आशंका छ।

भक्तपुरबाट पक्राउ परेका ढुंगानामाथि थप अनुसन्धान र कारबाही जिल्ला प्रहरी परिसर, भक्तपुरले गर्ने भएको छ।

तपसीलमा उल्लेखित क्रेडिट कार्ड ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति : २०८१/०२/०१ गते

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको विभिन्न शाखा कार्यालयबाट उपभोग गर्नु भएको क्रेडिट कार्ड कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज, लगायतका रकमहरु नतिरी, नवुझाई क्रेडिट कार्ड ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले क्रेडिट कार्ड ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको क्रेडिट कार्ड ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज आदि) नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकको नियम, प्रचलित कानून तथा ऋणी र बैंक बीच भएको लिखितको शर्त अनुसार ऋणीहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने र बैंकको सम्पूर्ण लेना रकम असुलीको लागि अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं।

तपसिल

क्र.स.	ऋणीको नाम	बाबुको नाम	बाजे/पतिको नाम	नागरिकता नं.	जारी मिति	जन्म मिति	जारी जिल्ला	ठेगाना	शाखा कार्यालय
१	रमेश पौडेल	दुर्गा दत्त पौडेल	गगां धर पौडेल	५११००१३४५	२०६६/०६/२७	२०५०/०५/१२	पर्वत	कुश्मा न.पा. वडा नं. १४	बगर
२	बिनय कुमार राय	चमरु राय	झदु राय	०५३००२/०८३	२०६३/११/२५	२०४७/०७/२०	मोरङ्ग	अमाहि बरियाती वडा नं. ४, मोरङ्ग	बिराटनगर
३	पंकज कुमार शाह	जय प्रकाश शाह तेली	रौडी शाह तेली	०५१०६६/६३४०	२०६७/१२/१४	२०५१/०७/१६	मोरङ्ग	बिराटनगर वडा नं. २१, मोरङ्ग	बिराटनगर
४	बसन्त कुमार सुवरणकार	खगेन्द्र सुवरणकार	रुप सिह सुवरणकार	१७५१७	२०५०/१०/१०	२०२४/०७/०५	कैलाली	टिकापुर वडा नं. ९, कैलाली	विरेन्द्रनगर, सुर्खेत
५	नरेन्द्र शाही	चक बहादुर शाही	युगय रुप शाही	६३२०४९/७६	२०६५/११/०२	२०३३/०९/०८	दैलेख	बिशाला वडा नं. ३, दैलेख	विरेन्द्रनगर, सुर्खेत
६	मेघराज पासवान	रामशरण हजरा	श्रीप्रसाद हजरा	३३१०४०/१४३९३	२०६६/०४/१४	२०४९/०१/०९	बारा	पिपरपाति पचरौटा, बारा	बीरगंज
७	सन्दिप सत्याल	बाबुलाल प्रसाद साह	लक्ष्मी प्रसाद साह	१४१९	२०५०/०२/०३	२०३३/०५/०५	रौतहट	गौर वडा नं. २, रौतहट	बीरगंज
८	अमरपाल झा	नरेश झा	दुखहरन झा	०६३६३५४६	२०६२/०९/१४	२०४४/०८/०३	सर्लाही	बलरा वडा नं. १, सर्लाही	बीरगंज
९	संजय कुमार स्वर्णकार	विश्वनाथ प्रसाद सर्राफ		९३४८	२०५५/०५/०९	२०३५/१०/२२	बारा	बरियारपुर वडा नं. ७, बारा	बीरगंज
१०	सन्तोष कुमार स्वर्णकार	विश्वनाथ प्रसाद सर्राफ		४२२३/२९१८	२०६३/०१/२५	२०३६/१०/०५	बारा	बरियारपुर वडा नं. ७, बारा	बीरगंज
११	दिपा कुमारी अग्रवाल	गोविन्द प्रसाद अग्रवाल	मखनलाल अग्रवाल	१६०३२३९४३	२०५४/०९/१०	२०३४/०७/१०	पर्सा	बीरगंज वडा नं. ८, पर्सा	बीरगंज
१२	रामबाबु मिश्रा	सत्यनारायण मिश्रा	रघुविर मिश्रा	७७३३१९०२	२०४५/०१/२२	२०२६/०४/१४	सर्लाही	रामनगरबहुअर्वा वडा नं. १, सर्लाही	बीरगंज
१३	रविन्द्र कुमार साह	रामानन्द प्रसाद तुराहा	रामबचन साह	७०५६३९३१	२०६२/०२/२५	२०४२/०७/०३	पर्सा	अलौ वडा नं. ३, पर्सा	बीरगंज
१४	बिकेश प्रसाद यादव	परशुराम राउत अहिर	देवनन्दन राउत अहिर	३४/०१/७१/०३७३४	२०७१/०४/२९	२०५०/०५/०५	पर्सा	पर्सागढी न.पा. वडा नं. ६, पर्सा	बीरगंज
१५	फिरोज अंसारी	हलिम मिया	आसमहद मिया	३४/०१/७१/०२०३४	२०७१/०२/२९	२०५३/१०/२०	पर्सा	बीरगंज वडा नं. १७, पर्सा	बीरगंज
१६	धिरेन्द्र प्रसाद यादव	मुन्सी यादव	सुखल यादव	७१०/२४४३/२३२१	२०५०/०८/२८	२०३३/०५/२५	बारा	भौडाहा वडा नं. ८, बारा	बीरगंज
१७	सुमित गोयल	रामऔतार गोयल	नौरंग राम गोयल	३४३०२२/१३/३६७	२०६३/१२/२४	२०४५/०२/१३	पर्सा	बीरगंज वडा नं. १३, पर्सा	बीरगंज
१८	खेमराज न्यौपाने	हरि प्रसाद न्यौपाने	मनोरथ न्यौपाने	०२/१४४७६/६	२०५५/०९/२९	२०३८/०२/११	पाँचथर	अमरपुर वडा नं. ४, पाँचथर	बिर्तामोड
१९	सरोज न्यौपाने	देवी बहादुर न्यौपाने	काली बहादुर न्यौपाने	२०३०८	२०६२/०१/२१	२०४३/०९/२७	मोरङ्ग	राजघाट वडा नं. २, झापा	बिर्तामोड
२०	किरण राजवंशी	विमल राजवंशी	कुन्जमान राजवंशी	०४३०११/३६७	२०६३/१२/१८	२०४५/०३/२८	झापा	अर्जुनधारा वडा नं. ७, झापा	बिर्तामोड
२१	अश्विन देउजा	टेक बहादुर देउजा	मेहरमान देउजा	०४१०२१/५१५	२०६७/०७/२३	२०४९/०४/०९	झापा	बाह्रदशी वडा नं. ५, झापा	बिर्तामोड
२२	सुरेश घिमिरे	दाहाल नाथ घिमिरे	भक्तिविलास घिमिरे	०६-०१-७०-०९१९७	२०७०/०९/१२	२०५०/०५/२६	सुनसरी	इटहरी वडा नं. २, झापा	बिर्तामोड
२३	विनय श्रेष्ठ	शेर बहादुर श्रेष्ठ	शुक्र बहादुर श्रेष्ठ	०४३०४३/१२९	२०६३/१०/२८	२०४७/०२/११	झापा	लखनपुर वडा नं. १, झापा	बिर्तामोड
२४	रोषन ओली	कपिलमणि ओली	गोपीकृष्ण आली	०४२०४६/२२२	२०६५/०४/३०	२०४६/०२/०८	झापा	महारानीझोडा वडा नं. ७, झापा	दमक
२५	राजन प्रसाई	केदार प्रसाद प्रसाईं	डिल्लीराम प्रसाइ	०४१०१७/९१	२०६४/०९/१७	२०४४/०३/०२	झापा	डाँगीबारी वडा नं. २, झापा	दमक
२६	राजेश कुमार शाह	रामानन्द शाह	बांगतु शाह	०४०३०४४/१८१८	२०६३/११/२६	२०३७/१०/१८	झापा	दमक वडा नं. १४, झापा	दमक
२७	दिपेन्द्र विश्वकर्मा	ज्ञान बहादुर विश्कर्मा	दशरथ विश्वकर्मा	१७१०९८/२३८	२०६८/०३/०७	२०५१/११/२५	धनुषा	तुलसी -३, धनुषा	धरान
२८	निर बहादुर पुन	टेक बहादुर पुन	खड्ग बहादुर पुन	१३	२०३९/०४/०५	२०२२/०४/२२	तनहुँ	दुलेगौडा वडा नं. ७, तनहुँ	दुलेगौडा
२९	सुरज रामजाली	टेक बहादुर रामजाली	याम बहादुर रामजाली	४३१०३७/१२३१७१	२०६६/१२/२६	२०५०/०२/२१	तनहुँ	दुलेगौडा वडा नं. ७, तनहुँ	दुलेगौडा
३०	सुशान्त सिंह	नेम कुमार महतो	राजेन्द्र महतो	१५३०६९-४६	२०७०/०२/१४	२०५४/०२/०७	सिराहा	चन्द्रलालपुर वडा नं. १, सिराहा	दुलेगौडा
३१	प्रकाश चन्द्र सुवेदी	मुक्तीनाथ सुवेदी	देवी प्रसाद सुवेदी	६१२५	२०४८/०६/१७	२०३२/०२/१४	तनहुँ	भिमाद वडा नं. १, तनहुँ	दरबारमार्ग
३२	धिरज साह	पशुपति साह	नारायण हलुवाई	१५-१-७३-०३२८२	२०७३/०४/०३	२०५६/०८/२१	सिराहा	सिरहा वडा नं. ३, सिरहा (हाल गोबजार वडा नं. ४, सिरहा)	गोलबजार
३३	पशुपति साह	नारायण हलुवाई	सबुन्च साह	२३/९८/४६९	२०४८/०७/२४	२०३१/०८/१६	सिराहा	मखनाहा वडा नं. ३, सिरहा (हाल गोबजार वडा नं. ४, सिरहा)	गोलबजार
३४	महिपाल पासवान	सरुपलाल पासवान	जयकान्त पासवान	७/१७६९	२०६२/०८/२६	२०४१/०१/१४	मोरङ्ग	भाथिगछ वडा नं. ५, मोरङ्ग	गोलबजार
३५	जनक राना मगर	मुगाधन राना मगर	दल बहादुर राना मगर	३०११/९५७	२०५८/०६/२१	२०३८/०८/१५	खोटाड	खोटाड जिल्ला च्यानडाँडा गा.वि.स वडा ३	इटहरी
३६	मिथिलेश कुमार महतो	जिवछ महतो	बिष्णु महतो	६१५५५०६१/३८	२०६२/१०/०५	२०४१/०७/१५	महोत्तरी	मटिहानी, महोत्तरी	जनकपुर
३७	रितीराज शर्मा बन्जाडे	विजय कुमार लामा तामाड	दिल लामा	०४१०१५/१४१८	२०६७/०५/२५	२०४०/०३/१७	झापा	भद्रपुर न.पा १३, झापा	काँकरभिट्टा
३८	प्रकाश लिम्बु	जुध्दे लिम्बु	अशोक बहादुर लिम्बु	०४३००३/३८९०	२०६३/१२/२५	२०४६/०३/०१	झापा	मे.न.पा. वडा नं. १०, झापा (हाल मे.न.पा. वडा नं. ६, झापा)	काँकरभिट्टा
३९	जगत बहादुर धामी	भज्जने धामी	बाजीर सिंह धामी	६९-०१-७०-०१३५४	२०७०/०४/०७	२०५२/०२/२७	अछाम	बिनायक-०२, अछाम	खुसिबु
४०	निरन्जन रोकया	केशव रोकया	आइते रोकया	७०-०१-७७-००००१	२०७७/०३/०२	२०५८/०१/०१	बाजुरा	गौमुल-०४, बाजुरा	खुसिबु
४१	सुभाष कुमार दास	राम करण दास	बिरदेव दास	१५१०८२/१५९१३	२०६६/०५/११	२०४५/०४/१०	सिराहा	लक्ष्मीनिया कुशहा गा.वि.स. वडा नं. ४, सिरहा हाल लहान ना.पा. वडा नं. ११, सिरहा	लाहान
४२	जिवछ प्रसाद यादव	सत्येलाल यादव	लखन यादव	१५१०४०/७५४	२०६६/०९/०१	२०४७/०२/०३	सिराहा	नवराजपुर गा.पा. वडा नं. ४, सिरहा	लाहान
४३	श्रीचन्द्र अधिकारी	पुष्पराज अधिकारी	मनोरथ अधिकारी	४६/१२७९२४	२०५९/०४/२१	२०२७/०३/२९	कास्की	पोखरा वडा नं. २६, शिलिगे, कास्की	लामाचौर
४४	सृष्टी पछाई	भक्त बहादुर पछाइ क्षेत्री	गोविन्द बहादुर पछाइ	३७१००९/३०७८३	२०६८/०३/२७	२०५१/१०/२९	रुपन्देही	धकधइ वडा नं. ८, रुपन्देही	लुम्बिनी
४५	राम बहादुर रानाभाट	सुरवीर रानाभाट	बसन्त बहादुर रानाभाट	१२८०४१	२०५९/०४/२६	२०४१/०४/२७	कास्की	पोखरा लेखनाथ म.न.पा. वडा नं. ३१, कास्की	न्यूरोड, पोखरा
४६	संजोग काफ्ले	मित्र बन्धु काफ्ले	घनश्याम काफले	४२-०१-६९-०२८३८	२०६९/१०/०२	२०५३/०३/१७	स्याङजा	भिरकोट वडा नं. ३, स्याङजा	न्यूरोड, पोखरा
४७	सुजित कुमार साह	राम भरोस साह	सत्य देव साह	१११४	२०५६/०८/१५	२०३८/०५/१०	सिराहा	सितापुर गा.वि.स. वडा नं. ८, सिराहा	मिर्चैया
४८	पशुपति नाथ प्र साह	श्री भगवान साह	ईश्वर प्रसाद साह	२७६५५	२०५८/०४/०४	२०३९/०७/२४	सिराहा	रामनगर मिर्चैया गा.वि.स. वडा नं. ३, सिराहा	मिर्चैया
४९	बिनोद कुमार नायक	राम लखन नायक	श्री लाल नायक	४९	२०४९/०८/०४	२०२६/०८/०२	सिराहा	गौताडी गा.वि.स. वडा नं. १, सिराहा	मिर्चैया
५०	ज्ञान कुमार साह	अवधी साह सुडी	चुवालाल साह	६४४	२०५८/११/२३	२०४१/०४/१०	सिराहा	मलहनिया खोरी गा.वि.स. वडा नं. ८, सिराहा	मिर्चैया
५१	सुभाष घिमिरे	सोमनाथ घिमिरे	टीकाराम घिमिरे	३५१०२०/४६५	२०६७/०४/३१	२०५१/०४/२५	चितवन	रत्ननगर वडा नं. ९, चितवन	नक्साल
५२	राजेन्द्र बिके	पिरु बिके	धोजबीर बिके	७१०१३/३७३	२०७०/०३/२६	२०५२/१०/१०	बर्धाङ्ग	रिठापाटा वडा नं. २, बर्धाङ्ग	नक्साल
५३	बिनोध चौधरी	वासु थारु	दशुवा थारु	६५२०२२/५०८	२०६७/०१/०५	२०४८/०२/२३	बर्दिया	राजापुर वडा नं. ४, बर्दिया	नक्साल
५४	बाबुराम पौडेल	भिम लाल पौडेल	हुताराम पौडेल	३०८५/१०६	२०५१/१२/१२	२०३३/०४/१२	अर्घाखाचीं	ठुलापोखरी वडा नं. ७ ,अर्घाखाची	नयाँ बानेश्वर
५५	दिपेन्द्र श्रेष्ठ	त्रीभुवन श्रेष्ठ	विष्णु नाथ श्रेष्ठ	५६५८/३७५८	२०४७/०८/०६	२०२९/०३/१५	काठमाण्डौं	काठमाण्डौं वडा नं. २४, काठमाण्डौं	न्यूरोड
५६	चिन्टु राय	टिके राय	भौच राय	३२३०७२-३६७	२०६३/११/२७	२०४५/०५/०१	रौतहट	महमदपुर वडा नं. ८, रौतहट	निजगढ
५७	संतोष खनाल	उद्धव खनाल	जोग प्रसाद खनाल	१६०३३३२९२	२०६५/१२/२६	२०४२/११/०५	पर्सा	बीरगंज वडा नं. १३, पर्सा	निजगढ
५८	पुष्पा कुमारी	राम रतन चौधरी	देवेन्द कुमार चौधरी	३२-०१-७१-०१९८२	२०७१/०३/३२	२०५४/०७/११	रौतहट	पोठीयाही वडा नं. ५, रौतहट	निजगढ
५९	अन्जन शर्मा	घनश्याम शर्मा	होमनाथ शर्मा	४२१०६२/१४९५४	२०६५/०६/१९	२०४८/०७/१३	स्याङजा	पुतलीबजार न.पा. वडा नं. ८, स्याङजा	पेप्सीकोला
६०	दिपक खतिवडा	श्री प्रसाद खतिवडा	हरिलाल खतिवडा	०४१००२/५९२	२०६६/०१/१७	२०४७/०८/११	झापा	शान्तीनगर वडा नं. १, झापा	फिदिम
६१	अनिश थापा	कान्छा थापा	हित बहादुर थापा	२८/०१/७२/०४५६०	२०७२/०९/१२	२०५५/०७/०५	ललितपुर	ललितपुर उ.म.न.पा. वडा नं. ३, ललितपुर	पुल्चोक
६२	धिरेन्द्र कुमार यादव	रुन्देव यादव	नेवी यादव	४५५९	२०५६/०४/१०	२०३९/०४/१०	सप्तरी	नेगडा बाड नं. ३, सप्तरी	राजबिराज
६३	भानु भक्त निरौला	टेकनाथ निरौला	रामलाल निरौला	७०७१/३५३	२०६२/०९/११	२०४६/०९/०३	सोलुखुम्बु	सल्यान वडा नं. ८, सोलुखुम्बु	सल्लेरी
६४	रोजिना जिम्वा लामा	सानु जिम्वा लामा	सतल सह जिम्वा लामा	१५/११५३०	२०६०/१०/२५	२०४४/०६/२३	मकवानपुर	थाहा वडा नं. ९, मकवानपुर	सतुङ्गल
६५	निश्चल भुसाल	श्यामजी भुसाल	सिवाजी भुसाल	३८१०६९-३५२३६	२०७०/०३/२४	२०५३/१०/२८	कपिलवस्तु	कृष्णनगर वडा नं. १ कपिलवस्त (हाल : बुद्धभुमी न.पा. वडा नं. २, गोरुसिङ्गे, कपिलवस्तु)	तौलिहवा
६६	सन्दीप कुमार गुप्ता	गणेश कुमार गुप्ता	शिव कुमार गुप्ता	२३१३३	२०५६/०२/१६	२०३७/१२/१३	कपिलवस्तु	कपिलवस्तु न.पा. वडा नं. २, गौडिटोल, कपिलवस्तु	तौलिहवा
६७	दिपक नेपाल	बलभद्र नेपाल	हन बिर नेपाल	२२६/१०१६	२०५९/०४/२७	२०३९/०३/०६	पाँचथर	धरान वडा नं. १५, सुनसरी	धरान
६८	बिजय विश्वकर्मा	डिक बहादुर विश्वकर्मा	मनबिर विश्वकर्मा	०६-०२-७३-०००२२	२०७३/०१/०६	२०५५/०६/१५	सुनसरी	धरान वडा नं. ८, सुनसरी	धरान
६९	दिनेश श्रेष्ठ	बलराम प्रसाद श्रेष्ठ	दिल्ली लाल श्रेष्ठ	१३६७/००९३	२०४३/०५/३०	२०२५/०८/०५	बारा	कलैया वडा नं. ४, बारा	बीरगंज
७०	देवानन्द कुमार साफी	कैलु साफी	निरज साफी	१५१०९०/१७००३	२०६६/०६/१९	२०४७/०५/२९	सिरहा	सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ३	मिर्चैया
७१	सुरेन्द्र प्रसाद कलवार	प्रसाद साह कलवार	राम सेवक चौधरी	७७५/२०५५	२०४५/०१/२६	२०२६/११	बारा	गंजभवानीपुर -६, बारा	निजगढ

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

संक्षेपमा उपत्यका

पुतलीसडक : काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) कान्स फिल्म फेस्टिभलमा सहभागी हुन फ्रान्स गएका छन्। उनी दुईजना सल्लाहकारसहित आज (मंगलबार) बिहान दुई बजे त्रिभुवन विमानस्थलबाट फ्रान्स प्रस्थान गरेका हुन्। व्यवस्थापन सल्लाहकार कुमार व्यञ्जनकार र पूर्वाधार सल्लाहकार सुनील लम्साल मेयर बालेनसँगै फ्रान्स गएको मेयरका स्वकीय सचिव भूपदेव साहले जानकारी दिए। उनका अनुसार मेयर साहलाई कान्सका मेयर डेभिड लिसनार्डले निमन्त्रण गरेका थिए। सोहीअनुसार उनी फेस्टिबलमा सहभागी हुन गएको मेयरको सचिवालयले जनाएको छ। सचिवालयका अनुसार मेयर साह फ्रान्समा तीन दिन रहनेछन्।

चाबहिल : टर्कीस्थित युएन मिसन कार्यालयमा रोजगारी दिलाउने भन्दै चार करोड ठगी गरेको आरोपमा प्रहरीले पोखरा महानगरपालिका-५ का ४२ वर्षीय विनोद श्रेष्ठलाई सोमबार चाबहिलबाट पक्राउ गरी सार्वजनिक गरेको छ। उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईका अनुसार टर्कीको युएन मिसन कार्यालयमा वर्क परमिटमै कामदार पठाउने, त्यहाँ गएपछि आकर्षक तलब हुने प्रलोभनमा पारी मीनबहादुर कार्कीलगायत एक सय २४ जना व्यक्तिबाट चार करोड ३४ लाख उठाएपश्चात् श्रेष्ठ सम्पर्कविहीन भएको उजुरी परेको थियो। श्रेष्ठले चुच्चेपाटीस्थित जमघट रेस्टुरेन्टमा पीडितहरूसँग सुरुमा ५० हजार र भारतमा लगेर प्रतिव्यक्ति तीन लाख लिएको अनुसन्धानबाट खुलेको कार्यालयले जनाएको छ। श्रेष्ठलाई काठमाडौं महानगरपालिका-७, चाबहिलबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीको भनाइ छ।

केएमसी अस्पतालले मिर्गौला प्रत्यारोपण सेवा सुरु गर्ने



नयाँ पत्रिका

काठमाडौं सिनामंगलस्थित मेडिकल कलेज (केएमसी)ले मिर्गौला प्रत्यारोपण सेवा सुरु गर्ने भएको छ। अस्पतालका अनुसार जेठ अन्तिम सातासम्म मिर्गौला प्रत्यारोपण गर्ने गरी तयारी अघि बढाएको हो।

सिनियर डाक्टर विजयमान सिंह र डा. सुरेश महर्जनको नेतृत्वमा अस्पतालले मिर्गौला प्रत्यारोपण सेवा सुरु गर्न लागेको हो। अस्पतालका प्रबन्धक नाराणप्रसाद दाहालका अनुसार अन्य अस्पतालको तुलनामा यहाँ सस्तोमा सेवा प्रवाह गर्न लागिएको हो। 'अन्य अस्पतालको तुलनामा सस्तोमा प्रत्यारोपण गर्दै छौं,' उनले भने, 'अनुभवी र खारिएको चिकित्सकले भरपर्दो सेवा दिनुहुन्छ, बिरामीले सरकारी अस्पतालमा भन्दा पनि सस्तोमा सेवा पाउनुहुन्छ।' कुल ६ लाख ५५ हजारमा मिर्गौला प्रत्यारोपण गर्ने योजना रहेको उनले बताए।

अस्पतालले जेठको अन्तिम सातासम्म प्रत्यारोपणका लागि बिरामीलाई तयारी अवस्थामा राखेको छ। डा. विजयमान सिंहले पनि आफूहरूको नेतृत्वमा मिर्गौला प्रत्यारोपण सेवा सुरु गर्न लागिएको जनाए। उनी सिनियर कन्सल्ट्यान्ट युरोलोजिस्ट तथा किड्नी ट्रान्सप्लान्ट सर्जन पनि हुन्। अर्को डाक्टर सुरेश महर्जन सिनियर कन्सल्ट्यान्ट नेफ्रोलोजिस्ट तथा किड्नी ट्रान्सप्लान्ट फिजिसियन हुन्।

डा. महर्जन त्रिवि शिक्षण अस्पतालबाट नेफ्रोलोजीमा डिएम गरी भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा काम गरेका अनुभवी चिकित्सक हुन्। डा. सिंहले पनि सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा लामो समय काम गरेका छन्।

मोटरसाइकल हरायो

मिति २०८१/१/२९ गते बेलुका ८:०० बजेदेखि ८:३० बजेको समयमा बुनपा-१० स्थित निजीनिवास बाहिर पार्किङ गरेको बेला मेरो निम्न व्यहोरा भएको निलो/कालो रंगको **220 CC** को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : फुलकुमार श्रेष्ठ
मो.सा.नं.: बा.प्र.०२-०४७ प ७३७७
चेसिस नं. : MD2A13EX5NCM84577
इन्जिन नं. : DKXCNM38943
सम्पर्क न. : 9849508278/9849088076

सर्टिफिकेट हरायो

मिति २०८०/१२/१३ गते नेपालटार देखि बालाजु सम्म जाँदा **NEB** बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : जोनिश गुरुङ
रजिष्ट्रेशन नं. : ७७७७०७२७५
सिम्बोल नं. : २७७०१४१२
सम्पर्क : ९८४१००१७३५



NIC ASIA
एन आई सी एशिया बैंक लि.

PRESENTS

BIZMANDU PRE-BUDGET CONFERENCE

POWERED BY

Kajaria
INDIA'S NO. 1 TILE COMPANY

prabhu Bank

THE BANKER
BANK OF THE YEAR 2023
NEPAL

भाट-भटेनी सुपर मार्केट
Bhatbhateni Super Market
(ESTD. 1984 AD)

Jestha 4, 2081 | Friday

The Soaltee Kathmandu

Co-sponsored by

BYD | Citizens Bank | सगरमाथा सिमेन्ट | Vatsalya NATURAL IVF

Empowering Partner: fonepay

Electrifying Partner: LITMUS CABLES

Payment Partner: eSewa

Supported by: SHIVAM CEMENT

Refreshing Partner: TOKLA TEA

Celebration Partner: Johnnie Walker | Ketel One Vodka

Creative Partner: anscreation — Partners in brand building

LIVE on: Himalaya TV HD

bizmandu
SORRY! WE MIND YOUR BUSINESS

LIVE ON YouTube

सानदार सामुदायिक विद्यालय

नयाँ शैक्षिक सत्रको भर्ना कार्यक्रम सकियो, तर विभिन्न स्थानका उत्कृष्ट सामुदायिक विद्यालयमा विद्यार्थी भर्नाको दबाब अझै सकिएन



रुपन्देहीको बुटवलस्थित कालिका मानव ज्ञान माबि । तस्बिर : **विष्णु धिमिरे**/नयाँ पत्रिका



भक्तपुरको च्यामासिंहस्थित बागीश्वरी माबि ।

शिवहरि धिमिरे/नयाँ पत्रिका

■ कालिका मानव ज्ञान माबि, बुटवल
कुल विद्यार्थी : आठ हजार ७३
गत वर्ष एसइईको रिजल्ट : ३.६ जिपिएभन्दा बढी ल्याउने विद्यार्थी १३ जना, जिपिए ३.२ देखि ३.६ सम्म (ए) २१ जना ।

■ बागीश्वरी माबि, च्यामासिंह, भक्तपुर
कुल विद्यार्थी : चार हजार तीन सय
गत वर्ष एसइईको रिजल्ट : ३.६ जिपिएभन्दा बढी ल्याउने विद्यार्थी ४४ जना, जिपिए ३.२ देखि ३.६ सम्म (ए) ७० जना ।

■ रत्नराज्य स्कुल, मध्यबानेश्वर, काठमाडौं
कुल विद्यार्थी : दुई हजार तीन सय
गत वर्ष एसइईको रिजल्ट : ३.६ जिपिएभन्दा बढी ल्याउने विद्यार्थी २१ जना, जिपिए ३.२ देखि ३.६ सम्म (ए) ६२ जना ।

■ दरबार हाइस्कुल (भानु माबि)
कुल विद्यार्थी : आठ सय
गत वर्ष एसइईको रिजल्ट : ३.६ जिपिएभन्दा बढी ल्याउने विद्यार्थी ४ जना, जिपिए ३.२ देखि ३.६ सम्म (ए) ७ जना ।

■ दुर्गालक्ष्मी नमुना माबि, अत्तरिया, कैलाली
कुल विद्यार्थी : तीन हजार पाँच सय
गत वर्ष एसइईको रिजल्ट : ३.६ जिपिएभन्दा बढी ल्याउने विद्यार्थी १४ जना र जिपिए ३.२ देखि ३.६ सम्म (ए) १९ जना ।

■ कर्णाली माबि, टीकापुर, कैलाली
कुल विद्यार्थी : दुई हजार दुई सय ६४
गत वर्ष एसइईको रिजल्ट : ३.६ जिपिएभन्दा बढी ल्याउने विद्यार्थी २ जना र जिपिए ३.२ देखि ३.६ सम्म (ए) ८ जना ।

■ पब्लिक हाइस्कुल, धरान
कुल विद्यार्थी : तीन हजार चार सय ४९
गत वर्ष एसइईको रिजल्ट : ३.६ जिपिएभन्दा बढी ल्याउने विद्यार्थी ६ जना र जिपिए ३.२ देखि ३.६ सम्म (ए) २ जना ।

■ ज्ञानोदय माबि, काठमाडौं
कुल विद्यार्थी : चार हजार पाँच सय
गत वर्ष एसइईको रिजल्ट : ३.६ जिपिएभन्दा बढी ल्याउने विद्यार्थी ४ जना र जिपिए ३.२ देखि ३.६ सम्म (ए) ७ जना ।

सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण कम छ भन्ने आमबुझाइ छ । तर, देशका कतिपय सामुदायिक विद्यालयमा भने भर्ना पाउनै मुस्किल छ । ती विद्यालयमा विद्यार्थी भर्ना गर्न नेता, व्यापारी र चिनजानका व्यक्तिको दबाबसमेत आउने गरेको शिक्षक-शिक्षिकाको भनाइ छ । उनीहरूका अनुसार मुख्यतः कक्षा ३, ५, ८ र ९ मा भर्नाका लागि धेरै नै दबाब आउने गरेको हो ।

०१८ सालमा स्थापना भएको बुटवलको कालिका मानव ज्ञान माविमा यसपटक विद्यार्थी भर्ना गर्न निकै दबाब आयो । विद्यालयले सुरुमा आउने विद्यार्थीलाई प्रवेश परीक्षा लिएर भर्ना गऱ्यो । तर, भर्ना कार्यक्रम सकिएपछि पनि थप विद्यार्थी भर्ना गर्न दबाब आइरहेको छ । सामुदायिक विद्यालयमध्ये देशभरिमै नमुना विद्यालयका रूपमा रहेको यस विद्यालले यो वर्ष आठ हजार ७३ जना विद्यार्थी भर्ना गरिसकेको छ । यद्यपि, गत वर्ष पनि यहाँ सोही अनुपातमा विद्यार्थी थिए । तर, गत वर्षभन्दा यस वर्ष विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रअ र शिक्षकलाई विद्यार्थी भर्नाका लागि थप दबाब आइरहेको विद्यालयले जनाएको छ । 'हामीले यो वर्षका लागि कोटा पूरा गरिसकेका छौं, दबाब निकै आउने गरेको छ, तर अब विद्यार्थी भर्ना गर्न सकिने अवस्था छैन,' प्रधानाध्यापक दिनेश थापाले भने, 'यदि विद्यार्थी संख्या बढाउने हो भने त भौतिक संरचना र अन्य स्रोत-साधनमा सरकारले ध्यान दिनुर्थ्यो ।' उनले सामुदायिक विद्यालयमा सरकारको लगानी कम भएकाले विद्यार्थीको आकर्षण बढे पनि सबैलाई सम्बोधन गर्न नसकिएको बताए । उनका अनुसार गत वर्ष एसइईमा ३.६ भन्दा बढी जिपिए (ए प्लस) ल्याउने विद्यार्थी १३ जना थिए भने २१ जनाभन्दा बढीले जिपिए ३.२ देखि ३.६ (ए) ल्याएका थिए । विद्यार्थी संख्या धेरै भएकाले विद्यालयले यसपटक कक्षा आठमा दुईजना मात्रै बाहिरका विद्यार्थी भर्ना गरेको छ ।

कैलालीको अतरियामा रहेको दुर्गालक्ष्मी नमुना माविमा पनि छोराछोरी भर्ना गर्न अभिभावक लालायित छन् । ०३० सालमा स्थापना भएको यस विद्यालयमा कक्षा १२ सम्म तीन हजार पाँच सय विद्यार्थी अध्ययनरत छन् । यसमध्ये कक्षा १० सम्म एक हजार नौ सय ५० विद्यार्थी भर्ना भइसकेका छन् । विद्यालयको भौतिक संरचनाले थेग्न नसक्ने भएकाले थप विद्यार्थी भर्ना गर्न नसकिने विद्यालयका प्रअ शिवराज जोशीले जानकारी दिए । 'भर्ना हुन अझै पनि विद्यार्थी आइरहेका छन्, तर फर्काइरहेका छौं, भर्ना लिएन भनेर झगडा गर्न राजनीतिक दलका नेता र अभिभावक विद्यालयमै आउँछन्,' उनले भने, 'फोनमार्फत पनि भर्ना गरिदिनुपऱ्यो भनेर उस्तै दबाब आइरहेको छ ।' उनका अनुसार हाल कक्षा ६ र ७ मा चार सेक्सन भरिभराउ भएको छ । त्यस्तै, कक्षा ९ र १० मा सात-सातवटा सेक्सन ब्रेक गरिएको छ । यस विद्यालयबाट ०८० मा भएको एसइईमा तीन सय ८० जना सहभागी थिए । ०७९ को एसइई परीक्षामा यस विद्यालयबाट जिपिए 'ए प्लस' ल्याउने १४ जना र 'ए' ल्याउने विद्यार्थी संख्या १९ जना थिए । सरकारले नमुना विद्यालयका रूपमा राखेको यस विद्यालयले यस वर्ष नयाँ भर्ना हुन आउनेमध्ये चार सयभन्दा बढी विद्यार्थी फर्काएको छ ।

नमुना माविभित्र पर्ने कैलालीकै अर्को विद्यालय हो, टीकापुरस्थित कर्णाली माबि । यस विद्यालयमा दुई हजार दुई सय ६४ जना विद्यार्थी अध्ययनरत छन् । कक्षा १२ सम्म पठनपाठन हुने यस विद्यालयमा पनि भर्ना चाप थेग्न हम्मेहम्मे परेको छ । तैपनि, दुई सय हाराहारी विद्यार्थी विद्यालयले भर्ना गर्न नसकिने भन्दै फर्काएको छ । सीमित कक्षाकोठा र भौतिक संरचनाका कारण विद्यालयले गत वर्षकै संख्यामा यस वर्ष पनि विद्यार्थी भर्ना गरेको छ । ०४५ सालमा स्थापना भएको यस विद्यालयमा अझै पनि भर्ना गर्न दबाब आइरहेको प्रअ धर्मराज जैसीले जानकारी दिए । ०८० मा भएको एसइई परीक्षामा यस विद्यालयबाट तीन सय ५१ जना विद्यार्थी सहभागी थिए भने ०७९ मा भएको एसइई परीक्षामा तीन सय १० जना सहभागीमध्ये दुई जनाले जिपिए ए प्लस र ८ जनाले जिपिए ए ल्याएका थिए ।

धरानमा रहेको पब्लिक हाइस्कुलमा पनि भर्ना गर्न भनसुन गर्नेको संख्या धेरै छ । तर, विद्यालयले तीन हजार चार सय ४९ भन्दा बढी विद्यार्थी भर्ना गर्न नसकिने बताउँदै आएको छ । ००३ साउनमा स्थापना भएको यस विद्यालयमा कक्षा १२ सम्म पढाइ हुन्छ भने नेपाली र अंग्रेजी दुवै माध्यममा पढाइ हुन्छ । प्रधानाध्यापक डा. इन्द्रमोहन झाले गत वर्षभन्दा यस वर्ष भर्नाका लागि निकै दबाब आएको बताए । 'भर्नाका लागि अझै दबाब आइरहेको छ, तर बेवास्ता गर्ने गरेका छौं । थप विद्यार्थी पढाउने ठाउ नै छैन, कोठा बढेको छैन,' उनले भने, 'जति विद्यार्थी भर्ना भएका छन्, अब उनीहरूको गुणस्तरमै ध्यान दिन्छौं, संख्या देखाउन मात्रै भर्ना गर्दैनौं ।' गत वर्षको एसइईमा यस विद्यालयबाट जिपिए ए प्लस अर्थात् प्लस ल्याउने विद्यार्थी दुईजना थिए । यस वर्ष कक्षा आठमा एक सय २५ जना बाहिरका विद्यार्थी भर्ना भएका छन् ।

मध्यबानेश्वरमा रहेको रत्नराज्य स्कुलका प्रधानाध्यापक रामाशिष यादव भर्ना अभियान सकिँदा पनि भर्नाका लागि दबाब आइरहेको बताउँछन् । यो विद्यालयको क्षमता दुई हजार तीन सय विद्यार्थीको हो । क्षमताअनुसार विद्यार्थी भर्ना भइसकेका छन् । 'भौतिक संरचना सीमित छ, जति संरचनाले थेग्छ सोहीअनुसार भर्ना गर्ने हो । दबाब आयो भनेर विद्यार्थी बढाउन सकिँदैन,' उनले भने । गत वर्ष यस विद्यालयबाट तीन सय ६ जनाले एसइई दिएकोमा २१ जनाले ३.६ जिजिए (ए प्लस) ल्याएका थिए भने ३.२ देखि ३.६ जिपिए ल्याउने विद्यार्थी ६२ जना थिए ।

१९१० मा स्थापना भएको दरबार हाइस्कुल (भानु माबि)मा पनि विद्यार्थी भर्नाको दबाब थेगिनसक्नु छ । भर्ना कार्यक्रम सकिएको भन्दै दबाब अस्वीकार गर्ने गरेको विद्यालयकी प्रधानाध्यापक शारदा पौडेल बताउँछिन् । कक्षा कोठालगायत भौतिक संरचना अभाव रहेकाले थप विद्यार्थी भर्ना गर्न नसकिने उनको भनाइ छ । यस वर्ष विद्यालयमा आठ सय विद्यार्थी भर्ना भएका छन् । योभन्दा बढी विद्यार्थी थप्न नसकिने अवस्था छ । विद्यालयमा १४ वटा मात्रै कक्षाकोठा छन् । सो आधारमा तीन सय ६० जना विद्यार्थी पढाउनुपर्ने हो, तर दोब्बर विद्यार्थी भर्ना भइसकेका छन् । गत वर्ष यस विद्यालयबाट ३६ जनाले एसइई दिएकोमा ३.६ देखि माथिल्लो जिपिए ल्याउने विद्यार्थी चारजना थिए भने ३.२ देखि ३.६ जिपिए ल्याउने विद्यार्थी सात जना थिए ।

भक्तपुर च्यामासिंहमा रहेको बागिश्वरी माविमा पनि भर्ना हुन आउने विद्यार्थीको चाप थेगिनसक्नु छ । यो वर्ष अन्य विद्यालयबाट भर्ना हुन सात सय विद्यार्थी आएका थिए । यहाँ चार हजार तीन सय विद्यार्थी भर्ना भइसकेको विद्यालयका संयोजक ज्ञानसागर प्रजापतिले जानकारी दिए । 'छोराछोरी भर्ना गरिदिनुपऱ्यो भनेर अभिभावक कराउनुहुन्छ, तर ठाउँ छैन, ठाउँ भए त अझै विद्यार्थी भर्ना गर्न सकिन्थ्यो,' उनले भने । उनका अनुसार विद्यार्थी बढेसँगै अधिकांश कक्षाका सेक्सन भरिभराउ भएका छन् । कक्षा १० मा त सेक्सन 'ई'सम्म पुगेको छ । गत वर्ष दुई सय ७५ जनाले एसइई दिएकोमा ४४ जनाले जिपिए ३.६ भन्दा माथि नतिजा ल्याएका थिए । यस्तै, ३.२ देखि ३.६ ल्याउने विद्यार्थी ७० जना थिए । ०१५ मा स्थापना भएका यो विद्यालयले स्कुल भवनमा विद्यार्थी नअटेर कलेजको भवनमा समेत तल्ला कक्षा सञ्चालन गरेको छ । शैक्षिक गुणस्तरमा अब्बल ठानिएका उपत्यकासहित देशभरका सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढेको छ । विद्यार्थीको चाप थेग्न नसकेर कतिपय विद्यालयले प्रवेश परीक्षासमेत लिने गरेका छन् । विशेष गरी अंग्रेजी माध्यम र प्राविधिक शिक्षा समावेश गरेका विद्यालयमा विद्यार्थी बढेका छन् ।

शिक्षाविद् विद्यानाथ कोइरालाले गुणस्तरीय शिक्षा र शुल्क नलाग्ने भएकाले अभिभावकको आकर्षण सामुदायिकतिर बढेको बताए । 'धेरै सामुदायिक विद्यालयका प्रअहरूले भर्नाका लागि दबाब आयो भन्ने गर्नुहुन्छ, यो स्वाभाविकै हो, हाम्रा सामुदायिक विद्यालयको संरचना सीमित छन्,' उनले भने, 'रूपान्तरण भएका र अभिभावकको मन जित्न खोजेका विद्यालयमा स्वाभाविकै आकर्षण बढ्छ, अब राज्यले सामुदायिक विद्यालयको अवस्था हेरेर संरचना बढाउनतर्फ लाग्नुपर्छ ।'

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक दीपक शर्माले पनि पछिल्ला वर्षहरूमा सामुदायिक विद्यालयमा आकर्षण बढेको बताए । उनले निजी विद्यालयमा पढाइरहेका अभिभावकले विद्यार्थीलाई सामुदायिकमा भर्ना गर्ने अवस्था बढेको जानकारी दिए । केन्द्रको सर्वेक्षणअनुसार काठमाडौं उपत्यका, रुपन्देही, मोरङ, कास्की, गोर्खा, तनहुँ, कैलाली, कपिलवस्तु, म्याग्दीलगायत जिल्लाका कतिपय सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढी छ ।

■ यी हुन् विद्यार्थी चाप धेरै हुने सामुदायिक विद्यालय

चितवन नारायणगढमा रहेको नारायणी नमुना माबि, कान्ति माबि बुटवल, विश्व निकेतन माबि त्रिपुरेश्वर, बागिश्वरी माबि भक्तपुर, पब्लिक हाइस्कुल धरान, कालिका मानव ज्ञान माबि बुटवल, दरबार हाइस्कुल (भानु माबि) काठमाडौं, रत्नराज्य स्कुल बानेश्वर, कर्णाली माबि टीकापुर, दुर्गालक्ष्मी नमुना माबि अतरिया कैलाली, नेपाल आदर्श माबि कपिलवस्तु, धनगढी माबि कैलाली, राष्ट्रिय माबि लम्की चुहा कैलाली, ज्ञानोदय माबि बाफल, रभ्केना उमाबि, दाङ, सत्यवती माध्यमिक विद्यालय तनहुँ, पद्मोदय नमुना माध्यमिक विद्यालय दाङ, शान्ति नमुना माबि रुपन्देही, जनकल्याण माबि महांकाल, पद्मोदय माबि भक्तपुरलगायत छन् ।

■ दुई हजारभन्दा बढी विद्यार्थी भएका स्कुलको भौतिक संरचना थपिँदै

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दुई हजारभन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयको भौतिक संरचना विस्तार गर्ने योजना अघि सारेको छ । मन्त्रालयले ०८० मा कार्यविधि तय गरेर योजना अघि बढाएको हो । आर्थिक वर्ष ०८०/८१ मा दुई हजारभन्दा बढी विद्यार्थी संख्या भएका विद्यालय छनोट गरी केहीमा भौतिक संरचना विस्तार थालिएको छ । शिक्षा मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वय इकाइका प्रमुख अर्णप्रसाद न्यौपानेका अनुसार दुई हजारभन्दा बढी विद्यार्थी संख्या भएका र भौतिक संरचना थप्नुपर्ने एक सय ४५ वटा विद्यालयको स्थलगत सर्वेक्षण गरिएको छ । यसमध्ये २७ वटा विद्यालयको भौतिक संरचना विस्तारको काम अघि बढेको छ । जसमा कोशी प्रदेशबाट पाँच, मधेश प्रदेशबाट नौ, बागमती प्रदेशबाट तीन, गण्डकी प्रदेशबाट दुई, लुम्बिनी प्रदेशबाट पाँच, कर्णाली प्रदेशबाट एक र सुदूरपश्चिम प्रदेशबाट दुई विद्यालय छनोट भएका छन् । यो वर्ष भौतिक संरचनाका लागि २३ करोड ३८ लाख बजेट विनियोजन भएको छ । भौतिक संरचना कमजोर, तर विद्यार्थी बढी भएका विद्यालयलाई यो कार्यक्रम प्रभावकारी हुने मन्त्रालयका प्रवक्ता केशव दाहालले बताए ।

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोनं. ४५८४२५७

शिलबन्दी वोलपत्र आव्हानको सूचना नं.- ०८/०८०/८१

प्रथम पटक प्रकाशित मिति २०८१/२/१

विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध महास्तूप परिसरमा सुरक्षा सेवा प्रदान गर्न यस समितिलाई १८ जना सुरक्षाकर्मी आवश्यक परेकोले सुरक्षा सेवा करारमा लिने कार्य गर्न तपशिलमा उल्लेखित नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट रु. १० को टिकट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ ।

शर्तहरु

१. वोलपत्रको ग्राह्यता (इलिजिबिलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।
(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई यस समितिबाट यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र वोलपत्र खरिद गरी १६औं दिन दिनको १२:०० बजेभित्र यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा दर्ता गराई सक्नु पर्नेछ र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ । वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ ।

३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. साथ तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा **"क"** वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । नगद जमानतको लागि कुल कबोल अंकको २.५ प्रतिशत धरौटी रकम नबिल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११०९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश : सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ ।

७. रित पूर्वक भरी नआएको वा शिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको त्यस्तो वोलपत्रलाई मान्यता दिईने छैन ।

८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ ।

९. नियमानुसार लाग्ने सबै प्रकारका करहरु वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ ।

१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी बोलपत्र दस्तावेजको हरेक पानामा बोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ ।

११. उपरोक्त शर्तहरु बाहेकको अन्य शर्तहरु तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ । साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१२. फारम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनु पर्नेछ ।

तपशिल

सि.नं./ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
१/०८०/८१	सुरक्षा सेवा	२.५	६५,९०,१६०/-	१५००/-

Government of Nepal
Ministry of Health and Population
National Academy of Medical Sciences
Bir Hospital
Mahabouddha, Kathmandu

Invitation of Bid

Date of Publication : 14 May, 2024 (2081/02/01 B.S.)

1. ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu*** invites tender from eligible bidders for the Supply & Delivery of following goods, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-5221800, 5221119, Telefax: +977-1-5222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   a. **Name of Bank** : Rastriya Banijya Bank, Teku, Kathmandu
   b. **Name of Office** : National Academy of Medical Sciences, Bir Hospital
   c. **Office Code No.** : 370613501
   d. **Office Account No** : 1000100200010000
   e. **Rajaswa Shirshak no** : 14229
4. Bid must be purchasing till 12:00 hour date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/Public Proceuroment Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

Bid ID No.	Requirement	Opening Date	Bid Document Fee	Bid Security
NAMS/NCB/ 80/81/43	Supply & Delivery of ECI Reagent	2081-02-31; 14:00 hrs.	Rs.5,000.00	Rs.7,00,000/-
NAMS/NCB/ 80/81/44	Supply & Delivery of Hematology (DH76 Dymind) Reagent	2081-02-31; 14:00 hrs.	Rs.3,000.00	Rs.1,71,000/-

Director

■ लागुऔषध ऐन संशोधन

मनोद्दीपक औषधि बिक्री गरे फार्मेसी सञ्चालकलाई १० वर्षसम्म कैद

नयाँ पत्रिका

ट्रामाडोल र टपेन्टाडोलजस्ता मनोद्दीपक औषधि चिकित्सकको सिफारिसविना बिक्री गरेमा फार्मेसी सञ्चालकमाथि १० वर्षसम्म कैद सजाय हुने भएको छ। औषधि पसलबाट यस्ता औषधिको व्यापक दुरुपयोग हुँदा लागुऔषध दुर्व्यसनी बढेको निष्कर्षसहित सरकारले लागुऔषधसम्बन्धी ऐन संशोधन गरी फार्मेसी सञ्चालकमाथि कडाइ गरेको हो।

२७ वैशाखमा बसेको मन्त्रिपरिषद् बैठकले लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ खण्ड 'क'को उपखण्ड (७)को प्रावधानअनुसार ट्रामाडोल र टपेन्टाडोललाई मनोद्दीपक औषधिको सूचीमा राखेको हो। जसअनुसार औषधि पसलले यस्तो औषधि नियमविपरीत बिक्री गरेमा अब लागुऔषध ऐनअनुसार फौजदारी मुद्दामा कारबाही हुनेछ। यसअघि पनि त्यस्ता फार्मेसीमाथि कारबाही हुने गरेकामा औषधि व्यवस्था विभागबाट सामान्य जरिवाना मात्र हुने गरेको थियो। अब फौजदारी कसुरमा प्रहरीले अनुसन्धान गर्न र अभियोजन गर्न पाउने भएको छ।

मनोद्दीपक औषधि ट्रामाडोल र टपेन्टाडोलको औषधि पसलबाट व्यापक दुरुपयोग हुँदा दुर्व्यसनी बढेकाले कानुन संशोधन भएपछि अब नियन्त्रणमा सहयोग पुग्ने लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी गोविन्दप्रसाद थपलिया बताउँछन्। 'फार्मेसीबाट नियमविपरीत यस्ता औषधिको बिक्री बढेकाले हामीले विगत तीन वर्षदेखि यो कुरा उठाउँदै आएका थियौँ,' उनले भने, 'बल्ल सरकारले यसको गम्भीरता बुझेर कानुन संशोधन गरेको छ। यसले कारबाही प्रभावकारी हुने विश्वास छ।'

प्रहरीले हालै उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई लागुऔषध दुर्व्यसनमा रहेको नीतिगत समस्याबारे जानकारी गराएको थियो। सोही आधारमा मन्त्री लामिछानेले मन्त्रिपरिषद्मा प्रस्ताव लगेर ऐनको अनुसूची संशोधन गराएका हुन्। संशोधन राजपत्रमा प्रकाशन भएपछि कार्यान्वयनमा जानेछ। विगतमा प्रहरीले ऐन संशोधन गर्दै आए पनि औषधि व्यवसायीकै दबाबका कारण रोकिँदै आएको थियो।





एसएसपी गोविन्दप्रसाद थपलिया
प्रमुख, लागुऔषध नियन्त्रण ब्युरो

फार्मेसीबाट नियमविपरीत यस्ता औषधिको बिक्री बढेकाले हामीले विगत तीन वर्षदेखि यो कुरा उठाउँदै आएका थियौँ। बल्ल सरकारले यसको गम्भीरता बुझेर कानुन संशोधन गरेको छ। यसले कारबाही प्रभावकारी हुने विश्वास छ।

ट्रामाडोल र टपेन्टाडोल अत्यधिक दुखाइ कम गर्न प्रयोग गरिने 'पेनकिलर' औषधि हुन्। यो सिरिन्ज र ट्याबलेट दुवैमा हुन्छ। यस्तो औषधि चिकित्सकको सिफारिसविना औषधि पसलले बिक्री गर्न पाउँदैनन्। प्रहरीले गरेको अध्ययनमा औषधि पसलबाट सबैभन्दा धेरै यही औषधि दुरुपयोग भइरहेको देखिएको छ।

दुई साताअघि मात्र ब्युरोले काठमाडौंका विभिन्न औषधि पसलमा अनुगमन गर्दा धेरैले चिकित्सकको सिफारिसविना नै बिक्री गर्दै आएको खुलेको थियो। त्यही आधारमा पनि ऐन संशोधनका लागि प्रहरीले दबाब दिएको थियो। नियमविपरीत यस्ता औषधि बिक्री गरेको खण्डमा अब दुईदेखि १० वर्षसम्म कैद सजाय हुने ब्युरोका प्रमुख एसएसपी थपलिया बताउँछन्।

विगतमा अनुगमन र कारबाही फितलो भएकै कारण फार्मेसी सञ्चालकले उच्च नाफा कमाउन लागुऔषध दुर्व्यसनीलाई गोप्य रूपमा यस्ता औषधि बिक्री गर्दै आएका थिए।

गृह मन्त्रालयले ०७६ सालमा गरेको सर्वेक्षणअनुसार नेपालमा एक लाख ३० हजार लागुऔषध दुर्व्यसनी छन्। सर्वेक्षणमा देखिएभन्दा धेरै दुर्व्यसनीहरू रहेको आशंका प्रहरीको छ। खुला सीमाका कारण लागुऔषधको सहज कारोबार, फितलो नियमन र सचेतनाको अभावका कारण नेपालमा दुर्व्यसनीको समस्या तीव्र रूपमा बढिरहेको प्रहरी अधिकारी बताउँछन्।

कोशीका मुख्यमन्त्री कार्कीले पाए विश्वासको मत



मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई विश्वासको मत दिन सदनमा लामबद्ध सत्तापक्षका प्रदेशसभा सदस्यहरू। तस्विर रासस

झापा/ कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत पाएका छन्। सोमबार प्रदेश सभामा राखेको विश्वासको मतसम्बन्धी प्रस्ताव बहुमतले पारित भएको छ। मुख्यमन्त्री नियुक्त भएको ६ दिनमा उनले विश्वासको मत पाएका हुन्। ९२ सदस्यीय प्रदेश सभामा उनलाई ५७ जना सांसदले विश्वासको मत दिएका छन्। मुख्यमन्त्री कार्कीको पक्षमा नेकपा एमालेका ४०, माओवादी केन्द्रका १३, नेकपा (एकीकृत समाजवादी)का तीन र जसपाको एक सांसदले विश्वासको मत दिए। राप्रपाका पाँच सांसद तटस्थ बसे। एकीकृत समाजवादी संसदीय दलका नेता संसद् बैठकमा सहभागी नै भएनन्। ५७ मत पाएपछि सभमुख अम्बरबहादुर विष्टले विश्वासको मत पाएको घोषणा गरे।

कांग्रेसले भने प्रदेश सभा बैठक बहिष्कार गर्‍यो। सरकार गठनको विवाद सर्वोच्चमा विचाराधीन रहेकाले विश्वासको मतसम्बन्धीको प्रस्तावमाथि छलफल हुने बैठकमा कांग्रेसका २९ सांसद सहभागी भएनन्। प्रदेश सभा बैठकमा ६२ सांसद उपस्थित थिए। कार्की गत वैशाख २६ गते संविधानको धारा १६८ (५) बमोजिम मुख्यमन्त्री नियुक्त भएका हुन्। उनको नियुक्तिविरुद्ध सर्वोच्चमा रिट छ। उक्त रिटको अन्तिम सुनुवाइ जेठ ९ गतेलाई तोकिएको छ। विश्वासको मत पाएपछि मुख्यमन्त्री कार्कीले एक साताभित्र मन्त्रिपरिषद्लाई पूर्णता दिने बताए।

■ बागमतीमा प्रदेश सभा चल्न नदिने कांग्रेसको चेतावनी

कांग्रेसले गृहमन्त्री रवि लामिछानेमाथि संसदीय छानबिन नभए बागमती प्रदेश सभा बैठक चल्न नदिने चेतावनी दिएको छ। सोमबारबाट सुरु भएको प्रदेशको बजेट अधिवेशनलाई सम्बोधन गर्ने क्रममा कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिंह लामाले यस्तो चेतावनी दिएका हुन्। उनले सहकारी ठगी प्रकरणमा नाम मुछिएका गृहमन्त्री लामिछानेले पदबाट राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्ने बताए।

यदुनाथ खनाल शृंखलामा राजामोहनले प्रवचन दिने

काठमाडौं/ परराष्ट्र मन्त्रालयले गर्दै आएको 'प्राध्यापक यदुनाथ खनाल प्रवचन शृंखला'को तेस्रो शृंखला मंगलबार आयोजना हुँदै छ। यस वर्ष भारतका प्रख्यात लेखक तथा भूराजनीतिक मामिलाविज्ञ सी राजामोहनले प्रवचन दिने परराष्ट्र मन्त्रालयले जनाएको छ।

राजामोहनले 'नेपाल भारत सम्बन्ध : सम्भावना र अबको बाटोका' विषयमा प्रमुख प्रवचन दिने कार्यक्रम छ। उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, परराष्ट्रसचिव सेवा लम्सालले प्रवचनलाई सम्बोधन गर्ने कार्यक्रम छ। राजामोहन नेपालप्रति नरम मानिन्छन्। उनी नेसनल युनिभर्सिटी अफ सिंगापुरको इन्स्टिच्युट अफ साउथ एसियन स्टडिजका भिजिटिङ रिसर्च प्रोफेसर हुन्। उनले इन्डियन एक्सप्रेस दैनिकमा भारतको अन्तर्राष्ट्रिय सम्बन्धका विभिन्न आयामबारे लेख्दै आएका छन्।

पूर्वपरराष्ट्रसचिव एवं प्रसिद्ध कूटनीतिज्ञ खनालको नाममा सरकारले यसअघि दुईवटा प्रवचन शृंखला गरिसकेको छ। पहिलोपटक २४ जेठ ०७९ र दोस्रोपटक १० असार ०८० मा यो कार्यक्रम आयोजना भएको थियो। गत वर्ष पूर्वपरराष्ट्रसचिव मधुरमण आचार्य तथा त्यसअघि बेलायतस्थित अन्तर्राष्ट्रिय कानुनका ज्ञाता प्राध्यापक सूर्य सुवेदीले प्रवचन दिएका थिए।

ट्र्याक्टर दुर्घटनामा मृत्यु हुनेको संख्या तीन पुग्यो

दैलेख/ दुल्लु नगरपालिका- ६ धाडाको जंगलमा भे१त ८९६ नम्बरको ट्र्याक्टर दुर्घटनामा परेर घाइते भएका थप दुईजनाको मृत्यु भएको छ। योसँगै मृत्यु हुनेको संख्या तीन पुगेको छ। आइतबार विद्युत्‌को पोल बोकेर दुल्लुको भस्नेपाटीदेखि खड्केगैरा जाँदै गरेको ट्र्याक्टर दुर्घटनामा परी दुल्लु नगरपालिका- ६ का ५५ वर्षीय मानबहादुर रावलको घटनास्थलमै मृत्यु भएको थियो। दुल्लु नगरपालिका- ६ खच्चेगैराकी ५६ वर्षीया कमारो रावल र चालक कमल शाहीको उपचारका क्रममा सुर्खेतको कालागाउँ अस्पतालमा आइतबार राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दैलेखले जानकारी दिएको छ।

माधव नेपालको प्रतिवेदन

राजनीतिक समीकरण फेरिन सक्ने

नयाँ पत्रिका

सत्तारूढ दल एकीकृत समाजवादीले राजनीतिक समीकरण बदलिन सक्ने बताएको छ। अध्यक्ष माधवकुमार नेपालले महाधिवेशनमा प्रस्तुत गर्ने गरी तयार पारेको राजनीतिक प्रतिवेदनमा समीकरण वर्तमान संसद्‌को संरचनाअनुसार सरकार निर्माण र सञ्चालनका निम्ति मात्रै बनेको दाबी गरेका छन्। तात्कालिक राजनीतिक परिस्थिति बदलिएसँगै राजनीतिक समीकरण पनि बदलिने उनको दाबी छ।

'अहिले हामी संसद्भित्र रहेका विभिन्न राजनीतिक दलहरू सम्मिलित समीकरणमा पनि छौँ। यो समीकरण संयुक्त मोर्चा होइन, तात्कालिक राजनीतिक सहकार्य मात्र हो। यो समीकरण वर्तमान संसद्‌को संरचनाअनुसार सरकार निर्माण र सञ्चालनका निम्ति बनाइएको हो। यो दीर्घकालीन होइन, त्यसैले तात्कालिक राजनीतिक परिस्थिति बदलियो भने समीकरण वा सहकार्य पनि बदलिन सक्छ,' प्रतिवेदनमा भनिएको छ। नेपालको राजनीतिक प्रतिवेदन मंगलबार सुरु हुने केन्द्रीय कमिटीले परिमार्जनसहित पारित गरेपछि सुझावका लागि तल्ला कमिटीमा पठाउने एकीकृत समाजवादीले जनाएको छ। तल्ला कमिटीबाट प्राप्त सुझावका आधारमा परिमार्जन गरेर महाधिवेशनमा प्रस्तुत गरिनेछ।

अध्यक्ष नेपालले एकीकृत समाजवादीसहित माओवादी, जसपा र नेकपा सम्मिलित समाजवादी मोर्चाले भने संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै समाजवादको नेपाली बाटो तय गर्ने र समाजको अग्रगामी रूपान्तरणको कार्य अगाडि बढाउने दाबी गरेका छन्। तत्काल कम्युनिस्ट पार्टीबीच एकता सम्भव नभएकाले समाजवादी मोर्चा बनाइएको उनको दाबी छ। पार्टी एकताका निम्ति पार्टीको नाम, मार्गदर्शक सिद्धान्त, संगठनात्मक सिद्धान्त, कार्यक्रम र कार्यदिशाजस्ता मूलभूत विषयमा एकरूपता हुनुपर्ने उनले औँल्याएका छन्। कार्यगत एकता, मोर्चाबन्दी र सहकार्य तात्कालिक राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक मुद्दामा दृष्टिकोण मिल्नेहरूबीच गर्न सकिने उनले बताएका छन्। समाजवादी कार्यदिशा अँगालेका वामपन्थी पार्टीहरूको मोर्चा बनाएर सहकार्य गर्नु उपयुक्त हुने निष्कर्षका साथ समाजवादी मोर्चा बनाइएको उनको जिकिर छ।



'अहिले बनाइएको समाजवादी मोर्चा समाजवादी कार्यदिशा अँगालेका वामपन्थी पार्टीहरूबीचको राजनीतिक संयुक्त मोर्चा हो। यस मोर्चाको मुख्य लक्ष्य र उद्देश्य संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै समाजवादको नेपाली बाटो तय गर्ने र समाजको अग्रगामी रूपान्तरणको कार्य अगाडि बढाउने हो। यस उद्देश्यअनुरूप मोर्चालाई राम्रोसँग परिचालन गर्न सकियो भने समाजवादी क्रान्तिलाई अगाडि बढाउन केही न केही योगदान पुग्नेछ। मोर्चालाई सुदृढ र क्रियाशील बनाई वामपन्थी शक्तिहरूबीच सहकार्यको विकास गर्नु र कम्युनिस्ट आन्दोलनको एकीकरणका आधार निर्माण गर्नु अर्को एक महत्त्वपूर्ण कार्यभार हो। यो कार्यभार पूरा गर्न हाम्रो पार्टीले पहल गर्नुपर्छ,' नेपालले राजनीतिक प्रतिवेदनमा उल्लेख गरेका छन्।

वर्तमान नेपाली समाजमा आमूल परिवर्तन गरेर समाजवाद निर्माण गर्नका निम्ति बलियो कम्युनिस्ट शक्तिको आवश्यकता नेपालले औँल्याएका छन्। विभाजित कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध नगरी बलियो कम्युनिस्ट शक्ति निर्माण हुन नसक्ने पनि उनले बताएका छन्। राजनीतिक प्रतिवेदनमा नेपाल एमालेप्रति आक्रामक देखिएका छन् भने मोर्चामा आबद्ध माओवादी, जसपा र नेकपाप्रति नरम देखिएका छन्।

कपडामा पाँच किलो सुनको लेपन गरी तस्करी गर्ने दुई पक्राउ

काठमाडौं/ कपडामा लेपन लगाएर सुनको तस्करी गर्न खोज्ने दुई भारतीय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ परेका छन्। दुबईबाट आएका ३३ वर्षीय सुरेश कुमार र ३४ वर्षीय मोहन कुमार गणेशनलाई प्रहरीले सोमबार पक्राउ गरेको हो। भन्सारबाट पास भइसकेका उनीहरूलाई आगमनतर्फ टनेलबाट प्रहरीले पक्राउ गरेको थियो। उनीहरूले लगाएको कपडामा ठूलो मात्रामा सुनको जलप भेटिएको विमानस्थल प्रहरी प्रमुख एसएसपी कृष्णहरी शर्माले बताए। सुराकीको आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

गणेशनले लगाएको टि-सर्ट, जिन्स पाइन्ट र अन्डरवेयरको तौल साढे दुई किलो थियो। सुरेश कुमारले लगाएको टि-सर्ट, जिन्स पाइन्ट र अन्डरवेयरको तौल पनि साढे दुई किलो रहेको प्रहरीले जनाएको छ। विमानस्थलको चेकजाँच छल्न यसरी कपडामै सुनको लपन लगाइएको हुनसक्ने प्रहरीले जनाएको छ। उनीहरूमाथि थप अनुसन्धान गर्न प्रहरीले भन्सार कार्यालयलाई जिम्मा दिएको छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०२/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी पक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

जनकपुर शाखा, धनुषा

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९०९६८/७४/०७५ अन्तर्गत मिति २०७५/०२/२२ मा दर्ता कायम भएको **नव निर्माण विल्डर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : जनकपुर उ.म.न.पा. - ७, धनुषा स्थायी लेखा नं. ६०६६९१४४८, मिति २०७५/०३/१९ **संचालक अध्यक्ष : राजा बहादुर झा** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा फोर्स कर्जा**	२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९०९६७/७४/०७५ अन्तर्गत मिति २०७५/०२/२२ मा दर्ता कायम भएको **नव निर्माण सप्लायर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : जनकपुर उ.म.न.पा. - ७, धनुषा स्थायी लेखा नं. ६०६६९१५३८, मिति २०७५/०३/२१ **संचालक अध्यक्ष : राजा बहादुर झा** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**३. राजा बहादुर झा** ना.प्र.नं. ६६७५२४१७ जारी मिति २०५४/१२/०२, जि.प्र.का. महोत्तरी बाबुको नाम : जय प्रकाश झा बाजेको नाम : बच्चा झा स्थायी ठेगाना : निगौल -२, महोत्तरी हालको ठेगाना : जनकपुर उ.म.न.पा. -४, धनुषा **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

राजा बहादुर झा ना.प्र.नं. ६६७५२४१७, जारी मिति २०५४/१२/०२ जि.प्र.का. महोत्तरी बाबुको नाम : जय प्रकाश झा बाजेको नाम : बच्चा झा स्थायी ठेगाना : निगौल -२, महोत्तरी हालको ठेगाना : जनकपुर उ.म.न.पा. -४, धनुषा	**जय प्रकाश झा** ना.प्र.नं. ६६७५३१४३, जारी मिति २०२४/०३/०६ जि.प्र.का. महोत्तरी बाबुको नाम : बच्चा झा बाजेको नाम : राम लोचन झा स्थायी ठेगाना : निगौल -२, महोत्तरी हालको ठेगाना : जनकपुर उ.म.न.पा. -४, धनुषा	**सरोज देवी झा** ना.प्र.नं. २०५१/५३२, जारी मिति २०५१/१२/२९, जि.प्र.का. महोत्तरी बाबुको नाम : सिबशंकर झा पतिको नाम : जय प्रकाश झा ससुराको नाम : बच्चा झा स्थायी ठेगाना : निगौल -२, महोत्तरी हालको ठेगाना : जनकपुर उ.म.न.पा. -४, धनुषा

धितोको विवरण

घर/जग्गाको विवरण

ऋणी नव निर्माण विल्डर्स प्रा.लि. र ऋणी नव निर्माण सप्लायर्स प्रा.लि. का लागि मात्र धितो सुरक्षण रहेको

शिवशंकर झाको छोरी, वच्चा झाको बुहारी, जय प्रकाश झाको पत्नी, सरोज देवी झाको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेस्ता कायम रहेको

क. धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १२ (संजिवनी अस्पताल नजिक) स्थित कित्ता नं. ३४० को क्षेत्रफल ०-०-५-० विगहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ख. धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ (क्याम्पस चोक नजिक) स्थित कित्ता नं. ११९ को क्षेत्रफल ०-०-७-३ विगहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी राजा बहादुर झाका लागि मात्र धितो सुरक्षण रहेको

शिवशंकर झाको छोरी, वच्चा झाको बुहारी, जय प्रकाश झाको पत्नी, सरोज देवी झाको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १४ (ज्ञान डा इन्टरनेशनल स्कुल नजिक) स्थित कित्ता नं. ९६ को क्षेत्रफल ०-१-५-० विगहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

मिर्चैया शाखा, सिराहा

ऋणीको विवरण

१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा प्रा.फ.र.नं. ५०७८/०७२/०७३ अन्तर्गत मिति २०७२/१२/३० मा दर्ता कायम भएको **अन्जय किराना पसल** फर्म दर्ता ठेगाना : रामनगर - २ (हाल मिर्चैया - ५) सिराहा स्थायी लेखा नं. ६०४०५९७९०, मिति २०७२/१२/३० **प्रोप्राईटर : रवि साहु हलुवाई** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**२. प्रमिता देवी साह** **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

रवि साहु हलुवाई ना.प्र.नं. ७७३८१११४ जारी मिति २०३६/०४/२१ जि.प्र.का. सिराहा बाबुको नाम : महावीर साहु हलुवाई बाजेको नाम : मुसहरु साह स्थायी ठेगाना : रामनगर - २, सिराहा हालको ठेगाना : मिर्चैया न.पा.- ५, सिराहा	**प्रमिता देवी साह** ना.प्र.नं. ७७३८४१८३ जारी मिति २०६१/०१/२१, जि.प्र.का. सिराहा बाबुको नाम : मधुरी साह कानु पतिको नाम : दिपक साह ससुराको नाम : रवि साहु हलुवाई स्थायी ठेगाना : रामनगर मिर्चैया -२, सिराहा हालको ठेगाना : मिर्चैया न.पा.- ५, सिराहा	**सिता देवी साह** ना.प्र.नं. १५३०९०/१८९ जारी मिति २०६३/१२/११, जि.प्र.का. सिराहा बाबुको नाम : हजारी साह हलुवाई पतिको नाम : रवि साहु हलुवाई ससुराको नाम : महावीर साहु हलुवाई स्थायी ठेगाना : रामनगर मिर्चैया - २, सिराहा हालको ठेगाना : मिर्चैया न.पा.- ५, सिराहा	**दिपक साह** ना.प्र.नं. ३६९ जारी मिति २०५६/०४/१६ जि.प्र.का. सिराहा बाबुको नाम : रवि साहु हलुवाई बाजेको नाम : महावीर साहु हलुवाई स्थायी ठेगाना : रामनगर - २, सिराहा हालको ठेगाना : मिर्चैया न.पा.- ५, सिराहा

धितोको विवरण

घरजग्गाको विवरण

मुसहरु साहको नाति, महावीर साहुको छोरा, रवि साहु हलुवाईको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला, रामनगर गा.वि.स/न.पा. वडा नं. २ क (मिर्चैया बजार नजिक) स्थित कित्ता नं. ५७२ को क्षेत्रफल ०-०-१२.२५-० विगहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७ लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रवापत बुझाएको सम्पूर्ण रकम विना व्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ जेठ ०७ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८१ जेठ ०८ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

विद्यार्थी आन्दोलनले उठाउनुपर्ने मुद्दा

गुणस्तरीय, सीपयुक्त र रोजगारमुखी शिक्षाका लागि दबाब र जागरण पैदा गरी राज्यलाई जिम्मेवार बनाउने दायित्व विद्यार्थी आन्दोलनको काँधमा आएको छ



● आरती लामा

अग्रलेख



कुनै वेला शासकको बोली नै कानुन बन्थ्यो। उसको उर्दीले जनताको आवाजमाथि प्रतिबन्ध लाग्थ्यो। उसको निरंकुशताको जाँतोमा जनता पिसिइरहनुपर्थ्यो। हो, तिनै शासकविरुद्ध गंगालाल, चिनियाँकाजीहरूले भने- 'जनतामारा शासक मुर्दावाद!' खुनी शासकको नाभीमा तीर रोप्ने यो बोली तिनलाई किन पाच्य हुन्थ्यो र? बोलीको बदला फाँसीमा चढाइयो। प्रजातन्त्र प्राप्तिका खातिर नेपालको विद्यार्थी आन्दोलनले आफ्ना महान् योद्धा सहपाठी गुमायो। इतिहासका कहालीलाग्दा अँध्यारा रात्रिमा विद्रोहको चेतना बोक्दै मृत्यु रोज्न पुगे ती विद्रोही विद्यार्थी नेताहरू। सत्तालाई ठाडो नजरले हेर्नु भनेको आफ्नै आँखामा भिर रोप्नुसरह हुने अवस्थामा भुइँमान्छेहरूको मुक्ति र स्वतन्त्रताका लागि एकीकृत र संगठित हुँदै यस आन्दोलनले कठोर संघर्षको बाटो राज्नुपर्‍यो। यही सिलसिलामा राष्ट्रघाती असमान सन्धि खारेज गर्नुपर्ने, गोर्खा भर्ती केन्द्र पूर्णतः बन्द गर्नुपर्ने, स्वविवु खोल्न पाउने अधिकार वहाली गर्नुपर्ने र बन्दी विद्यार्थीलाई निःसर्त रिहाइ गर्नुपर्नेलगायत माग राख्दै उपत्यकाव्यापी अन्तरकलेज विद्यार्थी सम्मेलनमार्फत १ जेठ ०२२ मा आत्माराम खरेलको नेतृत्वमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन 'अनेरास्वविवु' गठन भयो। यो ऐतिहासिक पहलकदमीको हर्षोल्लासमा '१ जेठ' लाई विद्यार्थी समुदायले विद्यार्थी दिवसका रूपमा मनाउन थाल्यो। त्यसयता एकातिर टुटफुट र विभाजनको घानमा पर्दै र अर्कातिर जनवादी शिक्षा प्राप्ति, राष्ट्रियताको रक्षा तथा लोकतन्त्र र जनजीविकाका सन्दर्भमा आन्दोलित हुँदै र विविध जनपक्षीय मुद्दा बोक्दै विद्यार्थी आन्दोलन अघि बढाइए। मुलुकको प्रत्येक अग्रगामी राजनीतिक आन्दोलनको अग्रदस्ता बन्दै विद्यार्थी आन्दोलनले दबाब, जागरण र प्रतिपक्षीय भूमिकामा आफूलाई अब्बल सावित गर्दै आयो। उल्लिखित सम्पूर्ण भूमिकाको पछिल्लो कडीस्वरूप संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव भयो र जनताको हक अधिकार तथा स्वतन्त्रताको संविधानमा दस्तावेजीकरण भयो। विद्यालय, कलेज तथा विश्वविद्यालयमा हुने बेथिति, अनियमितता र विद्यार्थीमाथि हुने अन्यायविरुद्ध खबरदारी गर्दै विद्यार्थी हक-अधिकारका लागि आवाज बुलन्द गर्नु यस आन्दोलनको दैनिकी नै बन्यो। राजनीतिक प्रशिक्षण, सचेतना र लोकतन्त्रको पैरवीदेखि यातायात क्षेत्रमा विद्यार्थीलाई ४५ प्रतिशतसम्म छुट गराउन निर्णायक पहल लिनेजस्ता कार्य विद्यार्थी आन्दोलनबाटै सम्भव भए। यसर्थ, नेपालको शैक्षिक तथा राजनीतिक परिवर्तनको इतिहास विद्यार्थी आन्दोलनको इतिहासविना अपूरो हुन्छ।

आज विद्यार्थी समुदायको लडाइँ, आन्दोलन र अभियानको स्वरूप नयाँ ढंगले प्रारम्भ गर्नुपर्ने अवस्थामा आइपुगेको छ। शिक्षामा असमानता बढेको छ। बेरोजगारीले युवा पलायनको भयावह स्थिति उत्पन्न भएको छ। भू-राजनीतिक जटिलता बढेको छ। सामाजिक राजनीतिक र आर्थिक रूपमा छाएको नकारात्मकता व्याप्त छ र समाज निराशाजनक अवस्थाबाट गुज्रिरहेको छ। कूटनीतिक सन्तुलनदेखि समाजको आर्थिक तथा सांस्कृतिक पक्ष कमजोर बन्दै गएको छ। यस्ता सबैखाले समस्याको पृष्ठभूमि दलाल पुँजीवाद बनेको छ। त्यसकारण संविधानमा दस्ताबेजीकरण भइसकेको समाजवादउन्मुख व्यवस्थालाई व्यवहारमा कार्यान्वयनका लागि विद्यार्थी आन्दोलन सैद्धान्तिक, राजनीतिक र सांगठनिक रूपले पुनः सशक्त र व्यवस्थित रूपले अघि बढाउन आवश्यक छ। यस आलेखमा विद्यार्थी आन्दोलनले उठाउनैपर्ने आजका ज्वलन्त सवालबारे चर्चा गर्ने प्रयत्न गरिएको छ।

सर्वसुलभ र निःशुल्क शिक्षा : नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकका रूपमा व्याख्या गरेको छ भने आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क भनेको छ। तर, व्यवहारतः त्यस्तो देखिँदैन। प्रि-स्कुलका नाममा भइरहेको लुटदेखि प्लस टुका नाममा भइरहेका व्यावसायिक धन्दा चलाउन छुट दिएर राज्य आफैँले दोहोरो शिक्षानीतिलाई बढावा दिइरहेको छ। सम्पूर्ण विद्यार्थीको अभिभावकत्व लिनुपर्ने दायित्वबाट गैरजिम्मेवार ढंगले पन्छिने राज्यको यस्तो व्यवहारले शिक्षामा निजीकरण, माफियाकरण र दलालीकरणलाई संस्थागत गरेको छ। यसविरुद्ध संगठित रूपमा लड्नु र शिक्षालाई व्यापारको वस्तु बन्न नदिनु हाम्रो आन्दोलनको प्रमुख कार्यनीति बन्न पुगेको छ। विद्यार्थी आन्दोलनले यो मुद्दालाई छोडेको दिन शिक्षामा झन् ठूलो व्यापारीकरण बढ्ने र निम्नवर्गीय जनताका छोराछोरीले शिक्षा आर्जन गर्ने अवसरबाट वञ्चित हुनुपर्ने अवस्था आउनेछ।

ज्ञान, सीप, श्रम र उत्पादनसँग जोड्ने शिक्षा : विश्वविद्यालयबाट उत्तीर्ण विद्यार्थी कम्तीमा कुनै क्षेत्रका लागि सीपयुक्त जनशक्ति बनोस् वा आफ्नो देशमा कुनै उद्यम गर्न योग्य बनोस्। यसका निम्ति शिक्षण संस्था र विश्वविद्यालयको शैक्षिक पाठ्यक्रममा आमूल परिवर्तन जरुरी छ। पाठ्यक्रम बदलिँदो ज्ञान, विज्ञान, प्रविधि, परिवर्तन र विश्वव्यापी स्तरमा प्रतिस्पर्धी बनाउन सक्दा मात्रै हाम्रा विद्यार्थी सीपयुक्त बन्छन्। अब विश्वविद्यालय पढेर निस्केको विद्यार्थी रोजगारीका लागि विदेशी भूमिमा जान लाग्ने लाम बन्द गर्नुपर्छ। राज्यले एक्काइसौँ शताब्दीका आधुनिक दास जसरी नेपाली युवालाई बेचिरहेको छ, जसको अन्त्य गर्नुपर्छ। युवाको श्रमलाई कौडीको भाउमा बेच्न बन्द गर्नुपर्छ। हाम्रो शिक्षाले प्रदान गरेका प्रमाणपत्र फगत कागजको खोस्टो किन बनिरहेका छन्? के यही परिस्थितिलाई बोकेर हाम्रो संविधानले परिकल्पना गरेजस्तो समाजवादी आर्थिक, राजनीतिक र सांस्कृतिक प्रणालीको अभ्यासमा पुग्न सकिन्छ? समाजवादी व्यवस्थाका लागि चाहिने आधारभूत तत्व शिक्षालाई ज्ञान, श्रम, सीप, रोजगार र उत्पादनसँग नजोडी अघि बढदा देश समृद्ध बन्छ? यस्ता प्रश्नको जवाफ खोज्दै गुणस्तरीय, सीपयुक्त र रोजगारी सिर्जना गर्न सक्ने शिक्षाका लागि दबाब र जागरण पैदा गरी राज्यलाई जिम्मेवार बनाउने दायित्व विद्यार्थी आन्दोलनको काँधमा छ।

समतामूलक समाज निर्माणको अभिभारा : नेपाली समाज आज पनि उच-निचपूर्ण विभेद र विभिन्न उत्पीडनसँग संघर्षरत छ। विभेदमुक्त मस्तिष्क निर्माणमा जुट्नुपर्ने वेला आएको छ। हाम्रो शिक्षा प्रणालीले यस गम्भीरतालाई गहिरो गरी आत्मसात् गरेको पाइँदैन। समानता र समतामूलक समाज निर्माणको पहलकदमी उठाउन सकिरहेको छैन। लैंगिक, जातीय, वर्गीय, क्षेत्रीय विभेद एवं उत्पीडनजस्ता तमाम अन्यायपूर्ण सामाजिक संरचनाका पर्खाल भत्काउने प्रतिरोधी आवाजका संवाहक युवा विद्यार्थी बन्नुपर्नेछ। विद्यार्थी संगठनले यस्ता युवा विद्यार्थीलाई संगठित तथा प्रोत्साहित गर्दै समतामूलक समाज निर्माणको अभिभारा पूरा गर्नतर्फ लाग्नुपर्छ।

> संविधानमा दस्तावेजीकरण भइसकेको समाजवादउन्मुख व्यवस्थालाई व्यवहारमा कार्यान्वयनका लागि विद्यार्थी आन्दोलन सैद्धान्तिक, राजनीतिक र सांगठनिक रूपले पुनः सशक्त र व्यवस्थित रूपले अघि बढाउन आवश्यक छ

देशभक्तिको जागरण : एकातिर हामीलाई विस्तारवादीहरूले देशको सिमानामा सताइरहेका छन् भने अर्कातिर निश्चित बहुराष्ट्रिय कम्पनिको हितार्थ बहुसंख्यक भुइँमान्छेलाई कंगाल बनाउने विश्व भूमण्डलीकृत पुँजीवादका नयाँ-नयाँ स्वरूप र नामबाट नेपालमा आफ्नो उपनिवेश खडा गर्न अनेक चाल चालिरहेका छन्। हाम्रा शैक्षिक पाठ्यक्रम डिजाइन तथा भाषा र संस्कृतिमा अदृश्य ढंगले बाह्य आक्रमण बढेको छ। यी सम्पूर्ण परिवेशमा विद्यार्थी संगठनले ती भूराजनीतिक गतिविधिका नियतबारे छलफल र विमर्श गरी जनतामाथि यथार्थ सुसूचित गर्नुपर्नेछ। देशभक्तिपूर्ण स्वाधीनताका लागि आन्दोलन गर्नुपर्नेछ र लडाइँ लड्नुपर्नेछ।

पर्यावरणीय संरक्षण : केही मुठीभर कुलीन वर्गका मान्छेबीचको धनाढ्य बन्ने होडबाजी र धनी देशको अस्वस्थ प्रतिस्पर्धाको चपेटामा परेर हाम्रा प्राकृतिक स्रोत-साधनको प्रचुर दोहन भइरहेको छ। आज विश्वमा कार्बन उत्सर्जनको तीव्र वृद्धिले वातावरणिय प्रदूषणको कहालीलाग्दो अवस्था निर्माण हुँदै छ। यसले असन्तुलित पारेको पर्यावरणको लयलाई हामीले फर्काउन सकेको खण्डमा मात्र हाम्रा भावी सन्ततिले आरामको सास फेर्न पाउनेछन्। होइन भने पृथ्वीको आयु नै छोटिने खतरा बढ्दो छ। पर्यावरणीय संकट निराकरणका लागि आवश्यक पर्ने नयाँ जागरण र सचेतना फैलाउने काम संगठित विद्यार्थी समुदायकै हो। विश्वको यो पेचिलो संकटबाट मुक्ति गराउने व्यापक छलफल, बहस र नयाँ परिवर्तनको मार्ग कोर्नु छ। विद्यार्थी संगठनले त्यसका लागि आफूलाई तयारी अवस्थामा राख्नुपर्नेछ।

सामाजिक रूपान्तरणमा अग्रसरता : नेपाली समाज आजको युगमा पनि अन्धविश्वास र रुढीग्रस्त छ। एकातिर परम्पराका नाममा विभिन्न कुंसस्कारले समाजमा नंग्रा गाडेर बसेका छन् भने अर्कातिर दलाल तथा आजको वित्तीय पुँजीवादले उपभोक्तावादी संस्कृति निर्माण गरिरहेको छ। यसले हाम्रो समाजलाई प्रगतिशील र वैज्ञानिक संस्कृतिको बाटामा हिँड्न तगारो तेर्स्याइरहेको छ। यसकारण विद्यार्थी संगठनले समाजमा प्रगतिशील चेतना प्रवाह गराउनुपर्नेछ। समाजका हरेक अन्धकारलाई तोड्दै सुन्दर उज्यालो देखाउनुपर्नेछ।

विज्ञान र प्रविधिमैत्री शिक्षालय : हाम्रा शिक्षालयले अझै पनि विद्यार्थीलाई हरघटना तथा परिवेशलाई वैज्ञानिक दृष्टि, तर्क र प्रमाणका कसीमा हेर्न सिकाइरहेका छैनन्। फलस्वरूप विश्वविद्यालयका डिग्रीधारी विद्यार्थीले पनि बिरामी पर्दा डाक्टरभन्दा पहिले धामीझाँक्री सम्झिन पुग्छन्। हाम्रा शिक्षालयमा नवीनतम प्रविधिको उपयोग न्यून छ। विद्यार्थी कम्प्युटरका सामान्य ज्ञानका विषयमा पनि अल्मलिन्छन्। यी सम्पूर्ण विषयको प्राप्तिका लागि विद्यार्थी संगठनले संघर्ष गर्नु अपरिहार्य छ।

मुलुकको पछिल्लो राजनीति तथा समुदायमा फैलिरहेको व्यक्तिवादी, लोकरिज्याइँवादी र पश्चगामी विचारको आडमा विद्यार्थी संगठनको औचित्य सकियो भन्ने संगठनमा लाग्ने विद्यार्थीमाथि क्षुद्र टिप्पणी गर्ने र बदनाम गर्न खोज्नेजस्ता प्रयास भइरहेका छन्। उनीहरू विद्यार्थी समुदायलाई राजनीतिक सचेतनाबाट अलग्याउन सकियो भने गणतान्त्रिक व्यवस्थामाथि धाबा बोल्न सजिलो हुने ठान्छन्। किनकि, उनीहरूलाई थाहा छ, सत्ताको चालबाजीलाई नजिकबाट नियाल्ने, त्यसका गतिविधिमा बहस र पैरवी गर्ने तथा आन्दोलन छेड्ने एवं आमसमुदायमाझ जागरण पैदा गर्ने भनेको अग्रगामी विद्यार्थी समुदायले नै हो। अबको अग्रगामी विद्यार्थी आन्दोलनले यसरी निर्माण गर्न खोजिएका सबै खालका विद्यार्थी आन्दोलनविरोधी अवधारणा, भाष्य र कुप्रचारमाथि प्रहार सुरु गर्नुपर्छ। त्यो प्रहार विद्यार्थी समुदायका हितविरुद्ध फैलिएका तमाम गलत विचारको खण्डनसहित वैचारिक, शैक्षिक कार्यक्रम, राजनीतिक र संगठनात्मक रूपमा नयाँ ढंगले गर्न जरुरी छ। आजको समाजको मुख्य उत्पादक शक्ति विज्ञान तथा प्रविधि बनेर आएको छ। नवीन परिस्थितिमा हामीले सांगठनिक गतिविधि र आन्दोलनलाई नयाँ युगसापेक्ष बनाउनु अबको अनिवार्य आवश्यकता हो। इतिहासमा यस्तो जटिल आवश्यकता पूरा गर्ने अभिभारासहित जन्मिएको विद्यार्थी आन्दोलनको स्वर्णिम समयलाई आत्मसात् गर्दै अघि बढ्नुको विकल्प छैन। दुनियाँलाई बुझाउनु छ, गणतान्त्रिक व्यवस्थासम्मका यो बदलाव कुनै सर्कस टोलीको खेल थिएन भनेर। अग्रगामी, समाजवादी तथा देशभक्त तमाम न्यायप्रेमी विद्यार्थी समुदायले शैक्षिक उन्नयन र राजनीतिक सचेतनाका लागि '१ जेठ'को वास्तविक आन्दोलनको अस्त्रलाई ओजस्वी बनाउन साँचो अर्थमा पुनः तीव्र ढंगले लागिपर्नु जरुरी छ।

(लामा अनेरास्ववियूकी अध्यक्ष हुन्)

---

३ प्रश्न

पूर्वपरराष्ट्रमन्त्री **रमेशनाथ पाण्डेलाई**



■ भारतको चुनावलाई कसरी हेर्नुभएको छ?

यसपटकको चुनावले राष्ट्रियतालाई हिन्दुत्वद्वारा परिभाषित गर्दै भारतीय राजनीतिलाई नयाँ मोड दिने कि नदिने भन्ने ठहर गर्नेछ। चार महिनाअघि अयोध्यामा राम मन्दिर प्राणप्रतिष्ठा समारोहमा प्रधानमन्त्रीले नयाँ मन्त्रवाचन गरेका थिए- 'देवबाट देश, रामबाट राष्ट्र'। सोही समारोहमा भाजपाको अभिभावक राष्ट्रिय स्वयंसेवक संघका प्रमुख मोहन भागवतले भनेका थिए– राममन्दिरको प्राणप्रतिष्ठा भारतवर्षको पुनर्निर्माण अभियानको शुभारम्भ हो।' यो चिन्तन र लक्ष्य भारतीय मतदाताको सामुहिक विवेकबाट अनुमोदित हुन्छ वा हुँदैन भन्ने प्रश्न छ। यसमा प्रयोग भएका दुई मूल शब्दहरू 'हिन्दुत्व' र 'भारतवर्ष'लाई अर्थ्याएर मूल्यांकन गर्ने जाँगर नेपालले देखाउनुपर्छ।

■ नेपालका लागि चुनावपछिको भारत कस्तो हुनेछ?

भाजपाको संकल्पपत्र र कंग्रेसको घोषणापत्रमा लेखिएको परराष्ट्र मामिलाको लक्ष्य विचारणीय छ। भाजपाले 'सभ्यताको मूल भारतको हैसियत पुनर्स्थापना गर्ने' लक्ष्य बनाएको छ। कंग्रेसले 'सत्तामा आएपछि नेपाल र भुटानसँगको विशेष सम्बन्धको प्रधानता पुनर्स्थापित गर्ने' अठोट गरेको छ। यसपटकको विजयले मोदीको राष्ट्रिय र अन्तर्राष्ट्रिय चिन्तनको रूपान्तरणका लागि आवश्यक भूराजनीतिक व्याकरणको अभ्यास सुरु गर्दै हिन्दुत्वको 'स्ट्राटिजिक डक्ट्रिन' व्यवहारमा परिभाषित हुन थाल्नेछ। कंग्रेसले लामो शासनकालमा अभ्यास गरेको विशेष सम्बन्धको नीति र व्यवहारले नेपालीको मनमा पारेको घाउ र भारतप्रति रोपेको आशंकालाई निरन्तरता दिने योजना बताएको छ।

■ यसमा तपाईंको सुझाव के छ?

नेपालको छिमेक नीति र सम्बन्ध सञ्चालन शैलीमा सुधारको खाँचो छ। परराष्ट्र मामिलामा सरकारलाई उछिनेर पार्टीका नेताले चालक सिट कब्जा गर्ने प्रवृत्ति अनिष्टकारी छ। नेपालमा प्रमुख विदेशी शक्तिको रुचि र सक्रियता भिडन्तउन्मुख भएको अवस्थामा छिमेकीसँगको सम्बन्धलाई सुधारेर स्थायित्व दिनु देशको दीर्घकालीन हितमा हुनेछ। भारत र चीनको सामरिक परिधि आपसमा जुध्ने अवस्था बन्न थालेकाले पनि रहर पुऱ्याउन राजनीतिक र कूटनीतिक नेतृत्व सुम्पिने चलन नेपालका लागि घातक छ।

प्रेरक प्रसंग

सन्त कवीर र चार ब्राह्मण

एकपटक सन्त कवीरदास बिहानै गंगास्नान गरिरहेका थिए। त्यसै वेलामा चारजना ब्राह्मण पनि गंगास्नान गर्नका लागि गंगाको किनारमा पुगे। तर, उनीहरूसँग नदीको जल उबाउने लोटा थिएन। पानी अत्यन्त चिसो थियो र नदी निकै गहिरो पनि थियो। यसैले चारैजना ब्राह्मण त्यही गंगा किनारमा बसेर आफ्नो हातले पानी उबाएर बडो अप्ठ्यारोसित नुहाउने असफल प्रयास गरिरहेका थिए।



सन्त कवीरले यो सब धेरै समयदेखि हेरिरहेका थिए। जब उनले उनीहरूको अप्ठ्यारो हेरेर बस्न सकेनन्, तब कवीरले आफ्नो लोटा बालुवाले सफा गरेर गंगाजलले धोए। अनि, उनले सो लोटा ब्राह्मणतिर बढाउँदै भने, 'विनालोटा नुहाउन तपाईंहरूलाई अप्ठ्यारो भइरहेको छ। त्यसैले, मेरो यो लोटा लिनुस् र सजिलोसित नुहाउनुस्।' उनको कुरा सुनेर ती ब्राह्मणले कवीरको शिरदेखि पाउसम्म नियाले। उनीहरूमध्येको एउटाले भने, 'तिम्रो कुरा त ठिकै हो। तर, तिमी एउटा जुलाहा हौ। जुलाहाको लोटाले नुहाउँदा हामी भ्रष्ट हुँदैनौँ र? त्यसैले तिम्रो प्रस्तावका लागि धन्यवाद! तर, हामी तिम्रो लोटाले नुहाउन असमर्थ छौँ।'

उनको जवाफ सुनेपछि गम्भीर हुँदै कवीरले भने, 'उसो भए त यो गंगाजल पनि अपवित्र भयो। किनकि, तपाईंहरूले भन्दा अगाडि मैले यहाँ नुहाइसकेँ। अब तपाईंहरूले आफ्ना लागि अर्को पवित्र गंगा ल्याउनुपर्छ। कहाँबाट ल्याउनुहुन्छ अर्को गंगा?'

कवीरको जवाफ सुनेपछि चारैजना ब्राह्मणको टाउको लज्जावश निहुरियो। उनीहरूले बुझे जातपातमा केही राखिएको छैन। त्यसपछि उनीहरूले खुसीसाथ कवीरको लोटा लिए र नुहाउने कार्य सम्पन्न गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राजस्व छिटो असुल

सेवाग्राहीबाट चर्को शुल्क असुल्ने, भनेजति स्पिडको इन्टरनेट पनि नदिने, जनताबाट अनेक नाममा कर पनि उठाउने र सरकारलाई भने आफूले तिर्नुपर्ने राजस्व तिर्न नपर्ने दाबी गर्दै अदालतमा रिट हाल्ने वर्ल्डलिंक र अन्य सेवा प्रदायकबाट असुल्नुपर्ने राजस्व तत्काल असुल्ने प्रक्रिया सुरु गरियोस्। हामी उपभोक्ताबाट असुलेको कर राज्यको खातामा दाखिला नगर्ने र उल्टै राज्यसित सिँगौरी खेलेर अदालतमा मुद्दा हाल्ने वर्ल्डलिंकलगायत इन्टरनेट सेवा प्रदायकलाई अहिलेसम्मको बक्यौताको जरिवानासहित असुलउपर गरियोस्। यसरी जो चोर उसकै ठूलो स्वर गर्ने व्यापारीलाई राजस्व छुट गरेको समाचार सुन्नु नपरोस् नि कुनै दिन।

● **सुमित्र पाठक**, लाजिम्पाट, काठमाडौं

समिति बनाउन किन आलटाल

यतिखेर प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारी ठगी प्रकरणबारे विस्तृत अनुसन्धान गरी छानबिन गर्नका लागि संसदीय छानबिन समिति बनाउन माग गर्दै संसद् अवरुद्ध गराइरहेको छ। तर, सरकार भने गठबन्धन टुट्ने र सरकार ढल्ने डरले गृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेसमेत मुछिएको र लाखौँ सर्वसाधारणले खाई-नखाई जम्मा गरेको अर्बौं रुपैयाँ ठगी भएको विषयमा अनुसन्धान गर्न समिति बनाउनै आलटाल गरिरहेको छ। यस्तो आलटाल किन?

● **पूर्णिका रजक**
सानेपा, ललितपुर

रोकाको मननीय लेख

विश्लेषक हरि रोकाको 'आवधिक योजनामा पालिकाहरूको अरुचि' शीर्षकको लेख मननीय लाग्यो। खासगरी स्थानीय सरकारका रूपमा चिनिने स्थानीय तहले गर्ने हरेक विकास निर्माणका काम पूरा गर्न आवधिक योजना नबनाई हुँदैन। यस्तो योजना निश्चित खोज, अनुसन्धान र स्रोत तथा क्षमतामा आधारित भइदिए मात्र ती कार्यान्वयनयोग्य हुन्छन् र कुनै अवरोधविनै ती योजना सम्पन्न पनि हुन्छन्। तर, पालिकाहरूले आवधिक योजनाविनै काम गरिरहेकाले जनतामाझ प्रतिफल पुग्न सकिरहेको छैन।

● **सुवर्ण लामा**
बिर्तामोड, झापा

जनमुखी बजेट आओस्

हरेक वर्ष बजेट भाषण आउँछ, जान्छ। तर, सर्वसाधारणलाई भने त्यसको कुनै महत्त्व रहेन। किनभने हाम्रो बजेट कहिल्यै जनमुखी बन्न सकेन। बजेट भाषण आएपछि व्यापारीलाई बजार भाउ बढाउँदै ठीक हुन्छ, कुन सामानमा भाउ कसरी राख्ने भन्ने कुरा व्यापारीले निर्णय गर्छ, सरकारले होइन। कर्मचारीले बजेट बनाउँदा आफ्नो तलब बढाउने काम गर्छन्। कर्मचारीलाई तलब बढाउँदा राहत होला, तर सर्वसाधारणले चाहिँ के गर्ने? यो देशमा कर्मचारी कति छन्? चार लाख कर्मचारीको तलब बढाएर बाँकी जनतालाई मार्न त भएन नि! बरु बजेट ल्याउँदा नै राहत देऊ न, सबैलाई सहुलियत हुन्छ।

बजेट आएपछि व्यापारीले एक वर्षअघि ल्याएको चामलको समेत भाउ बढाउँछन्। काला बजारियाले जनताको ढाड सेकेका छन्। बजेटको आकार मात्र बढाउने होइन, लक्षित वर्गको हितमा बजेटको अधिकतम उपयोग गरियोस्। दुई-चारजना व्यापारी र दुई-चारजना नेतालाई लाभ हुने खालको बजेट नबनोस्। पहिला-पहिला बजेट भाषण भनेपटि रेडियोमा कान थापेर सुनिन्थ्यो, अहिले बजेट भाषणको कुनै महत्त्व रहेन। अर्थमन्त्री वर्षमान पुनले भनेका छन्, निजी क्षेत्रको लगानी जोखिममा पर्ने गरी बजेट ल्याइँदैन। हेरौँ, उनले भनेजस्तो हुन्छ कि हुँदैन? उनले हचुवाका भरमा करनीति परिवर्तन नगर्ने दाबी गरेका छन्। उनले बोलेर मात्र हुँदैन, काम गरेर देखाउनुपर्छ। जनतालाई राहत दिने खालको बजेट ल्याउनुपर्‍यो, हुनेखानेलाई पोसाउने र गरिब जनतालाई मार्ने खालको होइन।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

जर्मनीमा बाल-मतदाता र दक्षिणपन्थको सम्भावित उदय

परम्परागत पत्रकारिताको सट्टा सामाजिक सञ्जालबाट मुख्यतया राजनीतिक जानकारी प्राप्त गर्ने नवमतदातालाई टिकटकले राजनीतीकरण गरेको छ



देश/विदेश

● ग्याब्रियले एबेल्स

जुनमा हुने युरोपेली संसदीय चुनावअघि जर्मनीले मतदाताको न्यूनतम उमेर १६ वर्ष पुऱ्याएको छ। यसले जर्मनीलाई १८ वर्षमुनिका बालबालिकालाई मतदान गर्न अनुमति दिने युरोपियन युनियन (इयू) का सदस्यमध्ये सबैभन्दा ठूलो बनाएको छ। अस्ट्रिया, बेल्जियम र माल्टाले १६ र १७ वर्षका बालबालिकालाई पहिल्यै मताधिकार प्रदान गरिसकेका छन् र ग्रिसले सन् २०२४ मा १७ वर्ष पुगेका सबैलाई जुनमा हुने युरोपेली संसदीय चुनावमा भाग लिन अनुमति दिनेछ।

लगभग ४८ लाख जर्मन किशोर-किशोरीसहित जर्मनीमा बसोवास गर्ने अन्य इयू सदस्य मुलुकका तीन लाख किशोर-किशोरीले पहिलोपटक मतदान गर्नेछन्। यी किशोर-किशोरी मतदाता ६ करोड ४९ लाख कुल मतदाताको सानो हिस्सा हो। तर, जर्मन किशोर-किशोरीको संख्या इयूका केही मुलुकका कुल जनसंख्याभन्दा बढी देखिन्छ। सन् २०१९ को युरोपेली संघको चुनावमा नवयुवा मतदाताको सहभागिता बढेको सन्दर्भमा यो नयाँ सशक्त जनसांख्यिकीबाट बलियो मतदानको अपेक्षा गरिएको छ। यद्यपि उग्र-दक्षिणपन्थीले सक्रिय रूपमा युवा मतदातालाई लक्षित गरिरहेका छन्। कम उमेरका मतदाताका कारण उग्र-दक्षिणपन्थी पार्टी 'अल्टरनेटिभ फर ड्युसल्यान्ड' पार्टी (एएफडी) को चुनावी प्रदर्शन सम्भावित रूपमा बलियो हुनेछ।

हालैको तथ्यांकले जर्मनीमा १५ देखि २४ वर्षका उमेर समूहले युरोपका अन्य उमेर समूहका जनसंख्याको तुलनामा युरोपेली संसद्प्रति बढी अनुकूल दृष्टिकोण राखेको देखाउँछ। तर, युवामाझ यो सकारात्मकता तीव्र रूपमा घट्दै गएको छ। सन् २०२१ मा तीमध्ये ४१ प्रतिशतले संसद्लाई सकारात्मक रूपमा हेरेका थिए, जबकि समग्र जनसंख्यामा यो आँकडा ३४ प्रतिशत थियो। केही द्विविधाका बाबजुद कम उमेर समूहका जनसंख्याले अझै पनि इयू सदस्यतालाई सकारात्मक रूपमा हेर्छन् र ८४ प्रतिशतले जर्मनीका लागि इयूबाट लाभ छ भन्ने मान्छन्। र, इयू क्षेत्रको लोकतन्त्रमाथिको सन्तुष्टि ५८ प्रतिशतमा झरेको छ। तर, युरोपेली संसद्मा विश्वास गर्नेको संख्या ६३ प्रतिशत पुगेको छ।

टिकटक राजनीति : युरोपेली संसद् विश्वव्यापी रूपमा प्रत्यक्ष निर्वाचित एक अन्तर्राष्ट्रिय संसदीय सभा हो। जर्मनीमा पहिलोपटकका मतदाताले ३५ वटा पार्टीबाट सांसद छनोट गर्ने मौका पाउनेछन् र यी नवमतदाताले कट्टर इयूविरोधी एवं उग्रदक्षिणपन्थी पार्टी एफडी रोज्न सक्छन्। परम्परागत पत्रकारिताको सट्टा सामाजिक सञ्जालबाट मुख्यतया राजनीतिक जानकारी प्राप्त गर्ने नवमतदातालाई टिकटकले राजनीतीकरण गरेको छ। एएफडीबाहेक नवमतदातालाई लक्षित गर्ने गरी टिकटकको बलियो उपस्थिति जर्मनीका अन्य राजनीतिक दलमा देखिँदैन। नतिजा युरोपेली संसदीय चुनावमा एएफडी एक बलियो दाबेदार बनेको छ। सन् २०२४ को युरोपेली संसद्को चुनावका लागि एएफडी प्रमुख उम्मेदवार एवं युरोपेली सांसद मेक्सिमिलियन क्राह टिकटकमा लोकप्रिय छन्, जहाँ पाँच लाखभन्दा बढी लाइक आउँछन्। क्राह आफ्नो जातीय-राष्ट्रवादी विचार र निरंकुश प्रणालीको प्रशंसाका लागि परिचित छन्। युरोपेली सांसदको भूमिकामा रहँदा उनले रुसबाट रकम स्विकारेको आरोपमा जर्मन न्यायपालिकाले अनुसन्धान गरिरहेको छ। यसबाहेक उनका एक मान्यताप्राप्त संसदीय सहायकलाई चीनका लागि जासुसी गरेको भन्दै पक्राउ गरी अनुसन्धान गरिँदै छ, यद्यपि क्राह आफैं यो अनुसन्धानको घेरामा परेका छैनन्।

एएफडीको टिकटक सामग्रीले सरल र भावनात्मक रूपमा उत्तेजक राजनीतिक विश्वदृष्टिलाई निराशावादी दर्शकमाझ पस्किन्छ। टिकटकका सामग्रीमा प्रायः द्वेषी अभिव्यक्ति हुन्छ, जुन 'ठट्यौली' पाराको हुने गर्छ। यो रणनीति प्रभावकारी देखिन्छ, किनभने पार्टीले जर्मन युवामाझ लोकप्रियता कमाइरहेको छ। हालैको 'युथ इन जर्मनी २०२४' अध्ययनका अनुसार १४ देखि २९ वर्ष उमेरका लगभग २२ प्रतिशत युवाले एएफडीलाई मतदान गर्नेछन्। यी मतदातामध्ये धेरैले आगामी चुनावमा पहिलोपटक मतदान गर्नेछन्।



तस्बिर : क्लेमेन्स बिलान/इपिए

यसले मतदानको व्यवहारमा ठूलो सम्भावित परिवर्तनको झल्को दिन्छ। सन् २०१९ को युरोपेली संसद्को चुनावमा १८ देखि २९ वर्ष उमेरका ३० प्रतिशत जर्मन मतदाताले सामाजिक उदारवादी पार्टी ग्रिन्सलाई समर्थन गरेका र १३ प्रतिशत मतदाताले मध्यम दक्षिणपन्थी सिडियू/सिएसयूलाई समर्थन गरेका थिए। एएफडीलाई सात प्रतिशतले समर्थन गरेका थिए र त्यतिवेला एएफडी सातौँ स्थानमा थियो। एक उल्लेखनीय लैंगिक अन्तर स्पष्ट रूपमा देखिन्छ, प्रायः युवतीले ग्रिन्स पक्षमा र युवाले पुरातनपन्थी वा उदारवादी पार्टीतर्फ झुकाव राखेका थिए। उम्मेदवार मतदाता र नीतिमा 'पुरुषवादी' छविका लागि परिचित एएफडीमा पुरुष मतदाता बढी हुनु स्वाभाविक देखिन्छ। सन् २०१९ मा १४.६ प्रतिशत पुरुषले एएफडीलाई मतदान गरेका थिए, जबकि महिलाका हकमा यो ७.६ प्रतिशत मात्रै थियो।

क्राहको टिकटक अपिललाई हेर्दा उनी आफूलाई तीन विभिन्न यौनसाथीबाट जन्मेका आठ सन्तानका पिता हुँ भन्दै फुर्ती लगाउँछन्। टिकटकमा उनी महिलालाई कसरी फकाउने भनेर उपाय सुझाउँछन्। एक टिकटक पोस्टमा उनले 'पार्न (अश्लील सामग्री) नहेर्नुस्, ग्रिन्स पार्टीलाई मतदान नगर्नुस्, स्वच्छ हावाको मजा लिनुस्, अडान लिनुस्, आत्मविश्वासी बन्नुस्' असली मर्द दक्षिणपन्थी हुन्छन्, असली मर्दमा वास्तविक सपना हुन्छन्, असली मर्द देशप्रेमी हुन्छन्। यी गुण भए प्रेमिका बनाउन पनि गाह्रो छैन' भनेका थिए। नवमतदाता जर्मन विशेषतः किशोरमाझ यो अपिलको प्रभाव आगामी सातामा स्पष्ट हुनेछ। युवापुस्तालाई युरोपियन युनियन द्वेष र लोकतन्त्रविरोधी भावनाको चपेटामा पर्न नदिन अन्य पार्टीले ध्यान दिनैपर्छ।

(एबेल्स टुबिंगेन विश्वविद्यालयमा तुलनात्मक राजनीति एवं युरोपेली एकताकी प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

ट्रम्पलाई अदालतको कठघरामा उभ्याइरहेकी पोर्न स्टार स्टर्मी डेनियल्स

विवाहेतर सम्बन्ध गोप्य राख्न ट्रम्पले डेनियल्सलाई पैसा दिएको आरोपमा अहिले अदालतमा मुद्दा चलिरहेको छ

स्टर्मी डेनियल्ससँग ट्रम्पको अफेयरको हल्ला वर्षौंदेखि चलिरहेकै थियो । अब भने यी पोर्न स्टार ट्रम्पको टाउको दुखाइ बन्दै गएकी छिन् । ट्रम्पविरुद्ध विचाराधीन 'हस मनी' (घटनाबारे मुख नखोल्न दिइने रकम) मुद्दाको केन्द्रीय पात्र अहिले डेनियल्स बनेकी छिन् । ट्रम्पविरुद्ध यी वयस्क फिल्मकी अभिनेत्रीलाई आफ्नो विवाहेतर 'अफेयर' गोप्य राख्न पैसा दिएको आरोपमा अदालतमा मुद्दा चलिरहेको छ ।

सन् २००६ मा यो जोडीबीच अफेयर रहेको हल्ला बाहिरिएपछि डेनियल्सको नाम ट्रम्पसँग जोडिँदै आएको छ । सन् २०१६ मा पहिलोपटक राष्ट्रपतिका लागि प्रतिस्पर्धामा रहेका बखत डेनियल्सको मुखमा बुझो लगाउन गुपचुप दिइएको एक लाख ३० हजार डलरको भुक्तानीसम्बन्धी कागजातमाथि आपराधिक तवरले छेडखानी गरी हेरफेर गरेको आरोप लागेपछि न्युयोर्कमा उनीविरुद्ध मुद्दा चलिरहेको हो ।

■ को हुन् स्टर्मी डेनियल्स ?

वास्तविक नाम स्टेफनी क्लिफर्ड रहेकी डेनियल्स दुई दशकभन्दा बढी समयदेखि वयस्क मनोरञ्जन व्यवसायमा संलग्न छिन् । उनले थ्रीै भिडियोमा अभिनय गर्नुका साथै केही वयस्क फिल्मको निर्देशन पनि गरेकी छन् । लुजियानामा जन्मेकी यी ४५ वर्षीया युवतीले 'नक्ड अप' र 'द फोर्टी-इयर-ओल्ड भर्जिन'जस्ता मूलधारे कमेडी फिल्ममा पनि अभिनय गरेकी छन् ।

सन् २००६ मा लेक ताहोमा रहेको एउटा होटेलमा ट्रम्पले आफूसँग यौन सम्बन्ध राखेको र सो अफेयरलाई गोप्य राख्न ट्रम्पका वकिलले आफूलाई मौनताको बदलामा सन् २०१६ मा एक लाख ३० हजार डलर (हस मनी) भुक्तानी गरेको डेनियल्सको दाबी रहेको छ । ट्रम्पले भने आफूमाथि लगाइएको यो आरोप अस्वीकार गरेका छन् र उनीसँग अफेयर कहिल्यै नरहेको बताएका छन् । डेनियल्सका अनुसार ट्रम्पकी पत्नी मेलानियाले छोरा ब्यारोनलाई जन्म दिएपछिको समयमा यो अफेयर चलेको थियो । डेनियल्सले सन् २०१८ मा सिबिएस टेलिभिजनको एउटा कार्यक्रमका लागि दिइएको एक अन्तर्वार्तामा सन् २००६ को जुलाईमा लेक ताहोको एउटा 'सेलिब्रेटी गल्फ प्रतियोगिता'का क्रममा ट्रम्पसँग परिचय भएको र ट्रम्पले आफूलाई डिनरको निम्तो दिएको बताएकी छन् । डेनियल्सका अनुसार ट्रम्पलाई उनले होटेलमा भेटेको र कभरमा आफ्नो तस्बिर छापिएको एउटा गल्फ म्यागजिन पनि देखाएका थिए । उनले उक्त म्यागेजिनले डेनियल्सको पुठ्ठामा जिस्किँदै हिर्काएको र उनीतर्फ फर्किएर आफ्नो प्यान्ट केही तल सारेको तर आफूले उनलाई अस्वीकारोक्तिको मुडमा एकाधपटक धकेलेको बताएकी छिन् । ट्रम्पले उनलाई के तिमी मेरो टिभी कार्यक्रम 'सेलिब्रेटी अपरेन्टिस'मा देखा पर्न चाहन्छ्यौ त भनेर लालच पनि देखाए । त्यसपछि आफूले बाथरुम जान बहाना बनाएको र फर्किएपछि सहमतिमै असुरक्षित यौनसम्बन्ध राखेको डेनियल्सको कथन छ ।

त्यसको अर्को वर्ष भने ट्रम्पले बारम्बार टेलिफोन गरेर उनलाई त्यो सम्बन्धलाई गोप्य राख्न आग्रह गरिरहे । सेलिब्रेटी अप्रेन्टिस कार्यक्रममा निम्त्याउनेबारे कुरा गर्न भनेर ट्रम्पकै निमन्त्रणमा उनले जुलाई २००७ मा लस एन्जलसको बेभर्ली हिल्सस्थित एक होटेलमा फेरि ट्रम्पसँग भेट गरिन् । ट्रम्प सो होटेलमा यौनसम्पर्क गर्न चाहन्थे तर आफूले अस्वीकार गरेको डेनियल्सको आरोप छ । डेनियल्सले यौनप्रस्ताव अस्वीकार गरेको एक महिनापछि ट्रम्पले फोन गरेर आफू उनलाई सेलिब्रेटी अप्रेन्टिसमा स्थान दिन असमर्थ रहेको जानकारी दिए ।

■ डेनियल्सलाई चेतावनी र दबाब

डेनियल्सको दाबीअनुसार उनी यो घटनालाई सन् २०११ मा इन टच पत्रिकाको भ्रातृ प्रकाशनलाई १५ हजार डलरमा सुनाउन राजी भएपछि उनलाई धम्क्याइएको थियो । 'एउटा मानिस मेरो छेउमा आयो र ट्रम्पलाई छाडिदिन र सो घटनालाई बिर्सिन चेतावनी दियो,' निहुरिँदै आफ्नी छोरीतर्फ निहाल्दै उसले धम्कीको भाषा बोलेको डेनियल्स बताउँछिन्, 'अहाँ सानी कति राम्री रहिछन् । यिनकी आमालाई केही भयो भने एकदमै नराम्रो हुनेछ ।'

ट्रम्पले सन् २०१६ मा राष्ट्रपतिको रिपब्लिकनतर्फको उम्मेदवारी हात पारेपछि उक्त घटनाको विवरण सुनाउन पैसाको प्रस्ताव गर्दै फेरि मानिसहरू सम्पर्कमा आएको उनले अन्तर्वार्तामा बताएकी छन् । त्यसपछि ट्रम्पका तत्कालीन वकिल माइकल कोहेनले उनलाई यसबारे केही नबोल्न भन्दै हस मनीका रूपमा एक लाख ३० हजार डलर प्रस्ताव गरे । लस एन्जलस्थित संघीय अदालतमा पेस भएका कागजातअनुसार उनले एउटा गोप्य सम्झौतामा हस्ताक्षर गरेकी थिइन्, जसमा भुक्तानीको बदलामा सार्वजनिक रूपमा ट्रम्पसँगको सम्बन्धबारे छलफल नगर्ने वाचा गराइएको छ । उक्त सम्झौतामा डेनियल्सका तत्कालीन वकिल किथ डेभिडसन र कोहेनले पनि हस्ताक्षर गरेका थिए । ट्रम्पको हस्ताक्षरका लागि पनि ठाउँ राखिएको थियो । तर, ट्रम्पले त्यसमा हस्ताक्षर गरेनन् ।

डेनियल्सलाई गरिएको भुक्तानीका विषयमा वाल स्ट्रिट जर्नलले सन् २०१८ मा समाचार लेखेपछि कोहेनले सार्वजनिक रूपमा हस मनी प्रकरण स्विकारे । 'मैले उनलाई आफ्नै पैसा दिएको हुँ, ट्रम्पले त्यसो गर्ने निर्देशन दिएका होइनन्', उनले भनेका थिए । तर, पछि अदालतसमक्षचाहिँ सो भुक्तानीको आदेश ट्रम्पले नै आफूलाई दिएको बकपत्र गरिदिए ।

सम्झौतालाई अवैध बनाउन खोजेको भन्दै डेनियल्सले ट्रम्प र कोहेनविरुद्ध मुद्दा दायर गरिन् । लगत्तै ट्रम्पका वकिलले अदालतलाई ट्रम्पले सो सम्झौतामा हस्ताक्षर नगरेको र यसलाई लागू गर्न नचाहेको बताए । साथै, यो विषय मिलिसकेको भन्दै उनले दिएको मुद्दालाई खारेज गरिदिन न्यायाधीशसमक्ष अनुरोध पनि गरियो ।

■ किन चलिरहेको छ मुद्दा ?

७७ वर्षीय ट्रम्पमाथि डेनियल्सलाई गरिएको भुक्तानीलाई ढाकछोप गर्न आपराधिक रूपमा कारोबार फेरबदल गरेको आरोप लागेको छ । यसैगरी, प्लेब्वायकी पूर्वमोडल कारेन म्याकडोगसँग राखेको यौनसम्पर्कको कुरा सार्वजनिक हुन नदिन उनलाई एक लाख ५० हजार डलरको भुक्तानी गर्ने कार्यमा पनि ट्रम्पकै संलग्नता रहेको आरोप पनि छ । अभियोजकहरूका अनुसार तेह्रो आरोप ट्रम्पको विवाहेतर सन्तानबारे जानकारी रहेका ट्रम्प टावरका एक पूर्वद्वारपाललाई कथित ३० हजार डलर भुक्तानीका वरपर केन्द्रित छ । ट्रम्पले डेनियल्सलाई कोहेनले तिरेको रकम कोहेनलाई फिर्ता गरेको कुरा स्वीकार गर्दै यसलाई ट्रम्प अर्गनाइजेसनले कानुनी खर्चको रूपमा प्रतिपूर्ति गरिदिएको बताएका छन् । तर, उनले यी दुवै महिलासँग यौनसम्बन्ध राखेको आरोप भने अस्वीकार गरेका छन् । साथै यी भुक्तानीमा कुनै गलत कार्य नभएको दाबी गरेका छन् ।

उनीमाथि आफ्नाबारे नकारात्मक जानकारी पहिचान गर्न, किन्न र लुकाउन तथा आफ्नो चुनावी सम्भावनालाई अभिवृद्धि गर्न 'पक्र र समाप्त गर' योजना चलाएको पनि आरोप छ । ट्रम्पका वकिलहरूले भने यी भुक्तानी ट्रम्प र उनको परिवारलाई अनावश्यक बदनामीबाट जोगाउन र डेनियल्स र डिसिडोगलले 'झुटा लाञ्छना' लगाउनबाट रोक्न गरिएको दाबी गर्ने गरेका छन् ।

- स्काई न्युजबाट

> सन् २००६ मा लेकताहोस्थित होटेलमा ट्रम्पले आफूसँग यौन सम्बन्ध राखेको र त्यसलाई गोप्य राख्न ट्रम्पका वकिलले आफूलाई मौनताको बदलामा सन् २०१६ मा एक लाख ३० हजार डलर (हस मनी) भुक्तानी गरेको डेनियल्सको दाबी





■ डेनियल्स भन्छिन्- निर्वस्त्र ट्रम्पको त सामना गरेकी छु, लुगासहितका ट्रम्पसँग डराउने कुरै छैन

द टाइम्ससँगको अन्तर्वार्तामा डेनियल्स भन्छिन्, 'ट्रम्पलाई छुनै सकिँदैन भन्ने होइन । सत्तासीन हुँदैमा कसैले पनि कानुनबाट उन्मुक्ति पाउँदैन । र, तपाईंको काम जुनसुकै होस्, वा तपाईंसँग जति नै पैसा होस्, तपाईंको कर्मका लागि तपाईंलाई जवाफदेही बनाइन्छ नै ।' अदालतमा ट्रम्पको सामना गर्न नडराउने उनको कथन छ । 'मैले नांगो ट्रम्पको त सामना गरेकी छु भने लुगासहितका ट्रम्पसँग म डराउने कुरै छैन,' उनी भन्छिन् ।

लोकसभाको ९६ सिटका लागि मतदान

नयाँदिल्ली / भारतको तल्लो सदन लोकसभाका लागि चौथो चरणको मतदान सम्पन्न भएको छ । दश राज्य र केन्द्र प्रशासित प्रदेशसहितका ९६ सिटका लागि सोमबार निर्वाचन भएको हो । साथै आन्ध्र प्रदेश राज्यको १७५ सदस्यीय विधानसभा र ओडिसा राज्यको २८ सदस्यीय विधान सभाका लागि पनि सोमबार नै मतदान भएको छ ।

लोकसभाको ९६ स्थानमध्ये आन्ध्र प्रदेशका २५, तेलंगनाका १७, उत्तर प्रदेशका १३, महाराष्ट्रका ११, मध्यप्रदेशका आठ, पश्चिम बंगालका आठ, बिहारका पाँच, झारखण्ड र ओडिसाका चार-चार तथा जम्मु कासिमरका एक स्थानमा चुनाव भएको हो । निर्वाचनमा केही चर्चित अनुहार पनि प्रतिस्पर्धामा छन् । एआइएआइएमका प्रमुख असासुद्दिन ओवैसी, समाजवादीका अध्यक्ष अखिलेश यादव, पश्चिम बंगाल कंग्रेसका प्रमुख अधिररञ्जन चौधरी, टिएमसीका नेता महुआ मोइत्रा, भाजपाका नेता गिरिराज सिंह, जनता दल युनाइटेडका राजीव रञ्जन सिंह, टिएमसीका नेता शत्रुघ्न सिन्हा र पूर्वक्रिकेटर युसुफ पठान मुख्य प्रतिस्पर्धी छन् ।

केजरिवाललाई मुख्यमन्त्रीबाट हटाउन माग गरेको अपिल खारेज

नयाँदिल्ली / आम आदमी पार्टीका संयोजक अरविन्द केजरिवाललाई दिल्लीको मुख्यमन्त्री पदबाट हटाउन माग गरिएको अपिललाई भारतको सर्वोच्च अदालतले खारेज गरेको छ । न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपंकर दत्ताको संयुक्त इजलासले यस्ता मुद्दामा जान नसकिने र यो दिल्लीका लेफ्टिनेन्ट गभर्नरले हेर्ने विषय भएको बताएको छ । 'यो सबैमा हामी कसरी जाने ? लेफ्टिनेन्ट गभर्नरलाई कारबाही गर्न दिनुहोस् । हामीलाई कुनै कानुनी अधिकार छैन,' इजलासले भनेको छ । गतहप्ता इजलासले जुन १ मा दिल्लीमा हुने आगामी लोकसभा चुनावलाई ध्यानमा राख्दै केजरिवाललाई अन्तरिम जमानत प्रदान गरेको थियो । तथापि इजलासले केजरिवालले मुख्यमन्त्रीका रूपमा काम गर्न नसक्ने जनाउँदै कुनै पनि आधिकारिक फाइलमा हस्ताक्षर गर्न वा मुख्यमन्त्रीको कार्यालय प्रयोग गर्न नसक्ने बताएको थियो ।

Putalibazar Municipality
Office of Municipal Executive
Syangja, Gandaki Province, Nepal

Notice for the Letter of Intent

First Publication Date: 2081/02/01

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids published in the National daily newspaper on 25th **Chaitra , 2080**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

S.N.	Contract ID No.	Lowest Evaluated Substantially Responsive Bidder	Bid Price NRs. (With VAT)
1	Contract ID :- 08/PM/NCB/GOOD S/080/081, Supply And Delivery Of Refuse Compactor Vehicle	Global Autoland Pvt.Ltd, Nayabazar, Pokhara	Nrs.51,25,999.99

Chief Administrative Officer

Gandaki Province Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office, Kaski

Invitation for Electronic Bids

Date of publication: 2081-02-01 (14th May, 2024) ***(First Time Published)***

The Infrastructure Development Office, Kaski invites *electronic bids* for the Construction of following works under NCB Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid with the required documents within the mentioned period as stated in Bidding Document.

S.N.	Contract No.	Description of Work	Avg. Annual Construction Turnover (NRs.)	Bid Security (NRs.)	Bid Document Fee (NRs.)	Specific Experience Requirement
1	IDOKASKI/W/NCB/R/MY/122/2080/081	Upgrading of Puranchaur Khaarpani Bharaabhari Road, Kaski	120M	2.25M	5,000	As Stated in EQC of Bid Document.
2	IDOKASKI/W/NCB/R/MY/123/2080/081	Upgrading of Kalika Chowk to Thumakodanda Road, Pokhara-26	47.50M	890K	5,000	
3	IDOKASKI/W/R/NCB/MY/124/2080/081	Upgrading of Sishuwa Deurali Fedi Sadak, Pokhara-30 and 32, Kaski	82M	1.525M	5,000	
4	IDOKASKI/W/R/NCB/MY/125/2080/081	Upgrading of Syangkhudi Kandelgaun Raikar Satdobato Deurali Sadak, Pokhara-28	60M	1.12M	5,000	
5	IDOKASKI/W/BRG/NCB/MY/126/2080/081	Construction of Chandikhola Motorable Bridge, Pohara-28, Kaski	54M	995K	5,000	

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय खाँदबारी, संखुवासभाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/०२/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

१. संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रही अनुसुची-४ (दफा ४ को उपदफा (५) सँग सम्बन्धित) खाँदबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खाँदबारी, संखुवासभामा मिति २०७७/०७/२४ मा प्रमाण पत्र नं. १४७३ तथा आन्तरिक राजस्व कार्यालय धरान तथा करदाता सेवा कार्यालय खाँदबारीमा स्थायी लेखा नम्बर (PAN) ६१४२०७१८७ अन्तर्गत दर्ता कायम भएको **लिला स्टोर** ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. बल बहादुर कट्टेलको बुहारी, मिलन कट्टेलको पत्नि, संखुवासभा जिल्ला, धुपू गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने **लिला ओझा कट्टेल** (ना.प्र.नं १०३००१-६७१, जारी मिति २०६३/१२/०१, जि.प्र.का. संखुवासभा) ।

२. विर बहादुर कट्टेलको नाति, बल बहादुर कट्टेलको छोरा, संखुवासभा जिल्ला, धुपू गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने **मिलन कट्टेल** (ना.प्र.नं. ३०६२९११, जारी मिति २०५२/११/१०, जि.प्र.का. संखुवासभा) ।

धितोको विवरण

१. बल बहादुर कट्टेलको बुहारी, मिलन कट्टेलको पत्नि, संखुवासभा जिल्ला, धुपू गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने लिला ओझा कट्टेल (ना.प्र.नं १०३००१-६७१, जारी मिति २०६३/१२/०१, जि.प्र.का. संखुवासभा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको संखुवासभा जिल्ला, साबिक पाङ्मा गा.वि.स. वडा नं. ८ हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. २ स्थित कि.नं. १८७४ को क्षेत्रफल ४८८ (व.मि.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रही अनुसुची-४ (दफा ४ को उपदफा (५) सँग सम्बन्धित) खाँदबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खाँदबारी, संखुवासभामा मिति २०७७/०७/२४ मा प्रमाण पत्र नं. १४७३ तथा आन्तरिक राजस्व कार्यालय धरान तथा करदाता सेवा कार्यालय खाँदबारीमा स्थायी लेखा नम्बर (PAN) ६१४२०७१८७ अन्तर्गत दर्ता कायम भएको लिला स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

२. कर्ण बहादुर अधिकारीको नाति, लिला बहादुर अधिकारीको छोरा, संखुवासभा जिल्ला, सभापोखरी गा.वि.स./न.पा. वडा नं. ३ स्थाई ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने **यादव कुमार अधिकारी** (ना.प्र.नं. १७७०-३२२७९, जारी मिति २०४२/०१/२०, जि.प्र.का. संखुवासभा) ।

व्यक्तिगत जमानीकर्ताको विवरण

लिला बहादुर अधिकारीको बुहारी, यादव कुमार अधिकारीको पत्नी, संखुवासभा जिल्ला, वाह्रविसे गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने **सुशिला श्रेष्ठ** (ना.प्र.नं. ५०७/४७०३५, जारी मिति २०४९/०४/३२, जि.प्र.का. संखुवासभा) ।

धितोको विवरण

कर्ण बहादुर अधिकारीको नाति, लिला बहादुर अधिकारीको छोरा, संखुवासभा जिल्ला, सभापोखरी गा.वि.स./न.पा. वडा नं. ३ स्थाई ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने यादव कुमार अधिकारी (ना.प्र.नं. १७७०-३२२७९, जारी मिति २०४२/०१/२०, जि.प्र.का. संखुवासभा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको संखुवासभा जिल्ला, साबिक मनकामना गा.वि.स. वडा नं. ३ हाल खाँदबारी न.पा. वडा नं. १ स्थित कि.नं. ४९१२ को क्षेत्रफल ७५२.३८ (व.मि.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank
शाखा कार्यालय : खाँदबारी, संखुवासभा
फोन नं. ०२९-५६३१७२
Website : www.siddharthabank.com

वित्तीय संघीयताको सुधार मध्यम गतिमा

काठमाडौं/ नेपालमा वित्तीय संघीयताको सुधार मध्यम गतिमा रहेको पाइएको छ। विश्व बैंकले सार्वजनिक गरेको नेपाल वित्तीय संघीयता अध्ययनको दोस्रो संस्करणले प्रदेश तथा स्थानीय तहमा सार्वजनिक वित्तीय व्यवस्थापनका कानुनी र संस्थागत सुधारले निरन्तरता पाए पनि यो मध्यम गतिमा रहेको देखाएको छ।

विशेष गरी संघीय राजस्व संकलन घटेका कारण आव ०७९/८० मा प्रदेश तथा स्थानीय सरकारका लागि उपलब्ध वित्तीय स्रोतमा आएको कमीसँगै आव ०७३/७४ मा वित्तीय संघीयताको सुरुवात भएयता पहिलोपटक प्रदेश तथा स्थानीय तहले वित्तीय घाटाको सामना गरेको प्रतिवेदनमा उल्लेख छ। 'प्रतिवेदनले प्रदेश तथा स्थानीय सरकारहरूलाई प्रभावकारी रूपमा आ-आफ्ना जिम्मेवारी बहनका लागि टेवा पुऱ्याउन वित्तीय हस्तान्तरणलाई सहज बनाएका छन्,' मुख्य सचिव डा. वैकुण्ठ अर्यालले भने।' 'वित्तीय संघीयता प्रदेश तथा स्थानीय सरकारहरूका लागि दिगो सेवा प्रवाहको एउटा महत्त्वपूर्ण आधार हो। प्रदेश तथा स्थानीय तहमा पर्याप्त वित्तीय स्रोत र खर्च गर्ने निर्णय क्षमता हुनु आवश्यक छ,' माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद-जर्भोसले भने।

नारायणी नदीमा सिग्नेचर पुल बन्ने

भरतपुर/ महेन्द्र (पूर्व-पश्चिम) राजमार्गअन्तर्गत नारायणी नदीमा नेपालकै पहिलो सिग्नेचर पुल बन्ने भएको छ। चितवनको भरतपुर महानगरपालिका र नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैंडाकोट नगरपालिका जोड्ने नारायणी नदीमाथि बन्ने सिग्नेचर पुलको सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिलान्यास गरेका हुन्। पुलको शिलान्यास गर्दै प्रधानमन्त्री दाहालले गणतन्त्र स्थापना भएपछि राजतन्त्रकालमा भन्दा कैयौं गुणा बढी विकास भएको बताए। उनले भने, 'चालू आर्थिक वर्षमा मात्रै एक सय ४९ भन्दा बढी पुलको निर्माण भएको छ। सडक पूर्वाधार, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, विद्युत्जस्ता भौतिक पूर्वाधारको विकास एवं सामाजिक सुरक्षा, सेवा प्रवाह, सेवाको सरलीकरण र प्रभावकारितालगायत मानवीय विकासका क्षेत्रमा समेत नेपालले उत्साहपूर्ण प्रगति गरिरहेको छ।'

कार्यक्रममा उपप्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले सिंगनेचर पुल आफ्नो कार्यकालको महत्त्वपूर्ण योजना रहेको बताउँदै यसलाई विशेष प्राथमिकतामा राखी सम्पन्न गर्ने बताए। भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले भरतपुरलाई व्यवस्थित र समृद्ध सहर बनाउन पुलले महत्त्वपूर्ण भूमिका निर्माण गर्ने बताइन्। यो सिग्नेचर ब्रिजको लम्बाइ चार सय २० मिटर लामो हुनेछ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलका अनुसार पुलमा जम्मा चारवटा पिल्लर रहनेछन्। पुलको मुनिबाट ठूला पानीजहाज आवतजावत गर्न मिल्ने गरी बनाइनेछ। पुलको बीचमा दुई पिल्लरबीचको भाग दुई सय १० मिटर फराकिलो छ। पुल निर्माणका लागि तुँदी कन्स्ट्रक्सनसँग ०८० जेठ १९ गते नै सम्झौता भएको थियो। कम्पनीले चार वर्षभित्र पुल निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको छ। एक अर्ब ६८ करोड ७६ लाखमा ठेक्का सम्झौता भएको हो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानतकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	प्रदेश सरकार, (प्रदेश नं. २), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा उद्योग दर्ता नं. ८४०३/७००/११३/४९, फतुवा वि, अन्तर्गत मिति २०७७/०९/०८ मा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ८ स्थित **सागर कृषि फार्म** **प्रोप्राईटर तथा जमानीकर्ता : गजेन्द्र राय यादव**	१) नथुनी राय यादवको नाती, विद्या रायको छोरा, रौतहट जिल्ला, फतुवा हर्षाहा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ७ बस्ने गजेन्द्र राय यादवको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. २/ख (हाल फतुवा विजयपुर न पा. वडा नं. ८) स्थित किता नं. २१७ को क्षेत्रफल ०-११-०-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सागर कृषि फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) गजेन्द्र राय यादव स्थायी ठेगाना: रौतहट जिल्ला, फतुवा हर्षाहा गा.वि.स. वडा नं. ३ हालको ठेगाना: रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ७ बाबु: विद्या राय बाजे: नथुनी राय यादव	**२) ललिता देवी यादव** स्थायी ठेगाना: रौतहट जिल्ला, फतुहा हर्षाहा गा.वि.स. वडा नं. ३ हालको ठेगाना: रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ७ बाबु: जनाहर लाल यादव ससुरा: विद्या राय पति: गजेन्द्र राय यादव	**३) रमेश कुमार यादव** ठेगाना: रौतहट जिल्ला, फतुवा विजयपुर न.पा. वडा नं. ७ बाबु: गजेन्द्र राय यादव बाजे: विद्या राय
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	**हफिज देवान** स्थायी ठेगाना: रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७ बाबु : अकवर देवान बाजे : मोल्वी देवान	**रोशना खातुन** स्थायी ठेगाना : रौतहट जिल्ला, प्र. पल्टुवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७ बाबु : अमान्त देवान ससुरा : अकवर देवान पति : हफिज देवान
	धितोको विवरण	
	मोलवी देवानको नाती, अकवर देवानको छोरा, रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७ बस्ने हफिज देवानको नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. ७) स्थित किता नं. ४२४ को क्षेत्रफल १-१-१६ (बिगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
	ऋणीको विवरण	**धितोको विवरण**
३)	**धनी लाल प्रसाद कुर्मि** स्थायी ठेगाना : पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ५ बाबु : किशोरी राउत कुर्मि बाजे : जदुनी राउत कुर्मि	कुल्दीप राउतको नाती, जदुनी राउत कुर्मिको छोरा, पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ५ बस्ने किशोरी राउत कुर्मिको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३ (हाल धोविनी गा.पा. वडा नं. ५) स्थित किता नं. ७४ र ७५ को क्षेत्रफल क्रमश: ७६.६४ र २०७.१७ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) निर्मला देवी स्थायी ठेगाना : पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ५ बाबु : बसन्त राउत कुर्मि ससुरा : किशोरी राउत कुर्मि पति : धनी लाल प्रसाद कुर्मि	**२) किशोरी राउत कुर्मि** स्थायी ठेगाना : पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ५ बाबु : जदुनी राउत कुर्मि बाजे : कुल्दीप राउत	**३) लक्ष्मपति देवी कुर्मिन** स्थायी ठेगाना : पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ५ बाबु : गोरख राउत ससुरा : जदुनी राउत कुर्मि पति : किशोरी राउत
	४) महेश राउत स्थायी ठेगाना : पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ५ बाबु : किशोरी राउत कुर्मि बाजे : जदुनी राउत कुर्मि	**५) अर्जुन प्रसाद कुर्मी** ठेगाना : पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ५ बाबु : धनी लाल प्रसाद कुर्मि बाजे : किशोरी राउत कुर्मि
	ऋणीको विवरण	**धितोको विवरण**
४)	**१) रामाकान्त पासवान** स्थायी ठेगाना: पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना: पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु: राजदेव हजरा बाजे: वन्ती हजरा	जोधा हजरा दुसाधको नाती, वन्ती हजराको छोरा, पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बस्ने राजदेव हजराको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ (हाल धोबीनी गा.पा. वडा नं. ३) स्थित किता नं. ९ र १४६ को क्षेत्रफल क्रमश: ५१८.७५ र ९४५ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) राजदेव हजरा स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु : वन्ती हजरा बाजे : जोधा हजरा दुसाध	**२) मिना देवी पासवान** स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु : चनरमन पासवान ससुरा : वन्ती हजरा पति : राजदेव हजरा	**३) सुशील कान्त पासवान** स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु : राजदेव हजरा बाजे : वन्ती हजरा

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लेखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सोबिकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कुनै कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति : २०८१/०२/०१

अस्पतालबाट आर्थिक राष्ट्रिय दैनिकमा मिति २०८१/०१/१२ गते दोस्रो पटक प्रकाशित सूचना अनुसार तपसिलको ठे.नं.का लागि रितपूर्वक पेश भएका बोलपत्रहरु मध्ये न्यूनमूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही भएको तपसिलका बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२)र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

ठे.नं.	कामको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	ठेक्काकबोल रकम (मू.अ.कर बाहेक)
PH/Karnali/NCB-22/080-81	Procurement Neurosurgical Microscope.	Biomed International Pvt. Ltd. Gairidhara, Kathmandu.	59,84,900.00
PH/Karnali/NCB-23/080-81	Procurement Fluoroscopy C-Arm Machine.	National Electro-Tech Pvt. Ltd. New Baneshwor, Kathmandu.	42,47,000.00

अस्पताल निर्देशक

१५(पन्द्र) दिने धितो लिलामीको सूचना

(प्रकाशित मिति : २०८१/०२/०१)

मिति २०८०/१२/२२ मा प्रकाशित धितो लिलामीको ३५(पैंतिस)दिने सार्वजनिक सूचना अनुसार मिति २०८१/०१/२७ मा हुनुपर्ने धितो लिलामीको प्रकृया मिति २०८१/०१/२५ मा बसेको सञ्चालक सर्मितिको बैठकले हाललाई ऋणीद्वय मध्ये राम बहादुर दङ्गालको धितो लिलामी प्रकृया स्थगित गरि एकाघर परिवारको अर्का ऋणी चञ्चली थापाको मात्र १५(पन्द्र)दिनको धितो लिलामीको सार्वजजिनक सूचना प्रकाशित गर्ने निर्णय भएअनुसार यो सूचना प्रकाशित गरिएको छ। यसर्थ यस श्रीयन्त्र बचत तथा ऋण सहकारी सँस्था लि.का तपसिलमा उल्लेखित तपाई ऋणीले कर्जा उपभोग गर्दै आउनु भएकोमा कर्जाको सँस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज आदि भुक्तान गर्न आउन तपाईं ऋणीहरुलाई पटक पटक मौखिक तथा सार्वजनिकरुपमा पत्र पत्रिकामा ७(सात), १५(पन्द्र) तथा ३५(पैंतिस)दिने तथा मिति २०८०/१२/२२ मा ३५(पैंतिस)दिने धितो लिलामीको सार्वजनिक सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता गर्न चासो नदेखाई बेवास्ता गरेकोले धितो लिलामीको अर्को १५(पन्द्र)दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको १५(पन्द्र)दिन भित्र ऋणी तथा जमानी सँस्थामा उपस्थित भई आफूले तिर्नुपर्ने ऋण कर्जाको साँवा, ब्याज तथा अन्य दै-दस्तुर चुक्ता-भुक्तान गरेमा सो धितो लिलामीको प्रकृया नै स्थगित गर्नसकिनेछ। तोकिएको म्याद भित्र पनि ऋणकर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रचलित नेपाल कानून बमोजिम सँस्थाले लिलाम बिकी गर्ने भएकोले लिलाममा डाक बढाबढ गरिलिन चाहने ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन(उक्त दिन बिदा परेमा सो को भोलिपल्ट)बिहान ११ बजे यस सँस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ। धितो लिलामी डाक बढाबढ बोलकबोल कसैले नसकारेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम सँस्था आफैले सो धितो लिलाम सकार गर्नेछ।

धितो लिलाम बढाबढमा सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले कबोल रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरुप सोहि दिन सँस्थामा जम्मा गर्नुपर्नेछ। कबोल रकमको बाँकी रकम ७(सात)दिन भित्र जम्मा गरिसक्नुपर्नेछ। तोकिएको म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी स्वरुप राखेको रकम जफत गरिनेछ। तपसिलमा उल्लेखित सुरक्षणको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राखि लिन सकिनेछ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	जमानीको विवरण
नाम : चञ्चली थापा बाबुको नाम : शिव बहादुर थापा पतिको नाम : सन्त बहादुर दङ्गाल ठेगाना : सिन्धुपाल्चोक जिल्ला,कुन्चोक वार्डनं.५ हालको ठेगाना : कागेश्वरी मनहोरा,वडा नं.५(थली) ना.प्र.नं. : २४१०३४।१६९५२ जारी मिति : २०६६/०१/२८ जारी स्थान : जि.प्र.का. सिन्धुपाल्चोक ।	चन्चली थापाको नाममा रहेको काठमाडौं जिल्ला, थलिडाँछी-७ को नक्सा सिट नं.७, कि.नं. २३०३,क्षे.फ.०-३-०-० को जग्गा तथा सो जग्गाले चर्चेको लिगलिगापात समेत ।	**नाम : सन्त बहादुर दङ्गाल** बाबुको नाम : राम बहादुर दङ्गाल बाजेको नाम : टेक बहादुर दङ्गाल ठेगाना : सिन्धुपाल्चोक जिल्ला, कुन्चोक वार्डनं.५, हालको ठेगाना : कागेश्वरी मनहोरा, वडा नं.५ (थली) ना.प्र.नं. : ४८२२४/११२६३८ जारी मिति : २०६०/०३/२९ जारीस्थान : जि.प्र.का.सिन्धुपाल्चोक ।

श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.
पिंगलास्थान, गौशाला, काठमाडौं, फोन नं. : ०१-४४८३२४५

कर्जा तिर्न आउनेबारे ३५ दिने सूचना

(प्रकाशित मिति : २०८१/०२/०१)

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी सँस्था लि.का तपसिलमा उल्लेखित ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको सँस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा-ब्याज किस्ता नतिरेका,ब्याज नतिरेका, आशिँक ब्याज मात्र तिरेका, कर्जा नवकिरण नगरेका ऋणी सदस्यहरुलाई पटक पटक तरताकेता तथा व्यक्तिगत रुपमा सम्पर्क गरि तथा पत्राचार गर्दा समेत ऋणकर्जा चुक्ता गर्न कुनै चासो नदेखाई बेवास्ता गरेकोले कर्जा चुक्तागर्न आउन ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र पनि कर्जा चुक्ता गर्न नआएमा सँस्था बाध्य भई यहाँले सँस्थालाई दिनु भएको धितो लिलामको सूचना प्रकाशित गरि धितो लिलाम गरि सँस्थाले पाउनुपर्ने साँवा, ब्याज, हर्जानाका साथै अन्य दैदस्तुर लगायत धितो लिलाम प्रकृयामा भएका खर्चहरु उठाईलिने बेहोरा जानकारी गराईन्छ।

सि.नं.	ऋणीहरुको नाम तथ ठेगाना	सि.नं.	ऋणीहरुको नाम तथ ठेगाना
१.	**नाम : राजेन्द्र प्रसाद अगन्जा** बाबुको नाम : रत्न बहादुर अगन्जा बाजेको नाम : न्हुच्छे मान अगन्जा ठेगाना : भक्तपुर जिल्ला, चाँगुनारायण-२ अगन्जाटोल ना.प्र.नं. : २९-०१-०६६-००१९६ जारी मिति : २०६६/०१/१६ जारी स्थान : जि.प्र.का. भक्तपुर	२.	**नाम : लक्ष्मी कार्की** बाबुको नाम : नरेन्द्र बहादुर कार्की पतिको नाम : राम बहादुर पौडेल ठेगाना : उदयपुर जिल्ला, तपेश्वरी-९, आमबासी हाल-गोकर्णेश्वर न.पा. वडा नं. ५-पहेंलोपुल ना.प्र.नं. : २८४८६/४०४४ जारी मिति : २०५२/०१/१२ जारी स्थान : जि.प्र.का. उदयपुर
३.	**नाम : अम्बिका लिम्बु** बाबुको नाम : डम्बर बहादुर लिम्बु पतिको नाम : रत्न कपाली श्रेष्ठ ठेगाना : मोरङ जिल्ला, जाते-८, हाल : का.म.न.पा.वडा नं. ८-ईंटापाखा ना.प्र.नं. : १०३७१ जारी मिति : २०५४/०७/१२ जारी स्थान : जि.प्र.का.मोरङ, उर्लाबारी	४.	**नाम : बिष्णु बहादुर तामाङ** बाबुको नाम : पेचर तामाङ बाजेको नाम : काजीमान तामाङ ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, तेमाल-५ हाल-शेर्पा कोलोनी, आरुबारी ना.प्र.नं. : ३४५३९ जारी मिति : २०४६/०८/१८ जारी स्थान : जि.प्र.का. काभ्रेपलाञ्चोक
५.	**नाम : हेम काजी पुरी** बाबुको नाम : धन बहादुर पुरी बाजेको नाम: हरिलाल पुरी ठेगाना : खोटाङ जिल्ला, बाकाचोल-५, हाल-कामपा-४, सुकेधारा, काठमाडौं ना.प्र.नं. : २८१५/४४७४ जारी मिति : २०४५/०१/१५ जारी स्थान : जि.प्र.का. खोटाङ		

श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.
पिंगलास्थान, गौशाला, काठमाडौं, फोन नं. : ०१-४४८३२४५

मन्दीमा पनि ४९ प्रतिशत बढ्यो बिमा कम्पनीको नाफा

● व्यवसाय कम भएपछि कम्पनीले प्रोभिजनिङ गर्नुपर्ने रकम घटेको छ, त्यसले नाफा बढाउन सहयोग पुग्यो

● सेयर तथा सम्पत्ति बिक्रीले पनि बढायो निर्जीवन बिमा कम्पनीहरूको नाफा

● नौ महिनामा जीवन बिमा कम्पनीको नाफा चार अर्ब ९१ करोड ८६ लाख

● निर्जीवन बिमा कम्पनीको नौ महिनामा पाँच अर्ब ६५ करोड १३ लाख खुद नाफा

जीवन बिमा कम्पनीहरूको नाफा

कम्पनी	०७९/८० चैत	०८०/८१ चैत
एसियन लाइफ	६९ करोड ११ लाख	१९ करोड ४७ लाख
नेपाल लाइफ	६० करोड ३ लाख	४९ करोड १२ लाख
सन नेपाल लाइफ	४९ करोड ३६ लाख	४४ करोड ४५ लाख
हिमालयन लाइफ	४३ करोड ५४ लाख	४७ करोड ३२ लाख
नेसनल लाइफ	३८ करोड ८३ लाख	२९ करोड ८० लाख
रिलायबल नेपाल लाइफ	३४ करोड २ लाख	२८ करोड ५७ लाख
आइएमई लाइफ	३३ करोड १५ लाख	१८ करोड ८६ लाख
सानिमा लाइफ	३० करोड ४८ लाख	१५ करोड ७९ लाख
सूर्यज्योति लाइफ	२९ करोड ५४ लाख	२२ करोड ६ लाख
सिटिजन्स लाइफ	२८ करोड १३ लाख	१५ करोड १ लाख
मेट लाइफ	२७ करोड ४ लाख	२१ करोड ३४ लाख
प्रभु महालक्ष्मी लाइफ	२६ करोड ८९ लाख	१९ करोड ३८ लाख
एलआइसी नेपाल	१९ करोड २४ लाख	१० करोड ९७ लाख
राष्ट्रिय जीवन बिमा	दुई करोड ४५ लाख	एक करोड २६ हजार

निर्जीवन बिमा कम्पनीहरूको नाफा

कम्पनी	०८०/८१ चैत मसान्त	०७९/८० चैत मसान्त
नेपाल इन्स्योरेन्स	६१ करोड ४४ लाख	३० करोड ५४ लाख
हिमालयन एभरेस्ट	६० करोड ६५ लाख	२३ करोड सात लाख
सिद्धार्थ प्रिमियर	५९ करोड ७१ लाख	२८ करोड ४८ लाख
राष्ट्रिय बिमा कम्पनी	५१ करोड ६३ लाख	६८ करोड ६४ लाख
सगरमाथा लुम्बिनी	४७ करोड ५४ लाख	३० करोड ६० लाख
आइजिआई प्रुडेन्सियल	४६ करोड ७६ लाख	१६ करोड ६३ लाख
दी ओरियन्टल इन्स्योरेन्स	४६ करोड १७ लाख	३९ करोड २२ लाख
प्रभु इन्स्योरेन्स	३९ करोड १४ लाख	११ करोड ६१ लाख
शिखर इन्स्योरेन्स	३९ करोड २ लाख	३० करोड ९१ लाख
नेको इन्स्योरेन्स	३७ करोड ७४ लाख	३८ करोड ३९ लाख
युनाइटेड अजोड	२७ करोड ४२ लाख	१८ करोड ७७ लाख
सानिमा जिआइसी	२० करोड नौ लाख	१६ करोड ५० लाख
नेसनल इन्स्योरेन्स	१४ करोड १० लाख	२ करोड १९ लाख (घाटा)
एनएलजी इन्स्योरेन्स	१३ करोड ६७ लाख	१३ करोड २४ लाख

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ को नौ महिना ठूला जीवन र निर्जीवन बिमा कम्पनीको खुद नाफा ४९.३० प्रतिशतले बढेको छ। हाल नेपालमा १४-१४ वटा जीवन र निर्जीवन बिमा कम्पनी सञ्चालनमा छन्। उनीहरूले हालै सार्वजनिक गरेको तेस्रो त्रैमासिक वित्तीय विवरणले यस्तो देखाएको हो।

नेपाल बिमा प्राधिकरणको तथ्यांकअनुसार समीक्षा अवधिमा कम्पनीहरूले १० अर्ब ५७ करोड खुद नाफा कमाएका छन्। यो गत आवको सोही अवधिको भन्दा तीन अर्ब ४९ करोड बढी हो। गत आवको नौ महिनामा बिमा कम्पनीहरूले सात अर्ब सात करोड ९२ लाख नाफा कमाएका थिए।

व्यवसायमा आएको शिथिलताका बाबजुत पनि बिमा कम्पनीहरूको नाफा बढेको छ। व्यवसाय कम भएपछि कम्पनीहरूले गर्नुपर्ने जोखिम प्रोभिजनिङ पनि कम भएको छ। त्यसले नाफा बढाउन सहयोग पुगेको कम्पनीहरू बताउँछन्। अहिले व्यवसायमा शिथिलताकै कारण नाफामा उच्च वृद्धि भएको नेको इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अशोक खड्का बताउँछन्। निर्जीवन बिमा कम्पनीहरूले आफूले गरेको व्यवसाय (जोखिम)बापत निश्चित रकम प्रोभिजनिङ गर्नुपर्छ। जुन प्रोभिजनिङ रकम बिमा अवधि सकिएपछि फुकुवा हुन्छ र नाफा-नोक्सान खातामा सार्न सकिन्छ।

गत आवहरूमा निर्जीवन बिमा कम्पनीहरूको व्यवसाय उच्च थियो। त्यसअनुसार त्यसवेला जोखिमबापत गर्नुपर्ने प्रोभिजनिङ रकम बढी थियो। त्यसवेलाको बिमा पोलिसीको अवधि सकिएसँगै प्रोभिजनिङमा राखेको रकम फुकुवा भएर चालू आवको नाफा-नोक्सान खातामा सरेको छ। तर, यो वर्ष व्यवसाय नभएपछि बिमा कम्पनीहरूले प्रोभिजनिङ गर्नुपर्ने रकम घटेको छ। त्यसले गर्दा यो वर्ष नाफा उच्चदरमा बढेको सिइओ खड्का बताउँछन्।

निर्जीवनको नाफा ५५% वृद्धि

नेपालमा सञ्चालित १४ निर्जीवन कम्पनीहरूले नौ महिनामा पाँच अर्ब ६५ करोड १३ लाख खुद नाफा कमाएका छन्। गत आवको सोही अवधिमा बिमा कम्पनीहरूले तीन अर्ब ६४ करोड ४६ लाख खुद नाफा कमाएका थिए। गत आवको नौ महिनामा ३० अर्ब एक करोड ४८ लाख बिमाशुल्क संकलन गरेका कम्पनीहरूले अहिले २९ अर्ब ९९ करोड ७६ लाख मात्रै संकलन गरेका छन्।

समीक्षा अवधिमा नेपाल इन्स्योरेन्सले सबैभन्दा धेरै खुद नाफा ६१ करोड ४४ लाख २७ हजार रहेको छ। कम्पनीको यो नाफा गत आवको सोही अवधिको तुलनामा १०१ प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा कम्पनीले ३० करोड ५४ लाख ९० हजार रुपैयाँ नाफा कमाएको थियो। पुँजी बढाउन कम्पनीले यो वर्ष आफ्नो सम्पत्ति बिक्री गरेको छ। दोस्रो स्थानमा रहेको हिमालयन एभरेस्ट इन्स्योरेन्सले ६० करोड ६५ लाख ४८ हजार नाफा कमाएको छ। जुन गत आवको सोही अवधिको तुलनामा १६२.९ प्रतिशतले बढी हो। यो हिमालन जनरल र एभरेस्ट इन्स्योरेन्स भएर बनेको कम्पनी हो।

जीवन बिमाको नाफामा ४३.२०% वृद्धि

समीक्षा अवधिमा जीवन बिमा कम्पनीको मात्रै ४३.२० प्रतिशतले नाफा बढेको छ। गत आवको समीक्षा अवधिमा जीवन बिमा कम्पनीको नाफा तीन अर्ब ४३ करोड ४६ लाख रुपैयाँ थियो। अहिले त्यो बढेर चार अर्ब ९१ करोड ८६ लाख रुपैयाँ पुगेको छ। जीवन बिमा कम्पनीको यो नाफा बिमांकीय मूल्यांकनअघिको हो। जीवन बिमा कम्पनीको बिमांकीय मूल्यांकन गर्दा बिमा कोषको १० प्रतिशतसम्म नाफा-नोक्सान खातामा सार्न सकिन्छ। त्यो अवस्थामा कम्पनीको नाफा थप बढ्नेछ।

प्राधिकरणको तथ्यांकअनुसार समीक्षा अवधिमा जीवन बिमा कम्पनीहरूको व्यवसाय (बिमाशुल्क संकलन) ५.१० प्रतिशतले बढेको छ। गत आवको नौ महिनामा एक खर्ब चार अर्ब ७३ करोड बिमाशुल्क संकलन गरेको जीवन बिमा कम्पनीहरूले यो वर्ष एक खर्ब १० अर्ब आठ करोड संकलन गरेका छन्। व्यवसाय सामान्य मात्रामा बढ्दा पनि नाफामा भने उच्च वृद्धि देखिएको हो।

जीवन बिमा कम्पनीतर्फ एसियन लाइफ इन्स्योरेन्सले सबैभन्दा धेरै ६९ करोड ११ लाख नाफा कमाएको छ। गत आवको सोही अवधिमा कम्पनीले १९ करोड ४७ लाख नाफा कमाएको थियो। दोस्रो स्थानमा भने नेपाल लाइफ इन्स्योरेन्सले ६० करोड तीन लाख नाफा कमाएको छ। गत आवको सोही अवधिमा कम्पनीले ४९ करोड १२ लाख खुद नाफा कमाएको थियो।

व्यवसाय घट्दा पनि किन बढ्यो नाफा ?

यसपालि अधिकांश बिमा कम्पनीहरूले जग्गा-जमिनजस्ता भौतिक सम्पत्ति, विभिन्न सार्वजनिक कम्पनीको सेयरलगायत सम्पत्ति बिक्री गरेका छन्। प्राधिकरणको निर्देशनअनुसार निर्जीवन बिमा कम्पनीहरूले दुई अर्ब ५० करोड न्यूनतम चुक्ता पुँजी कायम गर्नुपर्नेछ। पहिला यस्तो सीमा एक अर्ब थियो। अहिले पुँजी बढाउन दबाब भएपछि नेपाल इन्स्योरेन्स, प्रभु इन्स्योरेन्स, सिद्धार्थ प्रिमियर इस्योरेनसलगायत कम्पनीले सेयर, घरजग्गाजस्ता सम्पत्ति बिक्री गरेका छन्। त्यसले कम्पनीहरूको नाफा बढेको जानकारवाला बताउँछन्।

यसैगरी, पुँजी बढाउने नाममा १२ कम्पनी मर्जर प्रक्रियामा सहभागी भएर ६ वटामा कायम भएका छन्। यसअघि २० वटा रहेको निर्जीवन बिमा कम्पनीको संख्या मर्जरका कारण १४ वटा कायम भएको छ। मर्ज भएसँगै कम्पनीहरूको खर्च कटौती भएर नाफा बढाउन सहयोग पुगेको कम्पनीहरू बताउँछन्।

पश्चिम सेतीको बिजुली लैजान भारतले नेपालकै प्रसारणलाइन प्रयोग गर्ने

प्रतिमेगावाट १४ लाख ह्विलिङ चार्ज तिर्ने एनएचपिसी तयार

नयाँ पत्रिका

पश्चिम सेती (सात सय ५० मेगावाट) र सेती नदी-६ (चार सय ५० मेगावाट) जलविद्युत् आयोजना निर्माणको जिम्मा पाएको भारतीय कम्पनी एनएचपिसीले विद्युत् प्रसारणका लागि सरकारी प्रसारणलाइन प्रयोग गर्ने भएको छ। यसअघि आफैं प्रसारणलाइन निर्माण गरेर विद्युत् लैजाने योजना बनाएको एनएचपिसी अहिले पछि हटेको छ। अब सरकारी स्वामित्वको राष्ट्रिय प्रसारण ग्रिड कम्पनीकै प्रसारणलाइन प्रयोग गर्न एनएचपिसी तयार भएको हो। यसका लागि एनएचपिसीले वर्षको प्रतिमेगावाट १४ लाख शुल्क (ह्विलिङ चार्ज) तिर्ने समझदारी गरेको छ।

सोमबार काठमाडौंमा राष्ट्रिय प्रसारण ग्रिड कम्पनी र एनएचपिसीबीच ग्रिड कनेक्सनसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत नेत्र ज्ञवालीले एनएचपिसीसँग ग्रिड कनेक्सन समझदारी भएको जानकारी दिए।

बझाङको चैरपुरबाट सुरु भएर दोधारासम्म फैलिने चार सय केभी डबल सर्किट क्षमताको यो प्रसारणलाइन निर्माणको तयारीमा छ। समझदारीपत्रअनुसार ग्रिड कम्पनीले आठ वर्ष (आव ०८८/८९ सम्म)मा प्रसारणलाइन तयार गर्नुपर्छ। यी दुई परियोजनाबाट १२ सय मेगावाट विद्युत् उत्पादन हुँदै छन्। पूर्ण क्षमतामा विद्युत् उत्पादन भएमा कम्पनीले विद्युत् प्रवाहका लागि वर्षमा एक अर्ब ६८ लाख भुक्तानी गर्नुपर्ने देखिन्छ। यद्यपि, यो ह्विलिङ चार्ज विद्युत् नियमन आयोगले स्वीकृत गर्न बाँकी रहेको कम्पनीको सिइओ ज्ञवालीले बताए। २० अर्ब लागत अनुमान गरिएको यो प्रसारणलाइन आयोजना अध्ययन सम्पन्न भएर लगानीको खोजीमा छ। ऋण लगानीका लागि भारतको आयात-निर्यात बैंक (एक्जिम)लाई प्रस्ताव गरिएको छ। एनएचपिसी भारतीय कम्पनी नै भएका कारण भारतीय एक्जिमले ऋण लगानी गर्न सक्ने सम्भावना रहेको कम्पनीको भनाइ छ।

यद्यपि, यो ग्रिड कनेक्सन समझदारी नेपालको आन्तरिक प्रसारणका लागि मात्रै हो। एनएचपिसीले उक्त परियोजनाको बिजुली भारतको पावर ट्रेडिङ कर्पोरेसन अफ इन्डिया लिमिटेड (पिटिसी)लाई बिक्री गर्दै छ। यसका लागि एनएचपिसीले भदौ ०७९ मा पिटिसीसँग विद्युत् खरिद-बिक्री सम्झौता गरिसकेको छ। सोअनुसार उक्त दुई आयोजनाको बिजुली भारतमै जानेछ। तर, ग्रिड कम्पनीको प्रसारणलाइनबाट आयोजनाको बिजुली दोधारासम्म पुग्नेछ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनीका सिइओ नेत्रप्रसाद ज्ञवाली भन्छन्–



सम्झौताअनुसार उक्त दुई आयोजनाको बिजुली दोधारासम्म पुऱ्याउनेछौँ। त्यसपछि एनएचपिसीले आफ्नो ढंगले विद्युत् प्रवाह गर्नेछ। एनएचपिसीले वर्षको प्रतिमेगावाट १४ लाख शुल्क (ह्विलिङ चार्ज) तिर्ने समझदारी गरेको छ। यो ह्विलिङ चार्ज विद्युत् नियमन आयोगले स्वीकृत गर्न बाँकी छ।

'हामीसँग भएको सम्झौताअनुसार उक्त दुई आयोजनाको बिजुली दोधारासम्म पुऱ्याउनेछौँ। त्यसपछि एनएचपिसीले आफ्नो ढंगले विद्युत् प्रवाह गर्नेछ,' सिइओ ज्ञवालीले बताए।

भारतीय कम्पनी एनएचपिसीले उक्त दुई आयोजना बनाउन २ भदौ ०७९ मा लगानी बोर्डसँग समझदारी गरिसकेको छ। अहिले कम्पनीले बोर्डबाट सर्भे लाइसेन्स लिएर आयोजनाको अद्यावधिक अध्ययन गर्दै छ। एक वर्षभित्र दुइटै आयोजनाको विस्तृत अध्ययन गरी लगानी बोर्डमा प्रतिवेदन पेस गर्नुपर्नेछ। यो आयोजना बनाउन कम्पनीले दुई खर्ब ८८ अर्ब लगानी गर्दै छ। एनएचपिसीले आयोजना बनाएबापत नेपाललाई २१.९ प्रतिशत निःशुल्क बिजुली, स्थानीयलाई सेयर दिने सहमति भएको छ।

पश्चिम सेती : सन् १९९० मा अस्ट्रेलियन कम्पनी एसएमइसीसँग पश्चिम सेती बनाउने समझदारी भएको थियो। तर, कम्पनीले वित्तीय व्यवस्थापन गर्न नसकेपछि २०११ मा उक्त समझदारी खारेज गरिएको थियो। २०११ मा चीनको सिटिजिआईसँग उक्त आयोजना बनाउन एमओयू भयो। तर, चिनियाँ कम्पनीले विभिन्न कारण देखाउँदै पश्चिम सेतीबाट पछि हट्यो। यो आयोजना अहिले निर्माणमा जाने अपेक्षा गरिएको छ।

सेती नदी-६ : सेती नदी-६ को अवधारणा भने सन् १९८७ मा अघि बढेको थियो। तत्कालीन समयमा हिमालयन पावर कन्सल्ट्यान्टले यसको अध्ययन गरेको थियो। पछि १९९३ मा जापान अन्तर्राष्ट्रिय सहयोग निगम (जिआइसिए)ले हिमालयन पावरको अध्ययनलाई विस्तृतीकरण गरेको थियो।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

बैंकहरूको औसत ब्याजदर ७ प्रतिशत कायम

नौ वाणिज्य बैंकले घटाए ब्याजदर, आठ बैंकको ब्याजदर स्थिर, तीन बैंकको ब्याजदर बढ्यो

काठमाडौं/ वाणिज्य बैंकहरूको व्यक्तिगत मुद्दती निक्षेपको औसत ब्याजदर ७ प्रतिशत कायम भएको छ। निक्षेप बढ्दै गएपछि बैंकहरूले ब्याजदर घटाउँदै गइरहेका छन्। वैशाखमा औसत ब्याजदर ७.५ प्रतिशत रहेकोमा चैतमा घटेर ७ प्रतिशत कायम भएको हो। सोमबार वाणिज्य बैंकहरूले जेठका लागि सार्वजनिक गरेको नयाँ ब्याजदरअनुसार कुल २० वाणिज्यमध्ये नौ बैंकहरूले घटाएका छन्।

नबिल बैंक, एभरेष्ट र सिटिजन्स इन्टरनेसनल बैंकले ब्याजददर ०.५ प्रतिशत विन्दुका दरले घटाएका छन्। एनएमबि बैंक, सिटिजन्स इन्टरनेसनल बैंक, सिद्धार्थ बैंक, प्राइम कमर्सियल बैंक, सानिमा बैंक, नबिल बैंक, एभरेष्ट बैंक र नेपाल एसबिआई बैंकले जेठ महिनाका लागि ब्याजदर घटाएका छन् भने एनआइसी एसिया बैंक र ग्लोबल आइएमई बैंकले बढाएका छन्।

व्यक्तिगत निक्षेपको ब्याजदर

बैंक	वैशाख	जेठ
एनआइसी एसिया	७.७५	७.८
एनएमबि	७.९७	७.८
नबिल	७.२५	६.७५
राष्ट्रिय वाणिज्य	६.५५	६.४
नेपाल इनभेस्टमेन्ट मेगा	७	७
ग्लोबल आइएमई	७	७.५
हिमालयन	७.५	७.५
स्ट्यान्डर्ड चार्टर्ड	७	७
कृषि विकास बैंक	५.६६	५.६६
सानिमा	७.१	६.९
प्रभु	७	७.५
एभरेष्ट	७	६.५
नेपाल एसबिआई	६.५३	६.३९
नेपाल बैंक	६.७५	६.७५
सिटिजन्स	७.५	७
कुमारी	७.२६	७.२६
लक्ष्मी सनराइज	७	७
सिद्धार्थ बैंक	७.२५	७
प्राइम	७.१	७
माछापुच्छ्रे बैंक	७.२५	७.२५
औसतमा	७.०७१	६.९९८

जेठ महिनामा आठ बैंकहरूले वैशाख महिनाकै ब्याजदरलाई निरन्तरता दिएका छन्। ब्याजदर स्थिर राख्नेमा हिमालयन बैंक, प्रभु बैंक, कुमारी बैंक, माछापुच्छ्रे बैंक, स्ट्यान्डर्ड चार्टर्ड बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक छन्। त्यस्तै, लक्ष्मी सनराइज बैंक, नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकले पनि अघिल्लो महिनाको ब्याजदरलाई निरन्तरता दिने भएका छन्। त्यस्तै, कृषि विकास बैंकको ब्याजदर पनि स्थिर नै देखिन्छ।

जेठ महिनामा एनएमबि बैंक र एनआइसी एसिया बैंकले सबैभन्दा बढी ब्याज दिने भएका छन्। यी दुवै बैंकहरूले व्यक्तिगत मुद्दती निक्षेपमा ७.८ प्रतिशत र संस्थागत मुद्दती निक्षेपमा अधिकतम ६.८ प्रतिशतका दरले ब्याज दिने भएका छन्। सबैभन्दा कम ब्याजदर भने नेपाल एसबिआई बैंकको रहेको छ। सो बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा अधिकतम ६.३९ प्रतिशतका दरले ब्याज दिने भएको छ।

नबिलले पनि ब्याजदर घटाएर ७.८ प्रतिशत पुऱ्याएको छ। त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकले ६.५ प्रतिशत पुऱ्याएको छ। नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, स्ट्यान्डर्ड चार्टर्ड, सिटिजन्स, लक्ष्मी सनराइज बैंक, सिद्धार्थ बैंक र प्राइम कमर्सियल बैंकले ब्याजदर ७ प्रतिशत कायम राखेका छन्। माछापुच्छ्रे बैंकको ब्याजदर ७.२५ प्रतिशत पुगेको छ भने कुमारी बैंकको ७.२६ प्रतिशत कायम छ। कृषि विकास बैंकको ब्याजदर ५.६६ प्रतिशत छ। सानिमा बैंकले ब्याजदर घटाएर ६.९ प्रतिशत कायम राखेको छ।

बुधबार राष्ट्र बैंकको सञ्चालक समितिको बैठक

नेपाल राष्ट्र बैंकले सञ्चालक समितिको बैठक डाकेको छ। नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षाको तयारी गरिरहेका वेलामा समितिको बैठक बोलाएको एक सञ्चालकले जानकारी दिए। यद्यपि, बैठकको एजेन्डामा मौद्रिक नीतिको समीक्षाबारे एजेन्डा भने उल्लेख छैन।

जोर अनुरमा बचत तथा ऋण सहकारी संस्था लि.
(एकिकरण अनुरमा बचत तथा ऋण सहकारी संस्था लि. जोरपिपल बचत तथा ऋण सहकारी संस्था लि.)

गैरीधारा-२, काठमाडौं, फोन नं ४००४६९०, ४५४२०८७

धितो लिलाम सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८१/०२/०१ गतेको नयाँ पत्रिका दैनिक)

तपशिलमा उल्लेखित ऋणीले यस अनुरमा बचत तथा ऋण सहकारी संस्था लि. बाट लिएको ऋण कर्जाको समय अवधी गुज्रिसकेको र यस भन्दा अघि विभिन्न मितिमा कर्जा चुक्ता सम्बन्धि बारम्बार मौखित तथा लिखित पत्रद्वारा ताकेता र राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सार्वजनिक सुचनाहरु प्रकाशन गर्दा समेत अटेर गरि नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लंघन गर्नु भएको हुदा यो ३५ दिने लिलामी सम्बन्धि सूचना प्रकाशित गरिएको छ। अतः यो सूचनाको ३५ दिन भित्र ऋणीले उपभोग गरेको विभिन्न शीर्षक अन्तर्गतको कर्जा र ऋणीको एकाघर परिवारको नाममा यस संस्थामा रहेको सम्पूर्ण साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर चुक्ता नगरेमा ३६ औं दिनमा संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्रि गरि संस्थाको लेना रकम साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असुलउपर गरिदिनुका साथै नाम सहित कालो सुचिमा प्रकासन गरिने छ। यसरी सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्रि गर्दा पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित सहकारी ऐन सहकारी नियमावली तथा संस्थाको बिनियम अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुको अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरिने छ।

ऋणीको विवरण	धितोको विवरण
ऋणीको नाम : बसन्त प्रकाश उपाध्याय बाबुको नाम : छायादत्त उपाध्याय बाजेको नाम : दण्डपाणी उपाध्याय स्थायी ठेगाना : जिल्ला तनहुँ गा.वि.स/न.पा. भानु वडा नं. ५ भानु अस्थायी ठेगाना: चन्द्रागिरी न.पा. तीनथाना वडा नं. २३ बस्ने बसन्त प्रकाश उपाध्याय बर्ष ५५ को (ना.प्र.नं. ३१८४ जारी मिति २०४१/१२/११ प्र.जि.अ. तनहुँ) 	चन्द्रागिरी न. पा. तीनथाना वडा नं. ९ कित्ता नं. ८५२/८५४ क्षेत्रफल ०-०-३-२(२७.८२ व.मी.) र ०-२-०-२(६७.५७ व.मी.) को जग्गा र सो जग्गामा बनेको घर र सो घरले चर्चेको लिगलगापात समेत।

धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरू

१) धितो लिलाम बढाबढमा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले कबुल गरेको १०% प्रतिशत हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थाको खाता रहेको बैंक लक्ष्मी सनराईज बैंकको खाता नम्बर 0020233587701001 जम्मा गर्नु पर्नेछ।
२) लिलाम बढाबढमा भाग लिने व्यक्ति /संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिनभित्र बाँकी रकम बुझाई नामसारी/दा.खा. गर्नु पर्नेछ। नामसारी/दा.खा. गरि नलिएमा धरौटी बापत रहेको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ।
३) तोकेको दिनमा सावजनिक बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खोलिएको पहिलो दिनमा लिलाम बढाबढ गरिनेछ।
४) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलामी स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ।
५) लिलाम बिक्रि हुने घर जग्गा एवं सो सम्बन्धि कागजात हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालयबाट कार्यालय समय भित्र जानकारी लिन सक्नेछ।
६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनिमय, कर्जा लगानी तथा असुली नीति अनुसार बिक्रि गर्नुपर्ने माथि उल्लेखित घर जग्गा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा संस्थाले उक्त धितोमा रहेको घर जग्गाको स्वामित्व आफुमा लिन सक्ने छ।
७) लिलाम बिक्रि गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयमले व्यहोर्नु पर्नेछ। धितो नामसारी/दा.खा गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ।
८) संस्था सुरक्षणमा रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजको एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरिनेछ।
९) लिलाम बढाबढ यस संस्थाको कार्यालयमा सूचना प्रकाशित भएको मितिले ३६औं दिन दिनको ११ बजे देखि दिनको ३ बजे सम्म हुनेछ।

सूची दर्ता गर्ने बारेको सुचना

आर्थिक वर्ष २०८१/०८२ को लागि यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडलाई आवश्यक पर्ने निम्न बमोजिमका वस्तु तथा सेवाहरु आपुर्ति गर्ने प्रयोजनको लागि सम्वन्धित विषयको कारोवार गर्न स्वीकृति प्राप्त गरेको अनूभवी इच्छुक व्यक्ति, फर्म तथा कम्पनीहरुलाई आफुले आपुर्ति गर्ने वस्तु तथा प्रदान गर्ने सेवाको विवरण खुलाई सूची दर्ताको लागि आवश्यक निवेदनसहित खामबन्दी गरी खामको बाहिरपट्टि सुची दर्ता गरिने विषयबारे भनी प्रष्ट रुपमा उल्लेख गरी देहायका शर्त बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस बैंकको केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाण्डौं स्थित सामान्य सेवा विभागमा दर्ता गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त हुन आएको सूची दर्ता सम्वन्धी निवेदनलाई कुनै कारण नदिई स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकसंग सुरक्षित रहने छ। यस सम्वन्धमा थप जानकारी चाहिएमा यस बैंकको केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाण्डौ स्थित सामान्य सेवा विभागमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

सूची दर्ताका लागि निवदेनकासाथ पेश गर्नुपर्ने कागजात तथा शर्तहरु

१. सुचीकृत हुन चाहने व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि- १
२. फर्म तथा कम्पनीको हकमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि- १
३. स्थायी लेखा नम्वर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि- १
४. करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि- १
५. कार्यसम्पादन तथा मूल्यांकन सम्वन्धी पत्रहरुको प्रतिलिपि (भएमा)।
६. सुचीकृत हुन चाहने फर्म (एकल वा संयूक्त) को तर्फबाट निवेदन पेश गर्दा प्रोप्राइटर/साझेदार र कम्पनीको हकमा संचालक समितिको निर्णयबाट अख्तियार प्राप्त व्यक्तिले अनिवार्यरुपमा दस्तखत गरी निवेदन पेश गर्नुपर्ने छ।
७. कालोसूचीमा नपरेको हुनुपर्ने छ।

सूची दर्ता गर्नुपर्ने विषयहरु:

(१) मसलन्द आपुर्तिकर्ता (कम्तीमा ३ वर्षको कार्य अनुभव हुनुपर्ने)।
(२) छपाइ सामग्री आपुर्तिकर्ता (कम्तीमा ५ वर्षको कार्य अनुभव हुनुपर्ने)।
(३) कार्यालय उपकरणहरु आपुर्ति तथा मर्मत-सम्भार सेवा प्रदायक।
(४) काठ तथा स्टीलका फर्निचर, फर्निसिङ्ग आपुर्ति तथा मर्मत-सम्भार सेवा प्रदायक।
(५) सुरक्षण फर्निचर तथा उपकरणहरु आपुर्ति तथा मर्मत-सम्भार सेवा प्रदायक।
(६) टि.ब्वाई, टि.गर्ल, सवारी चालक, कार्यालय सहयोगी, कार्यालय सहायक तथा कार्यालय सर-सफाइ सेवा प्रदायक (कम्तीमा ३ वर्षको कार्य अनुभव हुनुपर्ने)।
(७) विज्ञापन सेवा प्रदायक।
(८) सुरक्षा सेवा प्रदायक (कम्तीमा ३ वर्षको कार्य अनुभव हुनुपर्ने)।
(९) कुरियर सेवा प्रदायक (कम्तीमा ३ वर्षको कार्य अनुभव हुनुपर्ने)।
(१०) स्टाफ क्यान्टिन संचालन सेवा प्रदायक।
(११) प्लम्बिङ्ग सेवा प्रदायक।
(१२) EPABX & TELEPHONE सेवा प्रदायक।
(१३) रङ्गरोगन तथा साजसज्जा सेवा प्रदायक।
(१४) धातुजन्य वस्तु आपूर्ति तथा सो सम्वन्धी मर्मत-सम्भार सेवा प्रदायक।
(१५) खानेपानी तथा ट्याङकरको पानी आपूर्ति सेवा प्रदायक।
(१६) कर्मचारी पोशाकको लागि कपडा आपूर्ति तथा पोशाक सिलाइ कार्य।
(१७) सवारी साधन मर्मत-सम्भार तथा मुल्याङ्कनकर्ता।
(१८) साइनवोर्ड, साइनेज, नेमप्लेट, स्टिल लेटर, क्यु स्ट्याण्ड आदि।
(१९) चिया, कफि, कुकिङ्ग ग्यास तथा सरसफाइ सामग्री आपुर्ति।
(२०) टिकेटिङ्ग।
(२१) इलेक्ट्रिकल आइटम् आपूर्ति।
(२२) बीमा सम्वन्धी कार्य।
(२३) ग्राफिक डिजाइन/फोटोग्राफी/सिनेमाटोग्राफी/थ्री-डि डिजाइनस्/टि-सर्ट प्रिन्टिङ्ग।
(२४) Civil/Interior Designing and Consultancy Service.
(२५) Civil/Interior Construction/Renovation, Electrical and Allied Work.
(२६) कम्प्युटर तथा यससंग सम्वन्धित अन्य उपकरणहरु आपूर्ति तथा मर्मत-सम्भार।

(सूचना तथा प्रविधि सम्वन्धी वस्तु तथा सेवा आपूर्ति बारे विस्तृत जानकारीको लागि बैंकको Website: www.nimb.com.np मा हेर्नुहोला।)

पूनश्च :- माथि उल्लेख भएअनुसार आ.व. २०८१/०८२ को लागि बैंकलाई वार्षिक आवश्यक पर्ने वस्तु तथा सेवा आपूर्तिकर्ताहरु सुचिकृत हुनकालागि इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीहरुबाट प्राप्त हुन आएको निवेदनबाटै वार्षिक आपुर्तिकर्ताको छोटो सूची तयार गरि सुचिकृत भएका आपूर्तिकर्ताहरु मध्येबाट बैंकको खरिद प्रकिया बमोजिम वस्तु तथा सेवाहरु खरिद गरिनेछ। सूची दर्ता सम्वन्धि प्राप्त हुन आएको निवेदनलाई कुनै कारण दिई वा नदिई स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ।

सूची दर्ताको लागि सम्पर्क ठेगाना:

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.
सामान्य सेवा विभाग, दरबारमार्ग, काठमाण्डौं
फोन नं.५३४२५३०/५३२८२२९ को एक्स्टेन्सन नं. ३७३, ३७४, ३६६ र ३६७

कुमारीका ग्राहकलाई निको बाल अस्पतालमा १५% छुट

काठमाडौं/ कुमारी बैंक लिमिटेड र चितवनस्थित निको बाल अस्पतालबीच छुटसम्बन्धी सम्झौता भएको छ।

यस सम्झौताअनुसार बैंकका ग्राहकले उक्त अस्पतालबाट सेवा लिएबापत कुमारी बैंकको डेबिट-क्रेडिट कार्ड तथा क्युआरमार्फत भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। यो सुविधाबाट ग्राहकले गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने बताइएको छ। बैंकले देशभरका तीन सय दुई शाखा, तीन सय १४ एटिएम, ५१ एक्सटेन्सन काउन्टर तथा ६५ शाखारहित बैंकिङ इकाइमार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

Request for Proposals

First Published Date: 14/5/2024

Nabil Bank Ltd. invites sealed bid quotation from interested firms/companies for **Data Loss Prevention (DLP) and Web Proxy**

RFP documents with detailed Scope of works, Terms & Conditions can be purchase from the **Administration Department, 4th floor, Ghantaghar building,** Kathmandu, Nepal upon submission of a written request letter in the official letter head of the interested firm/vendor and non-refundable fee of **NPR 2000/- (In words Rupees Two Thousand Only)** for the bid.

The hard copy of RFP/Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than **4:00 PM,29th May ,2024 (Jestha 16, 2081).** RFP documents received after this deadline will not be accepted.

1. The received bid shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11:00 A.M.** on **30th May, 2024 (Jestha 17, 2081).** Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the bid.
2. In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for bid opening process too.
3. The Bank reserves the ultimate rights to accept/ reject any bid and shall not be required to disclose any reason whatsœver and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Nabil Bank Limited, Administration Department, Ghantaghar, Kathmandu, Contact No: - 01-5971871

ग्लोबल आइएमईलाई 'बेस्ट बैंक अवार्ड'

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेड ग्लोबल फाइनान्स म्यागेजिनको 'बेस्ट बैंक अवार्ड-२०२४' बाट सम्मानित भएको छ। ग्लोबल फाइनान्स म्यागेजिनले विश्वभरिका सर्वश्रेष्ठ बैंकहरू छनोट गरी सम्मानित गरेको हो।

बैंकको विश्वसनीयता, वित्तीय स्रोत परिचालन, पहुँच विस्तार, रणनीतिक सम्बन्ध स्थापना, व्यावसायिक तथा ग्राहकमैत्री सेवाको विकास, क्रेडिट रेटिङलगायतका मापदण्डमा ग्लोबल आइएमई बैंक सन् २०२४ का लागि नेपालको उत्कृष्ट बैंक भएको बताइएको छ। म्यागेजिनले अफ्रिका, एसिया प्यासिफिक, क्यारिबियन, मध्य-अमेरिका, ल्याटिन अमेरिका, मध्य र पूर्वी युरोप, मध्यपूर्व, उत्तर अमेरिका र पश्चिम युरोप क्षेत्रका उत्कृष्ट बैंकहरूलाई सम्मान गरेको हो। ग्लोबल आइएमई ग्लोबल फाइनान्सको यो अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैंक हो।



ग्लोबल फाइनान्सले यस वर्ष हङकङको एचएसबिसी, संयुक्त राज्य अमेरिकाको बैंक अफ अमेरिका, भारतको स्टेट बैंक अफ इन्डिया, चीनको चाइना कन्स्ट्रक्सन बैंक, नेपालको ग्लोबल आइएमई बैंक, मलेसियाको मे बैंक, बंगलादेशको स्ट्यान्डर्ड चार्टर्ड बंगलादेश, फिलिपिन्सको मेट्रो बैंकलगायतका विश्वभरका विभिन्न बैंकलाई विभिन्न विधामा सम्मानित गरेको हो। यो सम्मानले आगामी दिनमा रचनात्मक सेवा प्रदान गर्न थप उत्साहित गर्ने बैंकको भनाइ छ।

दुई व्यापारिक संस्थाबीच एमओयू

काठमाडौं/ जैन इन्टरनेसनल ट्रेड अर्गनाइजेसन (जिटो नेपाल) र हैदराबाद, कोइम्बटोर तथा विसाखापट्टनम (जिटो टिएनएपिटिएस) च्याप्टर्ससँग समझदारी भएको छ। यो समझदारीले दुई राष्ट्रबीच विचार, ज्ञान र उत्कृष्ट व्यापार अभ्यासहरूको स्वतन्त्र प्रवाहलाई सहज बनाउने बताइएको छ। साथै, यसले नेटवर्किङ अवसर, सांस्कृतिक आदान-प्रदान र परोपकारी कार्यमा सामूहिक प्रयासलाई प्रबल बनाउने बताइएको छ।

त्यसैगरी, जिटो नेपाल र यसको युथ विङले १५ देखि ३० वैशाखसम्म सगरमाथा बेस क्याम्प ट्रेकिङको आयोजनासमेत गरेको छ। यस ट्रेकिङमा भारत, नेपाल, दुबई र थाइल्यान्डका १७ देखि ७४ वर्ष उमेर समूहका १८ सदस्य सहभागी भएका थिए। यस कार्यक्रमले नेपालको प्राकृतिक सौन्दर्य र पर्यटनलाई उजागर गरी देशको पर्यटन विकासमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।

नेपाल च्याप्टरले नैतिक व्यापार अभ्यास, नेटवर्किङ र सामाजिक उत्तरदायित्वलाई प्रवर्द्धन गर्न उद्देश्यका साथ सञ्चालन गर्दै आएको छ। जिटो नेपालले आफ्ना सदस्यबीचको सम्पर्कलाई सहज बनाउँछ, ज्ञानको आदान-प्रदानलाई बढावा दिन्छ र नेपाली जैन व्यवसायी समुदायमा सीप विकास र मार्गदर्शनका लागि अवसर प्रदान गर्छ।

एसियन लाइफको हकप्रद सेयर निष्कासनमा मुक्तिनाथ क्यापिटल



काठमाडौं/ एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको हकप्रद साधारण सेयर निष्कासन गर्ने भएको छ। कम्पनीले सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ।

सेयर निष्कासनसम्बन्धी सम्झौतापत्रमा इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत दिनेशलाल श्रेष्ठ र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले हस्ताक्षर गरे। मुक्तिनाथ क्यापिटल मुक्तिनाथ विकास बैंकको सहायक कम्पनी हो।

इन्स्योरेन्स कम्पनीले १६औं वार्षिक साधारणसभाबाट पारित हाल कायम चुक्ता पुँजीको ४२ प्रतिशत हकप्रद सेयर अर्थात् १:०.४२ अनुपातमा एक करोड ४२ लाख ७९ हजार तीन सय १२ कित्ता हकप्रद सेयर निष्कासन गर्नेछ। हकप्रद निष्कासनपछि कम्पनीको चुक्ता पुँजी चार अर्ब ८२ करोड ७७ लाख ६७ हजार पाँच सय ५६ पुग्ने बताइएको छ।

चालू आवको तेस्रो मसान्तसम्म कम्पनीको जीवन बिमा कोषमा ४१ अर्ब रुपैयाँभन्दा बढी रहेको छ। त्यस्तै, सोही अवधिमा प्रथम बिमाशुल्क एक अर्ब २० करोड ६१ लाख, नवीकरण बिमा शुल्क चार अर्ब ५७ करोड ९२ लाख गरी कुल पाँच अर्ब ७८ करोड ५४ लाख बिमाशुल्क आर्जन गरेको कम्पनीले जनाएको छ।

गुगल करिअर सर्टिफिकेट छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिँदै

काठमाडौं/ गुगल एलएलसीको सहकार्यमा मेरो जब लिमिटेडले गुगल करिअर सर्टिफिकेट छात्रवृत्ति कार्यक्रम सुरु गरेको छ। आइटी र प्रविधि क्षेत्रमा रुचि भएका व्यक्तिहरूलाई केन्द्रित गर्दै यो कार्यक्रम ल्याइएको हो। कार्यक्रमले पाँच सय आवेदकलाई गुगल प्रमाणित करिअर सर्टिफिकेट पाठ्यक्रममा ६ महिनाको अनलाइन प्रशिक्षणका लागि छात्रवृत्ति भर्ना गर्ने योजना बनाएको छ।

साथै, आर्थिक पत्रकारलाई समेत उक्त कार्यक्रममा सहभागिता गराउन सेजनसँग सहकार्य थालनी गरिएको छ। सेजन अध्यक्ष सुजन ओली र मेरो जब लिमिटेडका प्रबन्ध निर्देशक शैलेन्द्रराज गिरीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

अनलाइन माध्यमबाट सञ्चालन हुने छात्रवृत्ति कार्यक्रममा कुल ६ वटा क्षेत्रमा पाठ्यक्रम सञ्चालन हुनेछ। यी कार्यक्रम सामान्यतया आइटी समर्थन, डाटा एनालिटिक्स, परियोजना व्यवस्थापन, प्रयोगकर्ता अनुभव युएक्स डिजाइन, डिजिटल मार्केटिङ र साइबर सुरक्षाजस्ता क्षेत्रहरूमा भूमिकाका लागि आवश्यक प्राविधिक सीप र ज्ञानमा केन्द्रित हुन्छन्। छात्रवृत्ति कार्यक्रममा छनोट हुनेले ६ महिनाको अवधिको पाठ्यक्रम र त्यसमा लिइने परीक्षा तथा मूल्यांकनमा उत्तीर्ण भएपछि प्रमाणपत्र प्राप्त गर्नेछन्।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय अरुणखोलाको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८१/०२/०१ नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय अरुणखोलाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेकाे हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ जेठ ०८ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय अरुणखोलामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण

श्याम कुमारी राना मगर
ना.प्र.नं.- १८४६
जारी मिति - २०५२/०८/२९, जि.प्र.का. नवलपरासी
बाबु - हर्ख बहादुर बारघरे
ससुरा- सेर बहादुर राना मगर
पति - मान बहादुर रानामगर
स्थायी ठेगाना- नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स वडा नं. ०६
हालको ठेगाना- नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. ०८

लिलाम हुने सम्पतिको विवरण

१. **श्याम कुमारी राना मगर**को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला नयांबेलहानी गा.वि.स वडा नं. ६क स्थित कित्ता नं. ३३, ११६ र ५८७ को क्षेत्रफल क्रमश ०-४-०, ०-३-१६ र ०-१-० (बि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **मान बहादुर रानामगर**
ना.प्र.नं.- १६१८/१६३०
जारी मिति - २०४४/१२/३०, जि.प्र.का. नवलपरासी
बाबु - शेर बहादुर राना मगर
बाजे - रण बहादुर राना मगर
पत्नी - श्याम कुमारी रानामगर
स्थायी ठेगाना- नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स वडा नं. ६
हालको ठेगाना- नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. ०८

२. ऋणीहरूको विवरण

क. **देव बहादुर कुंवर**
ना.प्र.नं.- ३६२०३५/१३३८
जारी मिति - २०६९/०३/०५, जि.प्र.का. नवलपरासी
बाबु - खम्ब सिं कुवर
बाजे - लालबिर कुवर
पत्नी - रुपा कुमारी कुंवर
स्थायी ठेगाना- नवलपरासी जिल्ला, बेनीमणीपुरर गा.वि.स., वडा नं. ०३
हालको ठेगाना- नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ०४

ख. **रूपा कुमारी कुंवर**
ना.प्र.नं.- ३६३०३५/१९५
जारी मिति - २०६३/१०/०८, जि.प्र.का. नवलपरासी
बाबु - टोप बहादुर काम्भु
ससुरा - खम्ब सिं कुवर
पति - देव बहादुर कुंवर
स्थायी ठेगाना- नवलपरासी जिल्ला, बेनीमणीपुर गा.वि.स., वडा नं. ०३
हालको ठेगाना- नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ०४

लिलाम हुने सम्पतिको विवरण

१. **हुमि सरा कुवर**को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला बेनीमणीपुरर गा.वि.स., वडा नं. ०२ स्थित कित्ता नं. १३४७, १७७४ र ६७ को क्षेत्रफल क्रमश ०-५-१०-०, ०-१-१०-० र ०-२-१०-० (बि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. धनी कुमारी बैक लि. र ऋणी **देव बहादुर कुंवर** कायम भई लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, रुपन्देही, बुटवलमा दर्ता कायम रहेको च्यासीस नं. FC05501160, ईन्जिन नं. P350-01163, सवारी नं. लु. ३. त. ४२४८, को Preet 953 Tractor गाडी थान १।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **देव बहादुर कुंवर**
ना.प्र.नं.- ३६२०३५/१३३८
जारी मिति - २०६९/०३/०५, जि.प्र.का. नवलपरासी
बाबु - खम्ब सिं कुवर
बाजे - लालबिर कुवर
पत्नी - रुपा कुमारी कुंवर
स्थायी ठेगाना- नवलपरासी जिल्ला, बेनीमणीपुर गा.वि.स., वडा नं. ०३
हालको ठेगाना- नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ०४

२. **रूपा कुमारी कुंवर**
ना.प्र.नं.- ३६३०३५/१९५
जारी मिति - २०६३/१०/०८, जि.प्र.का. नवलपरासी
बाबु - टोप बहादुर काम्भु
ससुरा - खम्ब सिं कुवर
पति - देव बहादुर कुंवर
स्थायी ठेगाना- नवलपरासी जिल्ला, बेनीमणीपुर गा.वि.स., वडा नं. ०३
हालको ठेगाना- नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ०४

३. **हुमि सरा कुवर**
ना.प्र.नं.- ८४३
जारी मिति - २०४५/०१/२९, जि.प्र.का पाल्पा)
बाबु- कायर सिंह घर्ति
ससुरा - लालबिर कुवर
पति - खम्ब सिं कुवर
स्थायी ठेगाना- पाल्पा जिल्ला, जल्पा गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ०४

३. ऋणीको विवरण

मित्र लाल बस्ताकोटी
ना.प्र.नं.- ४२२०१७-३८८६७ स्याङ्जा
जारी मिति - २०६६/०८/०३, जि.प्र.का.नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
बाबु - प्रेम नारायण बास्ताकोटी
बाजे - कलाधर बास्ताकोटी
पत्नी - सितादेवी काफ्ले
स्थायी ठेगाना- नवलपरासी जिल्ला, मध्यबिन्दु न.पा वडा नं. १५
हालको ठेगाना- नवलपरासी जिल्ला मध्यबिन्दु न.पा. वडा नं. १५

लिलाम हुने सम्पतिको विवरण

१. कुमारी बैक लि. र ऋणी **मित्र लाल बस्ताकोटी** कायम भई लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, रुपन्देही, बुटवलमा दर्ता कायम रहेको च्यासीस नं. MC2L4GRC0KE008297, ईन्जिन नं. 91C84871632, सवारी नं. लु २ ख ४२७०, को Eicher Terra 25G59 गाडी थान १।
२. **सितादेवी काफ्ले**को नाममा मालपोत कार्यालय, नवलपरासीमा, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला सिसवार गा.वि.स वडा नं. १/ख कित्ता नं. १५३९ को क्षेत्रफल ०-०-१० (बि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **सितादेवी काफ्ले**
ना.प्र.नं.- ३६-३-१८/४
जारी मिति - २०७०/०२/२४, जि.प्र.का. नवलपरासी
बाबु - कमल प्रसाद काफ्ले
ससुरा - प्रेम नारायण वास्ताकोटी
पति - मित्र लाल बस्ताकोटी
स्थायी ठेगाना- नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स वडा नं. ४
हालको ठेगाना- नवलपरासी जिल्ला मध्यबिन्दु न.पा. वडा नं. १५

४. ऋणीहरूको विवरण

क. नेपाल सरकार, प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०७०/०४/२८ मा दर्ता नं. १५४/५/२६ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, दुम्कीवास स्थित रजिष्टर्ड कार्यलय रहेको **दिपिका ज्वेलर्स (सुनचाँदीको पसल)।**
प्रोप्राईटर - दिपक विश्वकर्मा

ख. **दिपक विश्वकर्मा**
ना.प्र.नं.- ९२०१
जारी मिति - २०५५/०४/२६, जि.प्र.का.नवलपरासी
बाबु - रिपलाल बि.क.
बाजे - लेख बहादुर बि.क.
पत्नी - प्रतिमा बि.क.
स्थायी ठेगाना- नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ०२, (साबिक दुम्कीवास गा.वि.स., वडा नं. ०३)

लिलाम हुने सम्पतिको विवरण

१. **अमृता बि.क.**को नाममा मालपोत कार्यालय, नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला दुम्किवास गा.पा. वडा नं. ३ स्थित कित्ता नं. २२३, २३२ र २३३ को क्षेत्रफल क्रमश १७९०, १४३५ र १७१० (व.मि.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत
२. ऋणी **दिपिका ज्वेलर्स (सुनचाँदीको पसल)** को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **प्रतिमा बि.क.**
ना.प्र.नं.- ३६२०३४/१७६३
जारी मिति - २०६९/२/१७, जि.प्र.का. नवलपरासी
बाबु - राम बहादुर बि.क.
ससुरा - रिपलाल बि.क.
बाजे - मित्रलाल बि.क.
पति - दिपक विश्वकर्मा
स्थायी ठेगाना- नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स.,वडा नं. ०३
हालको ठेगाना- विनयी त्रिवेणी गा.पा. वडा नं. ०२

२. **अमृता बि.क.**
ना.प्र.नं.- ३७३१/६२५७५
जारी मिति - २०४६/३/११, जि.प्र.का. नवलपरासी
बाबु - मित्रलाल बि.क.
बाजे - लेख बहादुर बि.क.
ससुरा - लेख बहादुर बि.क
पति - रिपलाल बि.क.
स्थायी ठेगाना- नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स.,वडा नं. ०३
हालको ठेगाना- ऐ.ऐ.

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८१ जेठ ०७ गते** भित्र बैंकको शाखा कार्यालय अरुणखोलामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय अरुणखोलाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैक लि.मा जम्मा गरेको भौचर, कुमारी बैक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८१ जेठ ०८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय अरुणखोलामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैक बिदा परेमा सोको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय अरुणखोलामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८१ जेठ ०८ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय अरुणखोला फोन नं. ०७८-५५५२९६/९७/९८

नागभुषण बहुद्देश्यीय सहकारी संस्था लि.

नागार्जुन न.पा.-१, नागार्जुन हाईट, काठमाडौं

ऋण चुक्ता गर्न आउने बारेको १५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाबाट विभिन्न मितिमा कर्जा लिई कर्जा चुक्ता गर्न पटक-पटक लिखित, मौखिक र व्यक्तिगत भेटघाट गरी भाखा नाघेको ऋणीहरुलाई साँवा व्याज बुझाउन अनुरोध गर्दा समेत बेवास्ता गरी ऋण सम्बन्धी सर्त उलंघन गरेकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले तिर्न बुझाउन पर्ने साँवा व्याज रकम बुझाउन यस संस्थाको कार्यालयमा आउनुहुन अनुरोध गरीन्छ।

अन्यथा ऋणी र सम्बन्धीत जमानिहरुबाट असुल उपर गर्न सहकारी ऐन अनुसार प्रक्रिया अगाडी बढाईने व्यहोरा सरोकारवाला सम्पूर्ण ऋणीहरुलाई यसै सार्वजनिक सूचना बाट जानकारी गराइन्छ।

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. १५/०९/२०११

स्वर्गारोहण: वि.सं. २०/०१/२०८१

स्व. साइवा रत्न शाक्य

हाम्रा सहकर्मी श्री पवन शाक्यका पूजनीय पिता **साइवा रत्न शाक्य**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक
www.sanimabank.com

पो.ब.नं: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

नीति तथा...

पृष्ठ १ बाट क्रमशः

भनाइ छ । 'प्रधानमन्त्रीसँगको वार्ताका आधारमा हामी सोमबार साँझसम्ममा केही ठोस निष्कर्षमा पुगिएला भन्नेमा आशावादी थियौं, तर त्यसो भएन । मंगलबार संसदीय दलको बैठक बसेर के गर्ने भन्ने टुंगोमा पुग्नेछौं,' महामन्त्री थापाले नयाँ पत्रिकासँग भने ।

कांग्रेस सांसद् एनपी साउदले बैठकबाट संसदीय परम्परालाई असर नपर्ने बाटो लिने बताए । उनले कांग्रेसले आक्रामक रूपमा संसदीय मर्यादाविपरीतका गतिविधि नगर्ने बताए । 'सकभर सहमतिकै प्रयास गर्छौं, विकल्पमा जाँदा पनि संसदीय समिति बनाउने स्ट्यान्डमा हामी अडिग रहन्छौं,' उनले भने ।

रणनीति तय गर्न सोमबार बुढानीलकण्ठमा बसेको कांग्रेस पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकले संसदीय छानबिन समिति गठनको माग कायमै राख्नुपर्ने निष्कर्ष निकालेको थियो । प्रमुख सचेतक रमेश लेखकले सोमबार सत्तापक्ष र कांग्रेसबीच सदनको अवरोध अन्त्यका विषयमा कुनै छलफल नभएको र सरकारले पेलेर जाने नीति लिए आफूहरू अडानबाट पछि नहट्ने बताए ।

'हामीसँग सोमबार रातिसम्म सरकार र सत्तापक्षले सदन सञ्चालन गर्नेबारे कुनै सम्पर्क गरेका छैनन् । सबै आधारमा हामी एउटा सरकार र सत्तापक्ष देशभरका सहकारी ठगलाई जोगाउन उभिएका छन् भन्ने निष्कर्षमा पुगेका छौं,' उनले भने, 'यसविरुद्ध कांग्रेस सशक्त रूपमा लड्छ । मंगलबार बिहान संसदीय दलको बैठकबाट रणनीति बनाएर सदनमा प्रस्तुत हुनेछौं । सदन कसरी चलाउने र नीति तथा कार्यक्रम कसरी प्रस्तुत गर्ने त्यो सरकारको विषय हो ।'

प्रवक्ता डा. प्रकाशशरण महतले सहकारी प्रकरणमा संसदीय छानबिन समिति नबनेसम्म कुनै पनि सर्तमा संसद् चल्न नदिनेमा अडिग रहेको बताए । प्रमुख प्रतिपक्षको माग बेवास्ता गरेर अगाडि बढ्न खोजे, त्यसको जिम्मेवार सरकार नै हुने कांग्रेसको चेतावनी छ । 'लचक हुँदाहुँदै पनि हाम्रो अधिकारलाई निषेध गर्न खोजियो । विपक्षीले राखिरहेको जायज माग बेवास्ता गरेर संसद् चल्न सक्दैन,' प्रवक्ता महतले भने, 'राष्ट्रपतिमार्फत संसद्मा नीति तथा कार्यक्रम सरकारले प्रस्तुत गर्ने विषय हो । संसदीय छानबिन समिति हाम्रो बटमलाइन हो । हामी दायाँबायाँ छैनौं ।'

संसद् सचिवालयले नीति तथा कार्यक्रमका लागि सम्पूर्ण तयारी पूरा गरेको छ । बानेश्वरस्थित संसद् भवन झकिझकाउ पारिएको छ भने अतिथिहरूलाई निम्तो दिइसकिएको छ । 'सजावट र सरसफाइको काम सकिएको छ । सिट व्यवस्थापन, सभा सञ्चालनका लागि आवश्यक तयारी गरिएको छ,' संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले भने, 'प्रधानन्यायाधीश, उपराष्ट्रपति, संवैधानिक अंगका प्रमुख, कूटनीतिक नियोगका प्रमुख, मन्त्रालयका सचिवलगायतलाई आमन्त्रण पठाइसकिएको छ । सभा सहज सञ्चालनका लागि आवश्यक व्यवस्थापनका सबै पक्ष सकिएको छ ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुशासन, समृद्धि, सामाजिक न्याय, रोजगारी र अर्थतन्त्र सुधारलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम आउन लागेको बताएका छन् । चितवनमा सोमबार दिउँसो एक कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले नीति तथा कार्यक्रम र बजेटबीचमा सन्तुलन कायम गरी जनताका आकांक्षालाई सम्बोधन गरिने बताए । 'आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटबीच सन्तुलन कायम गरिनेछ,' उनले भने, 'कृषिलाई आधार र नवप्रवर्तनलाई केन्द्रित गरेर 'पपुलिस्ट' होइन 'पपुलर' बजेट बन्छ ।' सरकारले उत्पीडित, गरिब, विपन्न, विकट क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याउने तयारी गरिरहेको उल्लेख गर्दै उनले कृषिमा आधारित उद्योगको प्रवर्द्धनमा जोड दिइने बताए ।



● एकराम गिरी
प्रवक्ता, संसद् सचिवालय

सजावट र सरसफाइको काम सकिएको छ । सिट व्यवस्थापन, सभा सञ्चालनका लागि आवश्यक तयारी गरिएको छ । प्रधानन्यायाधीश, उपराष्ट्रपति, संवैधानिक अंगका प्रमुख, कूटनीतिक नियोगका प्रमुख, मन्त्रालयका सचिवलगायतलाई आमन्त्रण पठाइसकिएको छ । सभा सहज सञ्चालनका लागि आवश्यक व्यवस्थापनका सबै पक्ष सकिएको छ ।

बर्खामा...

पृष्ठ १ बाट क्रमशः

औसत पानी पर्ने आकलन गरिएका क्षेत्रमा पश्चिम नेपालमा दार्चुला, बैतडी र बझाङको पूरै क्षेत्र, बाजुरा र हुम्लाको पश्चिमी क्षेत्र, डोटीको उत्तरी भेग, डडेल्धुराको पश्चिम-उत्तर क्षेत्र रहेका छन् । त्यस्तै, मध्य र पूर्वी नेपालमा रामेछाप, सिन्धुली, ओखलढुंगा, खोटाङ, भोजपुर, धनकुटा र उदयपुरमा औसत वर्षाको सम्भावना छ । काभ्रेको पूर्वी, ताप्लेजुङ र तेह्रथुमको पश्चिमी, संखुवासभा, सोलुखुम्बु, दोलखा र रामेछापको दक्षिणी क्षेत्र, सर्लाहीको पूर्वी तथा महोत्तरी, धनुषा, सिराहा र सुनसरीको उत्तरी क्षेत्रमा पनि औसत वर्षाको सम्भावना देखिन्छ ।

'औसत र औसतभन्दा पनि धेरै पानी पर्नेबाहेक क्षेत्रमा औसतभन्दा केही धेरै वर्षा हुने देखिएको छ । वर्षा औसतभन्दा धेरै भए पनि अधिकतम र न्यूनतम दुवै तापक्रम औसतभन्दा बढी हुने देखिन्छ,' विभागका मौसमविद् सुदर्शन हुमागाईंले भने ।

नेपालले सम्भाव्यतामा आधारित आकलन गर्ने भएकाले कति प्रतिशत वर्षा हुन्छ भनेर भन्दैन । 'परिमाणात्मक आकलन गर्न हामीसँग प्रविधि र दक्षता पनि छैन,' हुमागाईंले भने, 'अध्ययन, अनुसन्धान र प्रविधिको खाँचो हुन्छ । ग्लोबल मोडलले दिने तथ्यांक सहजै पाउन सक्दैनौं । अन्य मुलुकसँग औपचारिक रूपमा मौसमसँग सम्बन्धित तथ्यांक आदान-प्रदान हुन सकेको छैन ।'

नेपाल मात्र होइन, यसपटक दक्षिण एसियाली मुलुकमै औसतभन्दा धेरै वर्षाको आकलन दक्षिण एसियाली मौसम आउटलुक फोरम (सास्कोफ) ले गरेको थियो । नेपालले सन् २०२० देखि विश्व मौसम संगठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रको हावापानी प्रारूपको आकलन, जल तथा मौसम विज्ञान विभागको मनसुनी वर्षा आकलन गर्ने प्रारूप र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चको आकलनका आधारमा मनसुनी प्रक्षेपण गर्ने गरेको छ ।

गत वर्ष मनसुन सिजनमा प्रशान्त महासागरमा एलनिनोको अवस्था विकसित हुँदा वर्षा कम भएको थियो । अघिल्लो बर्खामा आकलन गरेअनुसार नै औसतभन्दा कम वर्षा भएको थियो । एक हजार ४७२ मिलिमिटर (८५.५ प्रतिशत) वर्षा भएको थियो । नेपालमा वार्षिक वर्षाको ८०.५% अर्थात् एक हजार ३७४.१ मिलिमिटर वर्षा हुन्छ । सामान्यतः जेठ अन्तिम साता अर्थात् १३ जुनमा मनसुन भित्रिन्छ भने २ अक्टोबरसम्म रहन्छ । तर, कहिले मनसुन भित्रिन्छ र सुरुवाती अवस्था कस्तो हुन्छ भनेर पनि नेपालले प्रक्षेपण गर्न सकेको छैन ।

वर्षा धेरै हुने, तर गर्मी किन ?

यसपटक बर्खामा औसतभन्दा धेरै पानी पर्ने आकलन गरिए पनि गर्मी भने धेरै खेप्नुपर्नेछ । अधिकतम र न्यूनतम तापक्रम औसतभन्दा धेरै हुने आकलन छ । मौसमविद् सुदर्शन हुमागाईं भन्छन्, 'यसको अर्थ मनसुनको उत्तरार्धमा पानी धेरै पर्छ भन्ने हो । सुरुका दुई महिनामा अलि कम पानी पर्ने देखिन्छ ।'

हाल एन्सो तटस्थ अवस्थामा छ, अगस्ट पहिलो सातादेखि लालिनाको अवस्था विकसित हुने अन्तर्राष्ट्रिय प्रारूपहरूले देखाएको छ । भूमध्यरेखीय पूर्वी प्रशान्त महासागरको तापक्रम सरदरभन्दा कम हुनुलाई लालिना भनिन्छ । बर्खामा लालिनाको सक्रियता बढ्यो भने त्यसले नेपाल-भारतलगायत देशमा वर्षा बढी गराउँछ । लालिना ढिलो सक्रिय हुने कारण त छँदै छ ।

गर्मी वा सुक्खा हुन सक्ने अर्को कारण हो, मनसुनको प्याटन । पछिल्ला वर्षहरूमा बर्खामा एकनासको पानी पर्न छाडेको छ । जस्तो, गत वर्ष औसतभन्दा एक दिन ढिलो ३१ जेठमा पूर्वी नेपालबाट मनसुन भित्रिएको थियो, लगत्तै पूर्वी नेपालमा बाढीपहिरोको वितण्डा मच्चियो । तर, पश्चिम नेपालमा भने आगलागीका घटना थिए । मनसुन देशभर फैलन नै २२ दिन लागेको थियो । बीचबीचमा मनसुन निष्क्रिय बन्दा तराई-मधेशमा बर्खामै खडेरीको अवस्था थियो ।

'यसपटक पनि विषम मौसमी घटनाको सम्भावना छ । छोटो समयमा धेरै पानी पर्ने र धेरै दिनसम्म सुक्खा हुने प्रवृत्ति देखिन सक्छ,' मौसमविद् हुमागाईंले भने । त्यही भएर मौसम विज्ञान विभागले ब्याड धान रोपाइँका लागि समग्र मनसुन सिजनको प्रक्षेपण नभई छोटो अवधिका (तीन दिन, कृषि मौसम बुलेटिन)लाई हेर्न आग्रह गरेको छ ।

विज्ञान विभागका वरिष्ठ मौसमविद् विभूति पोखरेलले नेपाललगायतका देश जलवायु परिवर्तनको चरम मारमा रहेको बताइन् । वायुमण्डलमा तीव्र परिवर्तन, नेपालमा उच्च पहाडी र हिमाली क्षेत्रमा वर्षा मापन केन्द्र निकै कम हुनुले पनि मौसमी प्रणाली यकिन गर्न कठिनाइ हुने गरेको उनको भनाइ छ । 'गत वर्ष समग्रमा औसत हाराहारी पानी परेको थियो । तर, रोपाइँ गर्ने वेला पानी परेन । असाधारण भइरहेको छ,' हामीले सिजनभरको प्रक्षेपण गर्ने गर्छौं । हामीले भनेकै हुन्छ भन्ने हुँदैन ।'

वर्षा बढी हुँदा यो वर्ष पनि बाढीपहिरोका घटना बढ्न सक्ने आकलन पनि गरिएको छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले बर्खामा सबैभन्दा बढी क्षति बाढीपहिरोबाट हुने गरेको र यसपालि औसतभन्दा धेरै वर्षा हुँदा जोखिम अझ बढेको बताए । 'हामी मनसुनको पूर्वतयारी कार्ययोजना बनाउने चरणमा छौं,' उनले भने, 'तर, वर्षाको सिजनल प्रक्षेपण गरेर मात्र क्षति घटाउन सकिँदैन । कहाँ, कस्तो खालको पानी पर्छ भनेर प्रभावमा आधारित प्रक्षेपणको आवश्यकता छ ।'

उपेन्द्र बाहिरिए...

पृष्ठ १ बाट क्रमशः

नै पद तथा गोपनीयताको शपथ खुवाएका छन् । हसिना खान राज्यमन्त्री बनेकी छिन् । उनलाई राष्ट्रपतिको उपस्थितिमा प्रधानमन्त्री प्रचण्डले पद तथा गोपनीयताको शपथ खुवाएका छन् ।

जसपा नेपालका अध्यक्ष यादवले मन्त्री पदबाट राजीनामा दिएलगत्तै सभामुखलाई पत्र लेखेर सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी गराएका छन् । सत्तारूढ दल एमाले र माओवादीले जसपा नेपाललाई सरकारबाट फिर्ता हुन दबाब दिएका थिए । मधेश प्रदेशका मुख्यमन्त्रीलाई दिएको समर्थन एमाले र माओवादीले फिर्ता लिएर दबाब बढाएका थिए । यादवले कांग्रेससँग मिलेर नयाँ सरकार बनाउने तयारी गरेपछि स्थिरताका लागि नयाँ पार्टी बनाउनुपरेको दाबी राई पक्षको छ । यादव अमेरिका भ्रमणमा रहेको वेला राई पक्षले नयाँ पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएको थियो । यादव फर्किनुअघि नै आयोगले दल दर्ता गरेर प्रमाणपत्र दिइसकेको थियो ।

यादव स्वदेश फर्किएलगत्तै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर पार्टी विभाजनबारे छलफल गरेका थिए । प्रचण्डले विभाजन दुखद रहेको भन्दै मिलेर जान भनेका थिए । त्यसपछि यादवले कार्यकारिणी समितिका उपलब्ध सदस्यको बैठक गरेर सरकारलाई दिएको समर्थन यथावत राख्ने निर्णय गरे ।

तर, एमाले र माओवादीले बर्खास्तीसम्मको तयारी गरेपछि यादवले केन्द्रीय समिति बैठक राखेर सरकारबाट बाहिरिने निर्णय गरे । यादवले केही स्वार्थीलाई उपयोग गरेर सत्तारूढ दल एमाले र माओवादीले पार्टी विभाजन गरेको आरोप लगाएका छन् । अब प्रतिपक्षमा बसेर रचनात्मक भूमिका निर्वाह गर्ने यादवले बताए ।

स्रोतका अनुसार निर्वाचन आयोगले दल रोज्न दिएको समयसम्म यादव सरकारमै रहन चाहन्थे । तर, एमाले र माओवादीले दबाब बढाएपछि राजीनामा दिएर यादव पार्टी विभाजन गैरकानुनी भन्दै सर्वोच्च अदालतमा रिट दर्ता गर्न पुगे । फुटेर गएकालाई कानुनविपरीत दर्ता गरी पार्टीको मान्यता दिएको भन्दै निर्वाचन आयोग र नयाँ पार्टी दर्ताका लागि निवेदन दिने सांसदहरूलाई रिटमा विपक्षी बनाइएको छ । रिटको पेसी २ जेठका लागि तोकिएको छ ।

ईन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०२/०१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, ईन्द्रावती गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८० को दफा ९(१) र सो सँग सम्बन्धित अनुसूची -५, बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिमा भएको व्यवस्था र यस गाउँ कार्यपालिका बैठकको मिति २०८१/०१/२५ गतेको निर्णयानुसार देहायको शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०८१/०८२ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E-bidding मार्फत यस कार्यलयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

आन्तरिक आय ठेक्का विवरण

आय ठेक्का नं.	ठेक्काको विवरण	आ.व. ०८१/०८२ को लागि निर्धारण गरिएको संकलन तथा बिक्री परिमाण (घनफिटमा)	आ.व. २०८१/०८२ को लागि निर्धारण गरिएको ढुंगा, गिट्टी, बालुवा, स्लेट, रोडा घाटगद्दी एवं बिक्री दर (संकलन रु. ३ र बिक्री रु. ६) (प्रति घन फिट) रु.	कूल न्यूनतम अङ्क रु. (मू.अ.कर बाहेक)	बोलपत्र दस्तुर रु.	धरौटी
IRMSI/R/ 081/082-01	ईन्द्रावती नदी तर्फ ईन्द्रावती गाउँपालिका क्षेत्रको कोइरालटार, आँपटार, भीमटार, न्यौपानेटार, धुसेनी, होस्टेदोभान, बिसदेउटार, बदेली सिस्नेखोला दोभान, माझीटार, ढोटार, ओडारे बगरहरुको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा स्वीकृत परिमाणको ढुंगा, गिट्टी, बालुवा, स्लेट, रोडा घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) ।	१,५०,३३,८०९।९५	९/-	रु. १३,५३,०४,२८९।६	रु. १०,०००।००	कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत

ठेक्का सम्बन्धी शर्तहरु :-

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्ध हुनेछ । उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।
२. ठेक्का अवधी २०८१ श्रावण १ गते देखि २०८२ साल आषाढ मसान्त सम्म रहनेछ । ठेक्का उल्लेखित परिमाणगत आधारमा हुनेछ । ठेक्का अवधीमा आषाढ, श्रावण, र भाद्र महिनामा नदीबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाइने छैन । ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न तथा एंव छुट माग गर्न पाईने छैन । साथै, IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा वढी तथा निषेध गरेको अवधि एवं स्वीकृत IEE प्रतिवेदनमा उल्लेख भएको नदी क्षेत्रबाट बाहेक अन्य स्थानबाट सामाग्री उत्खनन् गर्न पाइने छैन ।
३. ठेक्काको कबोल अंङ्कमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) थप गरी ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ ।
४. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ईन्द्रावती शाखा, नवलपुर स्थित धरौटी खाता नं. १७३०१४०००००५५** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ईन्द्रावती शाखा नवलपुरमा रहेको आन्तरिक राजश्व खाता, खाता नं. १७३०१४०००००११६** मा दाखिला गर्नुपर्नेछ ।
६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै, रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन ।
८. ठेक्कामा कुनै विवाद भएमा ईन्द्रावती गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्रको दस्तुर तिरी ३१ औं दिन दिनको १२:०० बजे भित्र अर्थात २०८१/०२/३१ गते सम्म पेश गर्न पर्नेछ । ठेक्काको बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी बोलपत्र फारमको कबोल गरेको रकम भर्ने स्थानमा कबोल रकम भरी स्क्यान गरी E- Bidding मार्फत अपलोड गर्नुपर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० वजे ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।
१०. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।
११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।
१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।
१३. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. बोलपत्र स्वीकृत भए पश्चात नियमानुसार पहिलो किस्तामा बुझाउनु पर्ने २५% रकम बाहेक बाँकी रकमको कार्य सम्पादन जमानत ठेक्का अवधी सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले जारी गरेको २०८२ श्रावण मसान्तसम्म म्याद रहेको कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ ।
२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

किस्ता	किस्ता बुझाउँनुपर्ने मिति	रकम रु.
पहिलो	ठेक्का सम्झौता बखत	कबोल अंङ्कको २५ प्रतिशतले हुन आउँने रकम ।
दोश्रो	२०८१ साल पौष मसान्त भित्र	कबोल अंङ्कको ४० प्रतिशतले हुन आउँने रकम ।
तेश्रो	२०८२ जेठ मसान्त सम्म	कबोल अंङ्कको बाँकी ३५ प्रतिशत रकम ।

३. ठेक्का कबोल गर्ने ठेकेदारले ईन्द्रावती गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा बिक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित रसिदको विवरण तयार गरी निकासी परिमाण खुल्नेगरी मासिक रुपमा गा.पा.मा विवरण पेश गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।
४. ठेकेदारले उठाउने कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । साथै, दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।
५. बोलपत्र स्वीकृत भएपश्चात, तोकिएको समयभित्र आवश्यक कार्यसम्पादन जमानत तथा पहिलो किस्ता वापतको रकम जम्मा गर्न नसकी सम्झौता गर्न नआएमा निजको धरौटी वापतकको रकम असूल गरी, निज फर्मलाई कालोसूचीमा राख्ने लगायतका नियमानुसारको कारवाही गरिनेछ ।
६. ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।
७. जमानत वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।
९. प्राकृतिक र दैवी वा अन्य कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।
१०. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
११. ईन्द्रावती गाउँपालिका भित्रका नदी, नालावाट ढुंगा, गिट्टी, वालुवा, निकाली बिक्री गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पूलको तल १५०० र माथि १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ । ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन गर्न पाईनेछ ।
१२. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।
१३. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र आ.व ०७९/०८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।
१४. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय, नवलपुर, सिन्धुपाल्चोकबाट खरिद वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ ।
१५. ढुंगा, गिट्टी, बालुवा, रोडा आदिको संकलन, उत्खनन तथा बिक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।
१६. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।
१७. बागमती प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
१८. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

मंगलबार १ जेठ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

एएफसीले भन्यो- अन्तर्राष्ट्रिय फुटबल खेलाउन दशरथ रंगशाला अयोग्य

एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ एएफसीको केन्द्रीय सदस्य छन् । तर, दशरथ रंगशालालाई फिफाको मापदण्डअनुसार मेन्टेन गर्न एन्फा चुक्यो । जसकारण, युएईविरुद्ध २४ जेठमा हुने खेल आयोजना गर्ने अवसर नेपालले गुमाएको छ ।

रमेश सुवेदी / नयाँ पत्रिका

दशरथ रंगशालाको मापदण्ड नपुगेपछि युएईविरुद्ध २४ जेठका लागि तय भएको फिफा विश्वकप २०२६ छनोटअन्तर्गतको 'होम म्याच' नेपालमा नहुने भएको छ । यसका लागि न्युट्रल भेन्यु खोज्न एसियाली फुटबल महासंघ (एएफसी)ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई पत्राचार गरेको छ ।

'एएफसीका प्रतिनिधिले २० र २१ वैशाखमा दशरथ रंगशालाको निरीक्षण गरेर गएका थिए । उनीहरूको प्रतिवेदन पछि दशरथ रंगशाला प्रतियोगिता गराउन योग्य नभएको पत्र एएफसीले एन्फालाई पठाएको छ ।,' एन्फा महासचिव किरण राईले नयाँ पत्रिकासँग भने । एएफसीका प्रतिधिनिले मैदानको दुबो स्तरीय नभएको, माटो सतह नमिलेको, फ्लड लाइट र सुरक्षाको ग्यारेन्टी नभएको बताएका थिए । एएफसीले शनिबार (मे ११) सम्म यी कमजोरी सुधारेर प्रतियोगिता गर्न सक्ने आधार देखाउन एन्फालाई समयसीमा तोकेको थियो । रेखदेखको जिम्मेवारी पाएको राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले शुक्रबार नै सबै मापदण्ड पूरा भएको र अन्तर्राष्ट्रिय मान्यता दिन एन्फामार्फत एएफसीसँग अनुरोध गरेको थियो । तर, एएफसीले शनिबार नै एन्फालाई पत्र पठाउँदै खेल दशरथ रंगशालामा नहुने र न्युट्रल भेन्यु खोज्न पत्राचार गरेको हो ।

विश्वकप छनोटको दोस्रो चरणमा नेपालसहित युएई, यमन, बहराइन र नेपाल समूह 'एच'मा छन् । नेपालले खेलेको चारमध्ये एक खेल मात्रै दशरथ रंगशालामा खेलेको छ । एक होम म्याच बहराइनमा खेलिँदा दुई खेल युएई र बहराइनमा नै भएका हुन् ।

पाँच महिनामै बिग्रियो मैदान

पाँच महिनाअघि दशरथ रंगशालामै विश्वकप छनोटअन्तर्गत यमनविरुद्धको खेल आयोजना भएको थियो । तर, ८ चैतमा दशरथ रंगशालामा हुनुपर्ने बहराइनविरुद्धको 'होम म्याच' नेपालले आयोजना गर्न सकेन । नेपालको मैदान स्तरीय नभएका कारण उक्त खेल बहराइनमै पुग्यो । एन्फा महासचिव राईले नेपालले साउदी अरेबियालाई न्युट्रल भेन्युका रूपमा प्रयोग गर्न प्रस्ताव गर्ने बताए । 'हामी अब साउदीसँग कुरा गर्छौं,' उनले भने ।



फाइल तस्बिर

एएफसीले औंल्याएका चार कमजोरी

- दुबो स्तरीय नभएको
- माटोको सतह नमिलेको
- फ्लड लाइट गुणस्तर नपुगेको
- सुरक्षाको ग्यारेन्टी नभएको

एन्फा र राखेपबीच द्वन्द्व

पछिल्ला दिनमा राखेपले खेलकुद विकास ऐन २०७७ दफा २८ (झ) व्यवस्थाअनुसार प्रतियोगितामा भाग लिन जाने खेलाडी, अफिसियल र पदाधिकारीको भ्रमण स्वीकृति लिन ताकेता गरेको थियो । जथाभावी पदाधिकारी भ्रमण रोक लगाएपछि एन्फा र राखेपबीच सुमधुर सम्बन्ध छैन । राखेपले मलेसिया र बहराइनमा असम्बन्धित व्यक्ति पुगेको भन्दै स्पष्टीकरण मागेको थियो । त्यसैगरी, इंग्ल्यान्ड जानबाट अध्यक्ष नेम्वाङ, उपाध्यक्ष दीपक खतिवडासहित २० जनालाई रोक लगाएको थियो ।

पूर्वअध्यक्षको आरोप, एन्फा नै नेपालमा खेल गराउने योजनामा थिएन

एन्फा पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पाले वर्तमान नेतृत्वकै कारण अन्तर्राष्ट्रिय खेल आयोजनाको अवसर गुमेको बताए । 'अन्तर्राष्ट्रिय मान्यता गुमाउने अवस्था वर्तमान एन्फाले नै सिर्जना गरेको हो । प्रतियोगिता आयोजनाको मिति पहिले नै टुंगो लागेको थियो । सोहीअनुसार राखेपसँग सहकार्य गरेर मैदानको मापदण्ड पूरा गर्न तयार हुनुपर्ने थियो । तर, एन्फाले यसमा ध्यान नै दिएन,' शेर्पाले भने,'एन्फा अध्यक्ष एएफसीको सदस्य हुनुहुन्छ । उहाँले चाहे युएईको खेल नेपालमै हुने थियो । तर, उहाँ सरकार र राखेपलाई दुःख दिने र खेल दशरथ रंगशालामा नगर्ने योजनामा हुनुहुन्थ्यो ।' विदेशमा खेल आयोजना गराउँदा पदाधिकारीलाई घुमाउन पाइने भएकाले एन्फाले नेपालमा खेल गर्न नचाहेको आरोप पनि उनले लगाए ।

खेल नहुने भएको छ



किरण राई
महासचिव, एन्फा

एएफसीका प्रतिनिधिले २० र २१ वैशाखमा दशरथ रंगशालाको निरीक्षण गरेर गएका थिए । उनीहरूको प्रतिवेदन पछि दशरथ रंगशाला प्रतियोगिता गराउन योग्य नभएको पत्र एन्फालाई पठाएको छ ।

खेल नहुने कुरा जानकारीमा छैन



टंकलाल घिसिङ
सदस्यसचिव, राखेप

युएईविरुद्धको खेल नहुने भनेर एन्फाले हामीलाई आधिकारिक जानकारी गराएको छैन । हामीले सबै मापदण्ड पुऱ्याएर शुक्रबार नै एन्फालाई पत्र हस्तान्तरण गरेका थियौं । त्यसपछि एन्फाबाट केही जानकारी आएको छैन ।

अध्यक्षले सूचना लुकाए



वीरबहादुर खड्का
वरिष्ठ उपाध्यक्ष, एन्फा

एएफसीका प्रतिनिधि कहिले आए ? कहिले निरीक्षण गरे, कहिले खेल नहुने पत्र आयो ? मसहित धेरै कार्यसमिति सदस्यलाई जानकारी नै छैन । जे-जे भएका छन, सबै हल्ला सामाजिक सञ्जालमा छताछुल्ल भएपछि मात्रै थाहा हुन्छ । अध्यक्षज्यूले गर्नुभएको के हो थाहा भएन ।

दशरथ रंगशालामा भएका पछिल्ला पाँच खेल

मिति	प्रतिद्वन्द्वी	नतिजा	प्रतियोगिता
५ मंसिर ०८०	यमन	०-२	विश्वकप २०२६ छनोट (दोस्रो चरण)
२५ असोज ०८०	लाओस	१-१	विश्वकप २०२६ छनोट (पहिलो चरण)
१७ चैत ०७९	लाओस	२-१	त्रिदेशीय कप फाइनल
१४ चैत ०७९	भुटान	१-१	त्रिदेशीय कप
८ चैत ०७९	लाओस	२-०	त्रिदेशीय कप

अवे मैदानमा नेपालका पाँच खेल

मिति	प्रतिद्वन्द्वी	नतिजा	प्रतियोगिता
१३ चैत ०८०	बहराइन	०-३	विश्वकप २०२६ छनोट (दोस्रो चरण)
८ चैत ०८०	बहराइन	०-५	विश्वकप २०२६ छनोट (दोस्रो चरण)
२ चैत ०७९	मलेसिया	१-५	मैत्रीपूर्ण (अन्तर्राष्ट्रिय मान्यता नपाएको)
३० कात्तिक ०८०	युएई	०-४	विश्वकप २०२६ छनोट (दोस्रो चरण)
३० असोज ०८०	लाओस	१-०	विश्वकप २०२६ छनोट (पहिलो चरण)

खेल संक्षेप

सञ्जय र सवितालाई उपचार सहयोग

काठमाडौं / भारोत्तोलनका पूर्वखेलाडी सञ्जयकुमार महर्जन र सुटिङ खेलाडी सविता बस्नेतलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)अन्तर्गतको राष्ट्रिय खेलाडी कल्याणकारी कोषले स्वास्थ्य उपचारका लागि सोमबार आर्थिक सहयोग गरेको छ । सञ्जयलाई पाँच लाख तथा सवितालाई एक लाख ५० हजार उपलब्ध गराइएको हो । कोषका अध्यक्षसमेत रहेका राखेपका सदस्यसचिव टंकलाल घिसिङले दुवैलाई चेक हस्तान्तरण गरेका थिए । सञ्जयको मिर्गौला प्रत्यारोपण गर्नुपर्ने भएको छ । प्रशिक्षणका दौरान चोट बोकेका महर्जनले दुखाइ कम गर्न ३ वर्ष 'पेन किलर' औषधि सेवन गरेका थिए । त्यही ओषधि सेवनका कारण महर्जनको मृगौलामा समस्या उत्पन्न भएको थियो । सविता 'ब्रेस्ट क्यान्सर' बाट पीडित छिन् । सविताको 'रेडियोथेरापी' सकिएको कोषका सदस्यसचिव एवं नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले जनाएका छन् ।

सेब र एन्जल्स हार्ट फाइनलमा

काठमाडौं / सेब र एन्जल्स हार्ट सातौं बिएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजतर्फ फाइनलमा प्रवेश गरेका छन् । सोमबार सेबले लालीगुराँस नेसनल एकेडेमीलाई २०-१७ ले पराजित गऱ्यो । सेबको जितमा जीवन कार्कीले ९ अंक योगदान गरेका थिए । ओजस पुनको ६ अंक सहयोगमा एन्जल्स हार्टले आयोजक वसुन्धरा नेसनल एकेडेमी (बिएनए) २७-२२ ले हरायो । महिलातर्फ श्री बाई श्रीमा भ्याली पब्लिक र फेरिल्यान्ड उपाधिका लागि भिड्ने भएका छन् । भ्याली पब्लिकले स्काइलार्कलाई १९-१२ ले पाखा लगायो । फेरिल्यान्डले नेपाल मोडेलमाथि १४-१३ को कठिन जित दर्ता गऱ्यो । पुरुषतर्फ श्री बाई श्रीमा टिआइए र गोल्डेन पिकले उपाधि भिडन्त पक्का गरे । टिआइएले भ्याली पब्लिकलाई १५-१४ को साँघुरो अन्तरले निराश पाऱ्यो । गोल्डेनपिकले पनि कठिन जित निकाल्ने क्रममा एचएचसिएविरुद्ध २०-१९ ले विजयी भयो । फाइनल मंगलबार हुनेछ ।

अस्ट्रेलियामा निमालाई स्वर्ण

काठमाडौं / निमा गुरुङले एनएसडब्लु खुला तेक्वान्दो प्रतियोगितामा स्वर्ण जितेकी छिन् । अस्ट्रेलियन तेक्वान्दो एनएसडब्लुको आयोजनामा भएको प्रतियोगिताको महिला ७३ केजीमुनि निमाले भारतकी आइशा चहल र अस्ट्रेलियाकी सिना मनलाई पराजित गरी स्वर्ण जितेकी हुन् । १२ र १३औं दक्षिण एसियाली खेलकुद (साग)की रजत विजेता निमाले २०१६ मा फिलिपिन्सको मनिलामा भएको एसियाली ओलम्पिक छनोटमा कांस्य जितेकी थिइन् । प्रतियोगितामा भुपेन श्रेष्ठ पुरुष ८७ केजीमुनि रजत जित्न सफल भए ।

तेक्वान्दोमा गण्डकी च्याम्पियन

काठमाडौं / गण्डकी प्रदेश २३औं राष्ट्रिय आइटिएफ तेक्वान्दो प्रतियोगितामा टिम च्याम्पियन बनेको छ । गण्डकी नौ स्वर्ण, पाँच रजत र पाँच कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो । नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघ (एनआइटिएफ)को आयोजना तथा रोल्पा जिल्ला तेक्वान्दो संघको सहआयोजनामा भएको प्रतियोगितामा ८ स्वर्ण, ४ रजत र ३ कांस्यसाथ विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब दोस्रो भयो । तेस्रो स्थानको लुम्बिनी प्रदेशले ४ स्वर्ण, ४ रजत र १० कांस्य हात पारेका छन् ।

एपिएफ र सुदूरपश्चिम लगातार सफल



नयाँ पत्रिका

साबिक विजेता विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब र सुदूरपश्चिम प्रदेशले ललितपुर मेयर कप महिला टी- २० क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित निकालेका छन् । सोमबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा करुणा भण्डारीले उत्कृष्ट प्रदर्शन गर्दै चार विकेट लिएपछि एपिएफले बागमती प्रदेशलाई ८ विकेटले हरायो । बागमती भने लगातार दोस्रो खेलमा हार व्यहोर्न पुग्यो । करुणा चम्किएपछि पहिले ब्याटिङ गरेको बागमतीले ६ विकेट गुमाउँदै ७४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । प्रत्युत्तरमा एपिएफले ११ ओभरमा मात्र दुई विकेट गुमाएर जित निकालेको हो ।

प्रतियोगितामा लगातार दुई जित निकाल्दै एपिएफ र सुदूरपश्चिमले बलियो दाबेदारी प्रस्तुत गरेका छन्

जितसँगै एपिएफले दुई खेलमा चार अंक जोडेको छ । दुवै खेलमा पराजित बागमती अंकविहीन छ । पहिलो खेलमा एपिएफले कोशी प्रदेशलाई २४ रनले पराजित गरेको हो । बागमती आयोजक ललितपुर मेयर ११ सँग सात विकेटले पराजित भएको थियो । एपिएफका लागि ममता चौधरीले अविजित ३५ रन बनाइन् । इन्दु बर्माले १७, कप्तान सीता रानामगरले ११ र राजमती ऐरीले अविजित १० रन जोडे । बागमतीकी खुसी डंगोलले एक विकेट लिइन् ।

टस हारेर ब्याटिङ गरेको बागमतीका लागि हेनिशा गुरुङले सर्वाधिक ३१ र खुसीले अविजित १४ रन बनाइन् । अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । एपिएफकी करुणाले चार ओभरमा १० रन खर्चिदै चार विकेट लिइन् । कप्तान सीताको नाममा दुई विकेट रह्यो । ६ टोली सहभागी प्रतियोगिताको शीर्ष दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

सम्झनाको अर्धशतक

सम्झना खड्काको अर्धशतक प्रेरित सुदूरपश्चिमले लगातार दोस्रो जित निकाल्ने क्रममा कोशी प्रदेशलाई १९ रनले हराएको छ । पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय १३ रनको लक्ष्य प्रस्तुत गरेको थियो ।

प्रत्युत्तरमा कोशीले ७ विकेट गुमाउँदा मात्र ९३ रन बनाएको हो । जितसँगै सुदूरपश्चिमले दुई खेलमा चार अंक जोडेको छ । दुवै खेलमा पराजित कोशी अंकविहीन छ । पहिलो खेलमा सुदूरपश्चिमले ललितपुर मेयर- ११ लाई १६ रनले पराजित गर्दा कोशी एपिएफसँग २४ रनको हार पराजित भएको हो ।

कोशीकी काजल श्रेष्ठले ३३ र कप्तान अप्सरी बेगमले २३ रन बनाइन् । अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । सुदूरपश्चिमका लागि सम्झनाले ५१ बलमा चार चौकासहित सर्वाधिक ५४ रन बनाइन् । ऋतु कनोजियाले २३ र विन्दु रावलले १४ रन बनाएका हुन् । कोशीका लागि शवनम राई, हिरनमायी रोय र संगीता राईले समान दुई विकेट लिए ।

पहिलो दिन चारै खेलाडीको जित

पेरिस ओलम्पिक २०२४ अन्तर्गत टेबलटेनिसको दक्षिण एसियाली छनोटमा पहिलो दिन नेपालका खेलाडीले कुल सात खेल खेल्दा ६ जित निकालेका छन् ।



काठमाडौं / पेरिस ओलम्पिक २०२४ अन्तर्गत टेबलटेनिसको दक्षिण एसियाली छनोटमा पहिलो दिन नेपालका चारै खेलाडीले जित निकालेका छन् । सोमबारबाट सुरु भएको प्रतियोगितामा नेपालका खेलाडीले कुल सात खेल खेल्दा ६ जित निकालेका छन् । पुरुषतर्फ स्यान्टु श्रेष्ठ र महिलातर्फ नविता श्रेष्ठले समान दुई खेल जितेका हुन् । एक मात्र खेल खेलेकी इभाना थापाले सानदार प्रदर्शन गरिन् । यता, उपाधि दाबेदार मानिएका संयोग कपालीले भने एक खेल जित्दा अर्को खेलमा पराजित भए ।

महिलातर्फ नविताले पहिलो खेलमा पाकिस्तानकी खेलाडीलाई ४-१ ले हराइन् । दोस्रो खेलमा बंगलादेशका सोम्यालाई ४-३ ले हराएकी हुन् । इभानाले पहिलो खेलमा जित निकाल्ने क्रममा श्रीलंकाकी मधुरांगीलाई ४-१ को सेटमा हराइन् । पुरुष एकलको समूह चरणको पहिलो खेलमा स्यान्टुले माल्दिभ्सका अहमद अख्यारलाई ४-१ ले पराजित गरेका हुन् । दोस्रो खेलमा बंगलादेका रामहिमलियन बाबमलाई ४-२ ले पराजित गरे । पुरुषतर्फको अर्को प्रतिस्पर्धामा संयोग माल्दिभ्सका अहमद मुसासँग ४-३ ले पराजित भए । दोस्रो खेलमा बंगलादेशका रिडोलाई ४-१ ले पराजित गर्दै सेमिफाइनल सम्भावना कायम राखेका हुन् । लिग चरणका बाँकी खेल मंगलबार हुनेछन् । नेपाली चारै खेलाडीको सेमिफाइनल सम्भावना बलियो रहेको छ ।

देव चम्किँदा वाइआरसिसी विजयी

नयाँ पत्रिका

कप्तान देव खनाल चम्किएपछि वाइआरसिसी मिल्स कप टी-२० क्रिकेट प्रतियोगितामाको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । अर्को खेलमा विजयी हुँदै होराइजन क्रिकेट क्लबले पनि अन्तिम आठमा स्थान बनाएको छ । सोमबार जुटमिल खेल मैदानमा भएको पहिलो खेलमा वाइआरसिसिले वीरगन्ज युथ स्पोर्टस् एकाडेमीलाई ५४ रनले हरायो । होराइजनले भारत बिहारको पूर्णिया क्रिकेट क्बललाई ९ विकेटले हराउन सफल भएको हो ।

वाइआरसिसीको जितमा कप्तान देव खनालले शतक बनाए । टस जितेर ब्याटिङ रोजेको विराटनगरले निर्धारित १७ ओभरमा ६ विकेट गुमाउँदै दुई सय ४२ रन बनायो । देवले २९ बलमा १२ छक्का र ६ चौका प्रहार गर्दै १०२ रन बनाएका हुन् । नारायण जोशीले ३३ रन, इमरन नजिर र अभिषेक पलले समान २५ रन जोडेका हुन् ।

प्रत्युत्तरमा वीरगन्जले निर्धारित १७ ओभरमा ५ विकेट गुमाउँदै एक सय ६८ रन मात्रै बनाउन सक्यो ।



वीरगन्जका असप हुसेनले ३० बलमा ५ छक्का र ५ चौका हिर्काउँदै ५१ रन बनाए । हिसुप मन्सारीले १२ बलमा अविजित २३ रन बनाएका हुन् ।

दोस्रो खेलमा भारत बिहारको पूर्णिया क्रिकेट क्लबलाई ९ विकेटले हराउँदै विराटनगरको होराइजन क्रिकेट क्लब क्वार्टरफाइनलमा पुगेको छ । पूर्णियाले दिएको १३० रनको लक्ष्य होराइजनले १०.४ ओभरमा १ विकेट गुमाएर पूरा गरेको हो । होराइजनको जितमा अलराउन्डर खेलाडी सन्तोष कार्कीले अर्धशतक पूरा गरे ।

एम्बाप्पेको बिदाइ खेलमा पिएसजीको हार



एजेन्सी / फ्रान्सका स्टार खेलाडी केलियन एम्बाप्पेले बिदाई खेलमा पेरिस सेन्ट जर्मेन (पिएसजी) पराजित भएको छ । कप्तान एम्बाप्पेले गोल गरे पनि पिएसजी घरेलु मैदानमै टोउलोउसेविरुद्ध ३-१ ले पराजित भयो । यसअघि नै च्याम्पियन भएको पिएसजीले पार्क प्रिन्सेस मैदानमा ट्रफी उचालेर खुसियाली मनाएको हो ।

पिएसजीले ३२ खेलबाट ७० अंक जोडेर शीर्ष स्थानमा ६ अंकको अग्रता बनाएको हो । दोस्रो स्थानमा रहेको मोनाकोले ३३ खेलबाट ६४ अंक जोडेको छ । आइतबार बिहान एम्बाप्पेले खेलको आठौं मिनेटमा टोलीलाई अग्रता दिलाएका थिए । तर, त्यसपछि तीन गोल व्यहोर्न पुग्यो ।

यसअघि नै एम्बाप्पेले सिजनको अन्त्यसँगै क्लब छाड्ने घोषणा गरेका थिए । २५ वर्षीय खेलाडी स्पेनिस महारथी रियाल मड्रिड पुग्ने चर्चा छ । अन्तर्राष्ट्रिय मिडियाका अनुसार उनी पाँच वर्षको सम्झौता नजिक पुगेका छन् ।

पिएसजीले पछिल्लो ११ वर्षमा १० पटक फ्रेन्च लिगको उपाधि जितिसकेको छ । यससिजन भने क्लबको ट्याट्री उपाधि रह्यो । स्पेनिस प्रशिक्षक लुइस इन्रिक्वेको प्रशिक्षणमा पिएसजी यसपटक पनि च्याम्पियन्स लिगको फाइनलमा स्थान बनाउन सकेन । अघिल्लो साता बोरुसिया डर्टमन्डसँग पराजित भएपछि सेमिफाइनलबाट बाहिरिएको थियो । पिएसजीले बाँकी दुई खेलमा निस र मेट्जको सामना गर्नेछ । त्यसपछि फ्रेन्च कपमा लिओनसँग प्रतिस्पर्धा गर्ने तालिका छ ।

२०१७ मा मोनाकोबाट पिएसजी

सन् २०१७ मा मोनाकोबाट १६५.७ मिलियन पाउन्डमा एम्बाप्पे पिएसजी अनुबन्ध भएका थिए । एम्बाप्पेले पिएसजीबाट कीर्तिमानी २५६ गोल गरेका छन् । विश्वकप विजेता खेलाडीले क्लबमा रहँदा तीन सय सात खेल खेलेका छन् । सबैखाले प्रतियोगितामा ४७ खेल खेल्दै ४४ गोल गरेका थिए भने १० असिष्ट एम्बाप्पेको नाममा रहेको छ ।

प्रिन्सलाई राम्रो तयारी गर्न घिसिङको सुझाव



काठमाडौं / पेरिस ओलम्पिकमा ऐतिहासिक रूपमा छनोट भएका ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाललाई भेट गर्दै राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले राम्रो तयारी गर्न सुझाव दिएका छन् । उनले बाँकी समयको भरपुर उपयोग गर्न अनुरोध गरेका हुन् । राखेप मुख्यालयमा भएको भेटमा सदस्यसचिव घिसिङले भने, 'पेरिस ओलम्पिकका लागि छनोट हुनु भएकोमा हार्दिक बधाई । आफू भन्दा वरीयतामा माथि र बलिया खेलाडीसंग खेल्ने वातावरण बनाउन संघको ध्यानकर्षण गराउन चाहन्छु । अझ ओलम्पिककै लागि छनोट भएका अन्य राष्ट्रका खेलाडीसंग प्रतिस्पर्धा गर्ने अवसर मिले झन् राम्रो । तयारीका लागि परिषद्ले गर्ने सहयोगमा कुनै कमी हुनेछैन ।' उनले प्रशिक्षणका लागि विदेशमा पठाउने वा के गर्दा उपयुक्त हुन्छ त्यसको समन्वय गर्न संघलाई निर्देशन दिएका छन् । प्रिन्स ओलम्पिकको ब्याडमिन्टनमा प्रतिस्पर्धा गर्ने पहिलो नेपाली खेलाडी हुनेछन् । प्रिन्स हाल विश्व वरीयतामा एक सय ७९औं स्थानमा छन् । जुनियर विश्व वरीयतामा प्रिन्स २०२३ देखि २०२४ को अवधिमा ६ महिना शीर्ष स्थानमा थिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com